हाम्रो गौरव, राष्ट्रको पत्रिका

वि.सं. १९५८ देखि
निरन्तर प्रकाशित,
बहुभाषी राष्ट्रिय दैनिक

गोरखापत्र

gorkhapatraonline.com

सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः । सर्वे भद्राणि पश्यन्तु मा कश्चिद दुःखभाग्जनः ।



राष्ट्रिय संस्करण | विचार | कृषि अनुदानको व्यवस्थापन | स्टार्टअप कर्जाको छनोट प्रक्रिया सुरु १६

वर्ष १२४ | अङ्क २२८ | २०८१ साल पुस १२ गते शुक्रबार | पौष कृष्ण द्वादशी | नेपाल संवत् ११४५ थिंलागा १२ | 2024 December 27 Friday | पृष्ठ : १२+४+२ | मूल्य : दस रुपियाँ

जलवायु परिवर्तनको असर

'न्यूनीकरण गर्न एकजुट होऔं'



तस्बिर : कविन अधिकारी

प्रधानमन्त्री केपी शर्मा ओली (बिचमा) २९ औं विश्व जलवायु सम्मेलन र अन्तर्राष्ट्रिय न्यायालयमा नेपालको सहभागिताको समीक्षा कार्यक्रममा अन्य अतिथिका साथमा ।

> हामीले ग्लोबल वार्मिङका लागि कुनै योगदान गरेका छैनौं तर त्यसको मार खेप्न बाध्य छौं । नबिराएको काममा सजाय भोग्नु परिरहेको छ । नेपाल प्रभावित हुनु हाम्रो मात्र होइन, यो वैश्विक मुद्दा हो ।

गोरखापत्र समाचारदाता
काठमाडौँ, पुस ११ गते

प्रधानमन्त्री केपी शर्मा ओलीले साझा प्रतिबद्धतासहित राष्ट्रिय, अन्तर्राष्ट्रिय क्षेत्रका सबै संस्था र व्यक्तिसमेत एकजुट भएर जलवायु परिवर्तनले निम्त्याएका समस्याको समाधानमा जुट्नुपर्ने बताउनुभएको छ ।

वन तथा वातावरण मन्त्रालयद्वारा बिहीबार काठमाडौँमा आयोजित २९ औं विश्व जलवायु सम्मेलन र अन्तर्राष्ट्रिय न्यायालयमा नेपालको सहभागिताको समीक्षा कार्यक्रमलाई सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले साझा प्रतिबद्धतासहित जलवायु परिवर्तनको असरलाई कम गर्न एकजुट भएर लाग्नुपर्ने बताउनुभएको हो ।

उहाँले भन्नुभयो, "हामीले ग्लोबल वार्मिङका लागि कुनै त्यस्तो योगदान गरेका छैनौं तर त्यसको मार खेप्न बाध्य भएका छौं । नबिराएको काममा सजाय भोग्नु परेको छ । नेपाल प्रभावित हुनु हाम्रो मात्रै होइन, यो वैश्विक मुद्दा हो ।"

जलवायु परिवर्तनको असर कम गर्न हिमालबाट समुद्रतर्फ समस्या समाधानको दृष्टिकोण लागु गर्नुपर्नेमा उहाँले जोड दिनुभयो । प्रधानमन्त्री ओलीले थप्नुभयो, "हिमालय जलवायुको मुद्दा हाम्रो र हिमालको मात्रै होइन, हिमालसँग विश्वको तापमान प्रणाली (वार्मिङ सिस्टम) जोडिएको छ । हावालाई चिसो पार्ने क्षमता हिमालसँग छ । यस क्षमताको ह्रास हुनु जलवायु चुनौती हो । त्यस कारण हामीले हिमालदेखि समुद्रसम्म रक्षाको अवधारणामा जानु पर्छ ।"

विश्वमा चिसोपनाको योगदानमा नेपालका हिमालको योगदान उच्च रहेको औंल्याउँदै उच्च हिमाली भेगमा परेको असरले ध्रुवीय हिमखण्डमा समेत असर पार्ने भन्दै विश्वको ध्यानाकर्षण गराउनुभयो ।

नेपाललाई जलवायु क्षतिपूर्ति दिइनु पर्छ भन्ने कुरा आफूले संयुक्त राष्ट्रसङ्घको ७९ औं महासभामा पनि राखेको स्मरण गराउँदै प्रधानमन्त्री ओलीले यस धर्तीको वातावरण रक्षाका लागि नेपालले हिमालको १७ प्रतिशत भूभाग संरक्षित गरेको जनाउनुभयो । कोप-२९ को समीक्षासहित अहिलेदेखि नै कोप-३० को तयारी थाल्न पनि प्रधानमन्त्री ओलीले आग्रह गर्नुभयो । उहाँले त्यहाँ पुग्दा तर्कसहित निर्णय गराउन सक्ने क्षमता विकास गर्न निर्देशन दिनुभयो ।

उहाँले जमिन सुक्खा हुँदै जाँदा कृषि क्षेत्रलाई प्रतिकूल असर पार्ने भएकाले वनजङ्गलमा डढेलो लाग्न नदिन जागरण फैलाउन पनि वन मन्त्रालय र सञ्चार मन्त्रालयलाई निर्देशन दिनुभयो ।

जलवायु न्यायका निम्ति सशक्त बनौं

सोही कार्यक्रममा बोल्दै परराष्ट्रमन्त्री डा. आरजु राणाले नेपालले जलवायु न्याय, जलवायु वित्त र क्षतिपूर्तिको आवाजलाई विश्वस्तरमा नै अझ सशक्त रूपमा उठाउनुपर्ने बताउनुभयो । नगन्य

» बाँकी पृष्ठ २ मा

सम्प्रभुतामा प्रश्न उठ्ने गरी सम्झौता भएको छैन



सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङ

> सम्पत्ति शुद्धीकरण निवारण ऐनबमोजिम मानव तस्करी, हुन्डी, भर्चुअल मुद्रा प्रयोग, अनुचित लेनदेन, खेलमा मिलोमतो तथा अनियमितता र अनुमतिपत्र नलिई क्यासिनो सञ्चालनलाई सम्बद्ध कसुर तोक्नेसमेत निर्णय

गोरखापत्र समाचारदाता
काठमाडौँ, पुस ११ गते

सरकारको प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले लिपुलेकको सम्बन्धमा भारत र चीनबिच हालै भएको सहमति नेपालको सम्प्रभुता र नक्सामाथि प्रभाव पार्ने किसिमको नभएको बताउनुभएको छ ।

मन्त्रालयमा बिहीबार पुस ९ गतेको मन्त्रीपरिषद् बैठकका निर्णय सार्वजनिक गर्ने क्रममा उहाँले यस्तो बताउनुभएको हो । नेपालको नक्सामा अङ्कित लिपुलेकबारे हालै भारत र चीनबिच भएको सहमतिको सम्बन्धमा सरकारको धारणा के छ भन्ने सञ्चारकर्मीको जिज्ञासामा मन्त्री गुरुङले दुई मुलुकबिच भएको सहमति पहिलेदेखि नै उनीहरूको प्राविधिक कुरा हो भन्नुभयो । उहाँले भन्नुभयो, "यो सहमतिबारे मन्त्रीपरिषद् बैठकमा लामो छलफल भई निष्कर्ष के निस्केको छ कि नेपालले चिन्ता लिनुपर्ने ढङ्गले, हाम्रो सम्प्रभुतामाथि प्रश्न उठ्ने ढङ्गले दुई मुलुकबिच सम्झौता भएको होइन । त्यही भएर नेपालले चिन्ता नलिनुपर्ने छलफलबाट निष्कर्ष निकालेको हो ।"

सिफारिस समिति गठन गर्ने निर्णय

सरकारले नेपाल बिमा प्राधिकरणका अध्यक्ष नियुक्त गर्ने प्रयोजनका लागि नाम सिफारिस गर्न सिफारिस समिति गठन गर्ने निर्णय गरेको छ । राष्ट्रिय योजना आयोगका सम्बन्धित क्षेत्र हेर्ने सदस्यको संयोजकत्वमा सिफारिस समिति गठन गर्ने निर्णय गरेको हो । समितिको सदस्यमा अर्थ मन्त्रालयका सचिव र ज्योतिचन्द्र ओझा रहनुभएको जनाइएको छ । मन्त्री गुरुङले मन्त्रीपरिषद्को बैठकका निर्णय सार्वजनिक गर्दै सो जानकारी गराउनुभयो ।

त्यसै गरी मन्त्रीपरिषद् बैठकले सहकारीसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेश जारी गर्न राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष सिफारिस गर्ने निर्णय गरेको छ । नेपाल इन्जिनियरिङ सेवा समूहीकरणतर्फको राजपत्राङ्कित विशिष्ट श्रेणीको रिक्त पदमा सहसचिव मधुप्रसाद भेटुवाललाई बढुवा गरी जल तथा ऊर्जा आयोगको सचिवालयको सचिव पदमा पदस्थापन गर्ने निर्णय बैठकले गरेको हो ।

सम्पत्ति शुद्धीकरण निवारण ऐनबमोजिम मानव तस्करी, हुन्डी, भर्चुअल मुद्रा प्रयोग, अनुचित लेनदेन, खेलमा मिलोमतो तथा अनियमितता र अनुमतिपत्र नलिई क्यासिनो सञ्चालनलाई सम्बद्ध कसुर तोक्नेसमेत निर्णय गरिएको मन्त्री गुरुङले जानकारी दिनुभयो । बैठकले पूर्वविशिष्ट पदाधिकारीको सुविधासम्बन्धी व्यवस्था गर्न बनेको विधेयक तर्जुमा गर्न सैद्धान्तिक सहमति दिने निर्णय गरेको छ ।

सवारी तथा यातायात व्यवस्था (१० औं संशोधन) नियमावली, २०८१ स्वीकृत गर्ने, रेल सञ्चालन तथा मर्मतसम्भारका लागि तालिम प्राप्त जनशक्ति, मर्मतसम्भारको कार्य र सोका लागि आवश्यक उपकरण एवं मालसमान खरिद गर्न सार्वजनिक खरिद ऐन, २०६४ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम 'सरकार तथा सरकार' (जिटुजी) विधिबाट खरिद गर्न सैद्धान्तिक सहमति प्रदान गर्ने निर्णय गरेको हो ।

प्रवक्ता गुरुङका अनुसार बैठकले भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय वा अन्तर्गतका निकायको स्वीकृत दरबन्दीबाटै जनशक्ति व्यवस्थापन गर्ने गरी पर्साको पोखरिया, जुम्लाको सिँजा तथा नराकोट र कपिलवस्तुको बोडगाउँमा मालपोत तथा नापी कार्यालय स्थापना गरी सेवा सञ्चालन गर्ने निर्णय गरेको छ ।

बैठकले नवलपरासी (बर्दघाट सुस्तापूर्व) स्थित नेपाल सरकारको नाममा दर्ता स्रेस्ता कायम रहेको कावासोती नगरपालिका-३ को किता नं. १ र किता नं. २ को सरकारी जग्गामा रहेका विभिन्न प्रजातिका ६४२ वटा रुख/पोल हटाउन स्वीकृति दिने निर्णय गरेको हो ।

शिक्षक सेवा आयोगको एक जना महिलासहित दुई जना सदस्यको नियुक्तिका लागि सिफारिस गर्न लोक सेवा आयोगको अध्यक्षको अध्यक्षतामा त्रिभुवन विश्वविद्यालयका उपकुलपति र मन्त्रालयका सचिव सदस्य रहेको सिफारिस समिति गठन गर्ने निर्णय बैठकले गरेको मन्त्री गुरुङले जानकारी दिनुभयो ।

भारतका पूर्वप्रधानमन्त्री डा. सिंहको निधन



गोरखापत्र समाचारदाता
काठमाडौँ, पुस ११ गते

भारतका पूर्वप्रधानमन्त्री डा. मनमोहन सिंहको ९२ वर्षको उमेरमा निधन भएको छ । बिहीबार साँझ बेहोस भएपछि दिल्लीस्थित एम्स अस्पतालमा भर्ना हुनुभएका डा. सिंहको स्थानीय समय अनुसार राति ९ बजेर ५१ मिनेटमा निधन भएको अस्पतालले मेडिकल बुलेटिन जारी गरी सिंहको निधन भएको पुष्टि गरेको छ ।

सन् १९३२ सेप्टेम्बर २६ मा पन्जाब प्रान्तको एक गाउँमा जन्मनुभएका डा. सिंह कांग्रेस आईबाट सन् २००४ देखि २०१४ सम्म दुई कार्यकालका लागि लगातार भारतको प्रधानमन्त्री बन्नुभएको थियो । उहाँ भारतको अर्थ सुधारक वित्तमन्त्रीका रूपमा समेत चिनिनुहुन्थ्यो ।

पशुपति जलहरीका विषयमा फैसलाको पूर्णपाठ

अनियमितता पुष्टि भएन

अशोक अधिकारी
काठमाडौँ, पुस ११ गते

विशेष अदालतले पशुपतिनाथ मन्दिरको गर्भगृहमा सुनको जलहरी राख्ने कार्यमा बदनियत राखेर सुन हिनामिना गरेको भन्ने कुनै पनि वस्तु, तथ्य र प्रमाणबाट पुष्टि नहुने फैसला गरेको छ ।

विशेष अदालतका अध्यक्ष एवं न्यायाधीश टेकनारायण कुँवर र न्यायाधीश मुरारीबाबु श्रेष्ठको इजलासले वैशाख १८ गते गरेको फैसलाको पूर्णपाठमा सुनको जलहरी निर्माण गर्दा कुनै किसिमको भ्रष्टाचार नभएको ठहर गरेको हो ।

विशेषको फैसलामा समान भूमिकामा रहेका समान जिम्मेवारी लिएका सोहीस्तरका व्यक्तिमाथि कसैउपर मुद्दा चलाउने र कसैउपर नचलाउने निर्णय गरी असमान ढङ्गले आरोपित गरिए त्यो व्यक्ति छानेर गरिएको (चयनात्मक) अभियोजन हुने प्रस्ट पारिएको छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले २०८० असोज १४ गते दायर गरेको रिटमा फैसला गर्दै विशेष अदालतले नेपाली सेनासहित सुरक्षा निकायको घेराभित्र निर्माण गरिएको जलहरीमा कुनै किसिमको अनियमितता हुने अवस्था नदेखिएको प्रस्ट पारेको छ ।



> जलहरी निर्माण गर्दा सुनका ससाना टुक्रा कण जलहरीबाट अलग हुने भएकाले वजन गर्दा केही कमी आउनु स्वाभाविक हुने हुँदा शुद्ध सुन १४९१.७१८ ग्राम फरक परेको भन्ने वादीको दाबीसँग सहमत हुन सकिएन ।

पशुपति क्षेत्र विकास कोषका सदस्यसचिव डा. मिलनकुमार थापासहित तत्कालीन सदस्यसचिव डा. प्रदीप ढकाल, बिसेट नाइके अरुणकुमार श्रेष्ठलाई विपक्षी बनाई मुद्दा दायर भएको थियो । सदस्यसचिव

» बाँकी पृष्ठ २ मा

अर्को वर्षदेखि परीक्षा र रजिस्ट्रेसन शुल्क नलाग्ने

सूर्यप्रसाद पाण्डे
काठमाडौँ, पुस ११ गते

कक्षा ९, १० र ११ मा अध्ययन गर्ने विद्यार्थीले अर्को वर्षदेखि परीक्षा र रजिस्ट्रेसन फारामबापत शुल्क तिर्न नपर्ने भएको छ । राष्ट्रिय परीक्षा बोर्डले गरेको यो निर्णय कार्यान्वयन भएमा हरेक वर्ष सामुदायिक विद्यालयमा अध्ययन गर्ने करिब पाँच लाख विद्यार्थीले परीक्षा फाराम र रजिस्ट्रेसन फारामका लागि शुल्क तिर्नुपर्दैन ।

माघि तहका विद्यार्थीलाई राहत

यी शीर्षकमा शुल्क नलिने निर्णय गरेर बोर्डले कार्यान्वयनका लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयलाई सिफारिस गरेको छ । सरकारी राजस्वसँग सम्बन्धित विषय भएका कारण शुल्क नलिने बोर्डको निर्णयसहितको सिफारिसलाई शिक्षा मन्त्रालयले कार्यान्वयनका लागि अर्थ मन्त्रालयमा पठाउनुपर्ने छ ।

अर्थ मन्त्रालयले आर्थिक वर्षको सुरुवात हुनुअघि संसद्मा प्रस्तुत गर्ने विनियोजन विधेयकबाट यो विषय हटाएपछि मात्रै यो निर्णय पूर्ण कार्यान्वयनमा जाने छ । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले भने विद्यालय तहमा यसै वर्षदेखि परीक्षा र रजिस्ट्रेसन फारामबापत विद्यार्थीबाट लिने शुल्क मिनाहा गर्ने योजना बनाएको थियो ।

तर, चालु आवको विनियोजन विधेयकमा विद्यार्थीबाट लिइने शुल्क र त्यसबाट सङ्कलन हुने राजस्वसम्बन्धी विषय समावेश भएका कारण तत्काललाई शुल्क नलिई परीक्षा फाराम र रजिस्ट्रेसन फाराम भराउने मन्त्रालयको योजना पूरा हुन नसकेको हो । अर्थ मन्त्रालयसँग यस विषयमा छलफल गर्दा शुल्क मिनाहा गर्न नसकिने भएपछि मन्त्रालयले अर्को वर्षदेखि मात्रै शुल्क नलिने गरी निर्णय गर्न राष्ट्रिय परीक्षा बोर्डलाई निर्देशन दिएको थियो ।

बोर्डको अहिलेको निर्णय अनुसार सामुदायिक विद्यालयमा अर्को वर्षदेखि कक्षा ९, १० र ११ मा अध्ययन गर्ने विद्यार्थीले रजिस्ट्रेसन र परीक्षा शुल्कबापत सरकारलाई पैसा तिर्नु पर्दैन । राष्ट्रिय परीक्षा बोर्डका परीक्षा नियन्त्रक (कक्षा १०) नन्दलाल पौडेलका अनुसार हरेक वर्ष कक्षा ९ मा पाँच लाख हाराहारी विद्यार्थीले रजिस्ट्रेसन फाराम भर्ने गर्छन् ।

» बाँकी पृष्ठ २ मा

दराजमै थन्क्याइए 'इनोभेटिभ आइडिया'

नगेन्द्र सापकोटा
काठमाडौँ, पुस ११ गते

सरकारले सार्वजनिक प्रशासनमा नागरिकले अनुभूति गर्ने गरी परिवर्तन ल्याउन निजामती कर्मचारीसँग भएका नवप्रवर्तनशील अवधारणा (इनोभेटिभ आइडिया) लाई कार्यान्वयन गर्ने गरी चार वर्षमा १६ वटा उत्कृष्ट इनोभेटिभ आइडिया सङ्कलन गऱ्यो तर ती आइडिया अहिले दराजमा थन्किएका छन् ।

२०७८ सालदेखि कर्मचारीको अन्तर्निहित प्रतिभालाई प्रस्फुटन गराई नीति तर्जुमा, विकास निर्माण, सुशासन प्रवर्धन र सार्वजनिक सेवा प्रवाहका क्षेत्रमा कार्यान्वयन गर्न इनोभेटिभ आइडिया सङ्कलन गरे पनि ती अवधारणालाई सरकारले हालसम्म कार्यान्वयन गर्न सकेको छैन ।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले विगत चार वर्षदेखि तिनै तहका कर्मचारीमा भएका नयाँ आइडियालाई प्रतिस्पर्धा गराई प्रत्येक वर्ष उत्कृष्ट चार वटा नवप्रवर्तक (आइडियटर) लाई पुरस्कृत गर्दै आएको छ ।

सरकारको नीति तर्जुमा र व्यवहारमा नयाँपन दिनका लागि मन्त्रालयले प्रतिभा डबली सञ्चालन कार्यविधि तयार गरी हरेक वर्ष चार जना कर्मचारीको



आइडिया सङ्कलन गर्दै आए पनि सो आइडिया कार्यान्वयनमा आइनसकेको सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले नै स्वीकार गरेको छ ।

मन्त्रालयका उपसचिव दीपक ढकालले मन्त्रालयले कर्मचारीसँग भएका इनोभेटिभ आइडियालाई सङ्कलन गरे पनि मन्त्रालयको रेकर्डमा नभएको बताउनुभयो ।

कर्मचारीद्वारा प्रतिस्पर्धामार्फत सङ्कलित आइडिया विभिन्न मन्त्रालय र कार्यालयसँग सम्बन्धित भएकाले सम्बन्धित निकायलाई कार्यान्वयनका लागि आग्रह गरे पनि कार्यान्वयन भएको जानकारी मन्त्रालयमा नआएको उहाँले स्पष्ट पार्नुभयो ।

ढकालले भन्नुभयो, "यस वर्षदेखि नयाँ आइडिया सङ्कलन मात्र नगरी पहिला सङ्कलन

> प्रतिभा डबलीमार्फत सङ्कलन गरेको इनोभेटिभ आइडिया सरकारले बजेटमा समावेश गरी आवश्यक स्रोतसाधन र जनशक्तिको समेत व्यवस्था गरी कार्यान्वयन गर्नुपर्ने सुझाव

भएकै इनोभेटिभ आइडियालाई सरकारले व्यवहारमा कार्यान्वयन गर्ने गरी कार्यक्रममा केही परिमार्जन गर्ने तयारीमा मन्त्रालय लागिरहेको छ ।"

जग्गाको भौगोलिक सूचना प्रणाली प्रयोग गरी वैज्ञानिक मूल्याङ्कन प्रणाली कायम गर्ने, स्थानीय तहको योजना तर्जुमा प्रक्रियालाई नमुनाका रूपमा प्रयोग गर्ने, सूचना प्रविधिमा आधारित एकीकृत नागरिक बडापत्रसम्बन्धी सोचलाई कार्यान्वयन गर्ने, एकीकृत सरकारी संरचना र सेवा प्रवाह, कार्यालय भवन निर्माण, उत्पादनमा आधारित कृषि उत्पादन प्रणाली, सवारीसाधनको जाम कम गर्नका लागि भेहिकल ट्र्याकिङ विधि, निर्माण कार्यमा बोलपत्रदाताको आर्थिक प्रस्ताव मूल्याङ्कनलगायतका इनोभेटिभ आइडिया सङ्कलन भएको मन्त्रालयले जनाएको छ ।

» बाँकी पृष्ठ २ मा

विविधताभित्र एकता खोजौं : सञ्चारमन्त्री



तस्बिर : कविता थापा

सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङ गोरखापत्रमा प्रकाशित वाम्बुले राई भाषापृष्ठको मन्त्रालयमा सार्वजनिक गर्नुहुँदै ।

यो मुलुक सबैको हो । समावेशिताले हरेक समुदायलाई राष्ट्र र संविधानप्रति अपनत्व महसुस गराउँछ । राष्ट्रिय एकताका लागि पनि समावेशिता जरुरी छ ।

गोरखापत्र समाचारदाता
काठमाडौँ, पुस ११ गते

सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले समावेशी समाजले राष्ट्रियतामा बल पुग्ने भएकाले विविधताभित्र एकता खोज्नुपर्ने बताउनुभएको छ। गोरखापत्र संस्थानले सुरु गरेको 'वाम्बुले राई भाषा' को बिहीबार सिंहदरबारमा उद्घाटन गर्दै मन्त्री गुरुङले समावेशिता राजनीतिमा मात्रै नभई समाजका हरेक क्षेत्रमा अभ्यास गरिनुपर्ने बताउनुभयो।

मन्त्री गुरुङले गोरखापत्रले नेपालमा बोलिने सबै भाषाको प्रकाशन गरेर अपनत्व गराउनुपर्ने बताउनुभयो। संविधानले इन्द्रेणीको रङ्गीन जस्तै समाजलाई प्रतिनिधित्व गराउने उद्देश्य राखेको बताउँदै उहाँले राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक क्षेत्रको विविधता मिडियाले समेट्नुपर्ने बताउनुभयो। मन्त्री गुरुङले देशको विविधता समेट्न सङ्घीय शासन प्रणालीको अभ्यास गरिएको उल्लेख गर्दै भन्नुभयो, "यो मुलुक सबैको हो। समावेशिताले हरेक समुदायलाई राष्ट्र र संविधानप्रति अपनत्व महसुस गराउँछ। राष्ट्रिय एकताका लागि पनि समावेशिता जरुरी छ।"

नेपाल सबै जातजातिको साझा फूलबारी भएको बताउँदै उहाँले गोरखापत्र कुनै व्यक्तिको प्रकाशन नभएकाले समाजका विविधतालाई समेट्नुपर्ने सुझाव दिनुभयो। उहाँले भन्नुभयो, "सबैलाई मेरो देश मेरो भाषा हो भन्ने अपनत्व हुन जरुरी छ। भाषा नभए सबै सकिँदोरहेछ। रेडियो नेपाल र नेपाल टेलिभिजनमार्फत पनि विविध भाषामा प्रसारण गर्ने योजना बनाइएको छ। त्यसैले विविधतालाई समेट्न राष्ट्र निर्माणको अभियान हो।"

गोरखापत्र संस्थानका कार्यकारी अध्यक्ष विष्णुप्रसाद सुवेदीले गोरखापत्रमा सबै जातजातिको अपनत्वको महसुस गराउन ४५ भाषाका सामग्री प्रकाशन हुँदै आएको जानकारी दिनुभयो। उहाँले गोरखापत्र पत्रकारिताको पाठशाला भएकाले विविध भाषामा सबैभन्दा बढी प्रकाशन गर्ने दक्षिण एसियाकै पहिलो पत्रिका हुन सक्ने उल्लेख गर्नुभयो। गोरखापत्र संस्थानका महाप्रबन्धक लालबहादुर ऐरीले गोरखापत्रमा भाषा सङ्ख्या थप हुँदै गए पनि गुणस्तरीय बनाउन मन्त्रालयले आर्थिक सहयोग बढाउन आवश्यक रहेको बताउनुभयो।

राष्ट्रिय गानका रचनाकार व्याकुल माइलालले पछिल्लो समय राज्यले विभिन्न भाषाभाषीलाई आत्मसात् गर्दै चासो दिएकोमा खुसी व्यक्त गर्नुभयो। वाम्बुले राई भाषा समाजका अध्यक्ष गजुरधन राईले भाषाको संरक्षण गर्न सके समुदायको पहिचान जोगाउने बताउनुभयो। गोरखापत्रमा २०६४ साल साउन २४ गतेदेखि नयाँ नेपाल शीर्षकमा बहुभाषिक प्रकाशनको सुरुवात भएको थियो।

सरकारको प्राथमिकता सुशासन

यसैबिच सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले मुलुकको मुख्य मुद्दा सुशासन कायम गर्नु भएको बताउनुभएको छ। सिंहदरबारमा बिहीबार नेपाल पत्रकार महासङ्घका नवनिर्वाचित पदाधिकारीलाई बधाई तथा शुभकामना दिनुहुँदै मन्त्री गुरुङले देशमा सुशासन नहुँदा विकास निर्माणसहित समाजका हरेक काममा बाधा पुग्ने गरेको बताउनुभयो। सुशासन नहुँदा तीन खर्बको पुँजीगत बजेट खर्च गर्न नसकिएकाले त्यसमा कहाँ समस्या छ भनेर पत्रकारले खोजी गरेर उजागर गर्नुपर्ने बताउनुभयो।

मन्त्री गुरुङले अनलाइन मिडिया धेरै नै छाडा भएकाले पत्रकार महासङ्घले खबरदारी गर्दा रचनात्मक हुनुपर्ने बताउनुभयो। उहाँले पत्रकारले राज्य, समाज, परिवार नभत्काउने गरी समाचार सम्प्रेषण गर्नुपर्ने बताउनुभयो। उहाँले भन्नुभयो, "अहिलेको नयाँ मिडियाको रूपमा आएको अनलाइन छाडा भयो। हरेक क्षेत्रको सीमा हुन्छ। लोकतन्त्रको पनि आफ्नै सीमा छ। यसरी गलत गर्ने पत्रकार नभएर संस्थालाई धेरै जरिबाना गरेर कारबाही गर्ने गरी नियमन गर्नु पर्छ।"

पत्रकारिता क्षेत्रमा धेरै राजनीति भएको बताउँदै उहाँले राजनीतीकरण हुँदा कार्यक्षमता समेत ह्रास आउने जिकिर गर्नुभयो। विश्वविद्यालयमा धेरै राजनीति हुँदा सधैं तालाबन्दी भई शैक्षिक क्षेत्र धराशायी भएको उहाँको भनाइ छ।

नेपाल पत्रकार महासङ्घका अध्यक्ष निर्मला शर्माले निर्वाचनमा पक्ष/विपक्ष भएर लडे पनि काम गर्दा साझा मुद्दामा एक भएर जाने बताउनुभयो। उहाँले मिडियासम्बन्धी कानुन बनाउँदा सरोकारवाला निकायसँग पर्याप्त परामर्श गर्नुपर्नेमा जोड दिनुभयो। वरिष्ठ उपाध्यक्ष दीपक आचार्यले मिडिया र पत्रकार दुवै अप्ठ्यारो अवस्थामा पुगेकाले त्यसमा सबैले रचनात्मक भूमिका खेल्नुपर्ने आवश्यकता रहेको बताउनुभयो।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सहसचिव गजेन्द्र ठाकुरले मिडियासम्बन्धी कानुन बनाउँदा पत्रकार महासङ्घलगायत सरोकारवाला निकायसँग आवश्यक परामर्श, सुझाव र सल्लाह लिइने बताउनुभयो। सूचना तथा प्रसारण विभागका महानिर्देशक प्रदीप परियारले पत्रकारले घटनाको सत्य खोजी गरेर ल्याउनु पहिलो धर्म भएको उल्लेख गर्नुभयो।

विचाराधीन विधेयकबारे प्रतिपक्षीसँग छलफल हुने

गोरखापत्र समाचारदाता
काठमाडौँ, पुस ११ गते

नेपाली कांग्रेस र नेपाल कम्युनिस्ट पार्टी (एमाले) द्वारा गठित 'संसद्मा विचाराधीन विधेयकको समन्वय कार्यदल' को बैठकले संसदीय समितिमा रहेका विधेयकका सन्दर्भमा प्रमुख प्रतिपक्षीसहित अन्य दलसँग परामर्श गर्ने निर्णय गरेको छ।

कांग्रेस सहमहामन्त्री जीवन परियारका अनुसार बिहीबार बसेको कार्यदलको बैठकले संसद्मा विचाराधीन विधेयक आगामी संसद् अधिवेशनबाट पारित गर्ने उद्देश्यका साथ संसद्मा प्रतिनिधित्व गर्ने दलका प्रमुख सचेतकसँग परामर्श गर्ने निर्णय भएको हो।

उहाँले समितिमा रहेका विचाराधीन विधेयक टुङ्ग्याउन कार्यदल बनेको बताउँदै विचाराधीन विधेयकको समन्वय समितिले प्रमुख प्रतिपक्षी दल नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र) सहित अन्य दलका प्रमुख सचेतकसँग छलफल हुने बताउनुभयो। उहाँले भन्नुभयो, "सङ्घीय संसद्मा विचाराधीन विधेयकका सन्दर्भमा प्रमुख प्रतिपक्षी दलसहित संसद्का दलका प्रमुख सचेतकसँग छलफल गर्न कांग्रेस संसदीय दलका मुख्य सचेतक श्यामकुमार घिमिरे र एमाले संसदीय दलका मुख्य सचेतक महेशकुमार बर्तौलालाई जिम्मेवारी दिने निर्णय भएको छ।"

सहमहामन्त्री परियारले संसदीय समितिमा रहेका विधेयकका सन्दर्भमा दुवै दलका सांसदसँग १७ गतेभित्र छलफल गर्ने निर्णय भएको बताउनुभयो। उहाँले सङ्घीय संसद्का विद्यमान नियमावलीका सन्दर्भमा पनि प्रमुख प्रतिपक्षी दलसहित प्रमुख सचेतकसहित अन्य दलसँग आवश्यक छलफल र परामर्श गर्ने निर्णय भएको बताउनुभयो। उहाँका अनुसार कार्यदलको अर्को बैठक पुस १८ गते बस्ने छ। बैठकमा एमाले सचिव योगेश भट्टराईसहित दुवै दलका सङ्घीय संसद्का मुख्य सचेतक र सचेतक सहभागी हुनुहुन्थ्यो।

'न्यूनीकरण गर्न...

कार्बन उत्सर्जन गर्ने तर त्यसको व्यापक नकारात्मक असर भोग्नुपर्ने विरोधाभासपूर्ण अवस्थाबाट नेपाल गुज्रिरहेको उहाँले औंल्याउनुभयो। उहाँले भन्नुभयो "जलवायु परिवर्तनबाट नेपाललाई परेको असर र यससँग जुध्न नेपालले गरिरहेका प्रयासका बारेमा संयुक्त राष्ट्रसङ्घका विभिन्न फोरमहरू एवं जलवायु परिवर्तनसम्बन्धी सम्मेलनहरूमार्फत विश्व समुदायसमक्ष हामीले स्पष्ट र सशक्त रूपमा राख्दै आएका छौं। आगामी दिनमा यसलाई थप सशक्त बनाउनु जरुरी छ।" मन्त्री डा. राणाले गत महिना हेगस्थित अन्तर्राष्ट्रिय अदालतमा जलवायु परिवर्तनसम्बन्धी अन्तर्राष्ट्रिय सुनुवाइमा नेपालका तर्फबाट आफ्नो नेतृत्वको प्रतिनिधिमण्डलले पहिलो पटक नेपालका आधार मौखिक रूपमा प्रस्तुत गरेको जानकारी गराउनुभयो।

संवेदनशील भूबनोट भएको पर्वतीय मुलुकका लागि जलवायु परिवर्तनको प्रभाव गम्भीर रहेको जनाउँदै उहाँले नेपालका हिमाल पग्लिरहेका, जैविक विविधतामा ह्रास आइरहेको, प्राकृतिक विपत्तिहरू बढ्दै गएका कारण नेपालको अर्थतन्त्र, सामाजिक जीवन र वातावरणमा नै नकारात्मक असर पारिरहेको बताउनुभयो।

कार्यक्रममा बोल्दै वन तथा वातावरणमन्त्री ऐनबहादुर शाहीले मन्त्रालयले यो समीक्षासँगै आगामी कोपको तयारीमा जुट्ने जानकारी दिनुभयो। नेपालका लागि संयुक्त राष्ट्रसङ्घका आवासीय प्रतिनिधि हाना सिङ्गर हाम्डीले जलवायु परिवर्तनले नेपालको हिमालमा परेको असर अन्तर्राष्ट्रिय समुदायकै लागि चुनौतीको विषय भएको औंल्याउनुभयो। कार्यक्रममा गृहमन्त्री रमेश लेखक, भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहाल, वन तथा वातावरण मन्त्रालयका सचिव दीपक खराल, सांसद मैना कार्कीलगायत सहभागी रहनुभएको थियो।

दराजमै थन्क्याइए...

नेपाल सरकारका पूर्वसचिव सुरेश अधिकारीले सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले सङ्कलन गरेको इनोभेटिभ आइडियालाई सरकारले नै वार्षिक नीति, कार्यक्रम र बजेटमा समावेश गर्दा मात्र कार्यान्वयन हुने अन्यथा कार्यान्वयनमा नआउने बताउनुभयो।

उहाँले भन्नुभयो, "प्रतिभा डबलीमार्फत सङ्कलन गरेको इनोभेटिभ आइडिया सरकारले बजेटमा समावेश गरी आवश्यक साधन, स्रोत र जनशक्तिको समेत व्यवस्था गरी कार्यान्वयन गर्नु पर्छ अन्यथा मन्त्रालयले इनोभेटिभ आइडिया बैङ्कका रूपमा मात्र सङ्कलन गर्छ।" नापी विभागका नापी अधिकृत हरिशरण नेपालले जग्गाको मूल्याङ्कन वैज्ञानिक नभएकाले आफूले दुई वर्षअगाडि प्रस्तुत गरेको जग्गा मूल्याङ्कन प्रणालीलाई वैज्ञानिक बनाउनका लागि प्रस्तुत भएको इनोभेटिभ आइडिया व्यवहारमा कार्यान्वयनमा आउन नसकेको बताउनुभयो।

मन्त्रालयले इनोभेटिभ आइडिया सङ्कलन मात्र गर्नेभन्दा पनि अहिलेसम्म भएकै आइडियालाई कार्यान्वयन हुन नसकेको कारण पत्ता लगाउन उहाँले मन्त्रालललाई सुझाव दिनुभयो। नेपालले मालपोत कार्यालयमा जग्गा पास गर्दा एउटा मूल्याङ्कन हुने, विगो कायम गर्दा अर्को मूल्याङ्कन र मुआब्जा दिनुपर्दा अर्कै मूल्याङ्कन हुने गरेकाले एकरूपता कायम गर्ने गरी जग्गाको वैज्ञानिक मूल्याङ्कन प्रणाली कार्यान्वयनसम्बन्धी आइडिया प्रस्तुत गर्नुभएको थियो।

प्राकृतिक प्रकोप पेचिलो बन्दै

गोरखापत्र समाचारदाता
काठमाडौँ, पुस ११ गते

गृहमन्त्री रमेश लेखकले जलवायु परिवर्तनले प्राकृतिक प्रकोपहरूलाई अझ पेचिलो बनाउँदै गएको बताउनुभएको छ।

काठमाडौँमा बिहीबारदेखि सुरु भएको तेस्रो राष्ट्रिय विपत् जोखिम न्यूनीकरण सम्मेलनको उद्घाटन समारोहमा बोल्दै गृहमन्त्री लेखकले विपत् जोखिम न्यूनीकरण आजको आवश्यकता भएको बताउनुभयो।

मन्त्री लेखकले भन्नुभयो, "मुलुक भौगोलिक, प्राकृतिक र सामाजिक दृष्टिकोणले विविधतायुक्त देश हो, यहाँको भूभाग, जलवायु र वातावरणीय संरचनाले गर्दा हाम्रो देशमा प्राकृतिक र मानव सृर्जित विपत्को सम्भावना धेरै छ। विपत् जोखिम न्यूनीकरणका लागि निर्माण भइसकेका संरचनालाई बलियो बनाउन जरुरी छ।"

उहाँले सङ्घदेखि स्थानीय तहका वडास्तरसम्म विपत् जोखिम न्यूनीकरणसम्बन्धी संरचनालाई बलियो बनाउन आवश्यक रहेको बताउनुभयो। उहाँले देशभरका बहुक्षेत्रीय र बहुआयामिक साझेदारलाई एकै ठाउँमा ल्याएर विपत्का चुनौतीको विश्लेषण र समाधानको रणनीति तयार गर्न सम्मेलन महत्त्वपूर्ण हुने बताउनुभयो।

नेपाल प्राकृतिक र मानवीय कारणले सृजित विपत् जोखिमका लागि संसारकै उच्च संवेदनशील मुलुकमध्ये रहेको बताउँदै उहाँले हिमाल, पहाड र तराई विविध भूगोलले भरिएको विविधतायुक्त प्राकृतिक सम्पदामा धनी भए पनि जोखिमको दृष्टिकोणले निकै संवेदनशील रहेको विगतका इतिहासले पुष्टि गरेको बताउनुभयो।

उहाँले जलवायु परिवर्तनका कारण पछिल्ला वर्षमा उल्लेख्य वृद्धि भएका बाढीपहिरो, चट्याङ र अन्य जलवायुजन्य विपत् झन् जटिल हुँदै गएको बताउनुभयो।

उहाँले स्थानीय तहमा विपत् व्यवस्थापन योजना निर्माण, क्षमता अभिवृद्धि र जनचेतना अभियानलाई प्राथमिकता दिनुपर्ने बताउँदै प्राकृतिक प्रकोप व्यवस्थापनसम्बन्धी नीति तथा ऐनलाई बलियो बनाई त्यसको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्नु आवश्यक रहेकोमा जोड दिनुभयो।

प्राकृतिक प्रकोपको पूर्वानुमान गर्न सकिने प्रविधि र सूचना प्रणालीलाई सुदृढ गर्दै विपत्बाट हुने क्षति न्यून गर्न सकिने बताउँदै उहाँले नेपालले विपत् जोखिम न्यूनीकरण र व्यवस्थापनका लागि नीति निर्माण र संरचनात्मक सुधारहरूमा उल्लेखनीय प्रगति गरेकोसमेत जानकारी दिनुभयो। दुई दिनसम्म चल्ने सो सम्मेलनमा जलवायु परिवर्तनको असरले पारेको असर र सम्भावित चुनौती र यसको रोकथामबारे सरकारी र विभिन्न गैरसरकारी निकायका प्रतिनिधिले आफ्नो कार्यपत्र प्रस्तुत गर्ने छन्।

अनियमितता पुष्टि...

डा. थापा जलहरी निर्माण गर्दा संयोजक एवं कोषका कोषाध्यक्ष हुनुहुन्थ्यो। तर, आयोगको २०८० असोज ६ गतेको बैठकले निर्णयको पृष्ठ १९ मा कोषका तत्कालीन सदस्य भगवतीप्रसाद देव पनि अनियमिततामा संलग्न रहेको दाबी गर्दै मुद्दा चलाउनुपर्ने निर्णय गरेको थियो।

विशेष अदालतले सदस्यसचिव डा. थापा, तत्कालीन सदस्यसचिव ढकाल र विसेट नाइके श्रेष्ठलाई मात्रै मुद्दा लगाएको सन्दर्भमा फैसलामा भनेको छ, "कुनै पनि व्यक्तिउपर मुद्दा चलाउने वा नचलाउने निर्णय गर्दा वस्तुनिष्ठ आधार र कारण उल्लेख गरिनु पर्दछ। यी आधारबिना त्यस्तो कार्य शङ्कास्पद हुन्छ र त्यसको परिणाम पनि सत्य धरातलीय यथार्थबाट विमुख भई अन्ततः विश्वासनीय हुँदैन।"

अदालतले सेफको चाबी जिम्मा लिने कसैउपर दाबी गरिएको र कसैउपर नगरिएको अवस्था देखिँदा के कति कारणबाट त्यसो गरिएको हो भनी अभियोजकले सन्तोषजनक प्रमाण कागजहरू प्रस्तुत गर्नुपर्ने दायित्व रहने फैसला गरेको छ। फैसलामा भनिएको छ, "यस सन्दर्भमा समान रूपमा र स्वच्छ अनुसन्धान भएन भनी प्रतिवादीतर्फका विद्वान् कानुन व्यवसायीले उठाउनुभएको तर्कमा पनि दृष्टिगोचर गर्नुपर्ने देखिएको छ।"

अदालतले अनुसन्धानका क्रममा २०८० असार २१ गतेको मुचुल्कामा उल्लिखित ६२३ ग्राम सुनको तौलसमेत जोड्नुपर्नेमा सो सुनलाई समावेश गरेको नदेखिएको फैसला गरेको छ। फैसलामा भनिएको छ, "उल्लिखित सुनलाई समावेश गरी गणना गर्दा प्रयोग भएको सुनको परिमाण फरक पर्नेमा विवाद रहेको देखिँदैन। अनुसन्धानमा प्राप्त सुनलाई अभियोजन पक्षबाट किन समावेश गरिएन ? सो प्रश्न पनि जीवितै रहेको छ।"

फैसलामा कोष सञ्चालक परिषद्को २०७७ माघ १४ गते बसेको बैठकले जलहरी निर्माणका लागि नेपाल राष्ट्र बैङ्कबाट खरिद गरी टिनको बाकसमा लाहाछाप लगाई ल्याइएको ६४१६३.४०० ग्राम सुन नेपाली सेनाको सुरक्षामा पशुपति रुद्रगाडेश्वर प्राङ्गणको लकरमा बन्द गरी राखिएको देखिने प्रस्ट पारिएको छ। फैसलामा भनिएको छ, "लकरको साँचो एक सेट नेपाली सेना, एक सेट पशुपति क्षेत्र विकास कोष र एक थान तालाचाबी पशुपति भण्डार तहबिलका बिसेट नाइके अरुणकुमार श्रेष्ठको जिम्मामा रहेको भन्ने बेहोराको लकरमा सुन राखिएको मुचुल्काबाट बेहोरा अवगत हुन आउँदछ। यसरी हेर्दा खरिद गरिएको सुनको सुरक्षा व्यवस्था मजबुत राखिएकोमा विवाद देखिँदैन।"

२०७७ फागुन ५ गते पशुपतिनाथको जलहरी निर्माण कार्यका लागि नेपाल राष्ट्र बैङ्कबाट थप ३९६०९.०७ ग्राम सुन खरिद गरी ल्याई जलहरी निर्माण स्थल पशुपति रुद्रगाडेश्वरमा रहेको सेफमा राखिएको भन्ने बेहोराको मुचुल्काबाट देखिने फैसलामा उल्लेख छ।

फैसलामा जम्मा १०७ किलो ४७०० ग्राम (शुद्ध सुन १०१ किलो ०४८.५ ग्राम) को जलहरीमा १४९१.७१८ ग्राम फरक परेको दाबी आरोपपत्रमा गरिए पनि ६२३ ग्राम सुनको तौलसमेत जोड्नुपर्नेमा सो सुनलाई समावेश नगरेको उल्लेख छ। फैसलामा भनिएको छ, "सुनमा ससाना टुक्राहरू कणहरू जलहरीबाट अलग हुने भएकाले वजन गर्दा केही कमी आउनु स्वाभाविक हुने हुँदा शुद्ध सुन १४९१.७१८ ग्राम फरक परेको भन्ने वादीको दाबीसँग सहमत हुन सकिएन।"

२०७७ मा नेकपा (एमाले) अध्यक्ष केपी शर्मा ओली प्रधानमन्त्री हुँदा जलहरी निर्माण गरिएको थियो। अख्तियारले नापजाँच गरेपछि २०८० असार १३ गते जलहरी पशुपतिनाथ मन्दिरको ज्योतिर्लिङ्गमा राखिएको थियो। नेपाली सेना, सशस्त्र प्रहरी, नेपाल प्रहरी, जनप्रतिनिधि, पशुपति क्षेत्र विकास कोषका पदाधिकारीको रोहबरमा सुनको जलहरी पशुपतिनाथ मन्दिरको गर्भगृहमै राखिएको थियो।

२०८० असार ११ गते सुनको जलहरी नापतौल र परीक्षण गर्न पशुपतिनाथ मन्दिरबाट उत्तरतर्फ रहेको रुद्रगाडेश्वरमा ल्याइएको थियो। जलहरी राखिएको स्थानलाई नेपाली सेना, सशस्त्र प्रहरी बल, नेपाल प्रहरी र पशुपति क्षेत्र विकास कोषबाट परिचालित निजी सुरक्षागार्डले सिसिटिभीको निगरानीसहित सुरक्षा प्रदान गरेका थिए। सुनको जलहरीको तौल १०७ किलो ८०७ ग्राम देखिएको थियो। गुणस्तर परीक्षण गर्दा समग्रमा २२ क्यारेटको सुन प्रयोग भएको देखिएको थियो। २०८० असार १० गते अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पशुपतिनाथ मन्दिरको शिवलिङ्गमा राखिएको सुनको जलहरी नापतौल र गुणस्तर (क्यारेट) परीक्षण गरेको थियो।

अर्को वर्षदेखि...

अहिले रजिस्ट्रेसन फारामबापत विद्यार्थीले तीन सय रुपियाँ राजस्व तिर्दै आएका छन्। त्यस्तै कक्षा १० को अन्त्यमा लिइने माध्यमिक शिक्षा परीक्षा (एसइई) का लागि हरेक विद्यार्थीले परीक्षा फारामबापत पाँच सय रुपियाँ राजस्व तिर्दै आएका छन्।

कक्षा ११ मा रजिस्ट्रेसन फाराम भरेबापत विद्यार्थीले बोर्डलाई छ सय रुपियाँ राजस्व तिर्दै आएका छन्। कक्षा ११ को परीक्षा सञ्चालनको जिम्मा सम्बन्धित विद्यालयको भए पनि रजिस्ट्रेसन शुल्क भने बोर्डले लिँदै आएको छ।

शुल्क लिने कि नलिने भन्ने अन्योलका कारण यस वर्ष एसइईको परीक्षा फाराम भर्ने समयसमेत एक महिना ढिलो भइसकेको छ। परीक्षा नियन्त्रक पौडेलका अनुसार यस पटक परीक्षा फाराम भर्ने समय ३० दिन मात्रै दिइने छ। विगतमा परीक्षा फाराम भर्नका लागि ४५ दिन समय दिने गरिएको थियो।

साथै रजिस्ट्रेसन तथा परीक्षा फारामका लागि दोब्बर दस्तुर तिरेर एक साता समय थप दिने व्यवस्था पनि यस पटकबाट हटाइएको बोर्डले जनाएको छ। पौडेलले भन्नुभयो, "आवश्यकता पऱ्यो भने फाराम भर्न केही दिन थप गर्न सकिन्छ तर दोब्बर दस्तुरको व्यवस्था हटाइएको छ।"

परीक्षा फाराम र रजिस्ट्रेसन फारामबापत लिने शुल्क मिनाहा गरेपछि शिक्षा मन्त्रालयलाई भने हरेक वर्ष एक अर्ब रुपियाँभन्दा बढी आर्थिक व्ययभार थपिने छ। विद्यार्थीबाट लिएको शुल्कबाट परीक्षा सञ्चालन गर्दै आएको बोर्डलाई यो रकम मन्त्रालयले दिनुपर्ने छ। आर्थिक व्ययभार बढ्ने भएकै कारण कक्षा १२ को अन्त्यमा लिइने परीक्षा शुल्कको विषयमा भने बोर्डले हाल कुनै पनि निर्णय गरेको छैन।

त्रि.वि. शिक्षण अस्पताल, महाराजगञ्ज

सिलबन्दी बोलपत्र (E-Bidding) आह्वान गरिएको सूचना

प्रकाशित मिति : २०८१।०९।१२

यस अस्पतालका लागि निम्नानुसारका सामग्रीहरू खरिद गर्नका लागि विद्युतीय बोलपत्र आह्वान गरिएको छ। बोलपत्र फाराम खरिद गर्न इच्छुक इजाजत प्राप्त फर्मले हिमालयन बैंक लि.,महाराजगञ्ज शाखाको चल्ती हिसाब नं. (खाता नं.) ००२००५५३६५००१८ मा तपसिलमा उल्लिखित रकम जम्मा गरी (फिर्ता नहुने गरी) E Bidding (www.bolpatra.gov.np) मार्फत खरिद गरी पेश गर्न सकिनेछ। विस्तृत जानकारीका लागि यस अस्पतालको सामान्य प्रशासन शाखा 'क' मा सम्पर्क राख्न सकिनेछ। बोलपत्र खोल्ने बैठकमा उपस्थित बोलपत्र दाता वा निजको आधिकारिक प्रतिनिधिले बोलपत्र फाराम खरिद गरेको सक्कल भौचर र सक्कल बिडबन्ड लिई आउनुहुन अनुरोध गरिन्छ।

टे.नं.	बोलपत्रको नाम	बोलपत्र फारामको दस्तुर रकम	जमानत रकम	बोलपत्र खरिद गर्ने र बुझाउने अन्तिम मिति र समय	बोलपत्र खोल्ने मिति र समय	प्रि-बिड बैठक
M-018	Dental Chair	रु.३,०००।००	रु.२,१८,८१०।००	२०८१।१०।१४ गते १२:०० बजेसम्म	२०८१।१०।१४ गते २:०० बजे	२०८१।१०।०२ गते ११:३० बजे
M-019	Lab Chemicals	रु.३,०००।००	रु.१,०९,६००।००	२०८१।१०।१५ गते १२:०० बजेसम्म	२०८१।१०।१५ गते २:०० बजे	

नेपाल विद्युत प्राधिकरण

वितरण तथा ग्राहक सेवा निर्देशनालय
मधेश प्रादेशिक कार्यालय जनकपुर

सिलबन्दी दरभाउपत्र/बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(सूचना प्रकाशित मिति : २०८१/०९/१२

१. **कञ्चनपुर वितरण केन्द्र** (Email: kanchanpur@nea.org.np, फोन नं. ०३१-५६००६९)

सि. नं.	सिलबन्दी दरभाउपत्र नं.	छनोट भएको दरभाउपत्र दाताको नाम, ठेगाना	कबोल रकम रु. (मू.अ.क. सहित)
1.	NEA/KNPDC/ELECTRICALS/SQ/2081/082-03(Electricals)	श्री आर.एस.डि.कन्सर्न प्रा.लि., शान्तिनगर ३१, काठमाडौँ।	रु.६,६३,३०८।८७

२. **जनकपुर वितरण केन्द्र** (Email: janakpur@nea.org.np, फोन नं. ०४१-५९०४९४)

सि. नं.	सिलबन्दी दरभाउपत्र नं.	छनोट भएको दरभाउपत्र दाताको नाम, ठेगाना	कबोल रकम रु. (मू.अ.क. सहित)
1.	NEA/JDC/2081/082-SQ-01	श्री विलिङ सेन्टर, टोखा ८, काठमाडौँ।	रु.१४,०९,३८६।८५
2.	NEA/JDC/2081/082-SQ-02(Re)	श्री जे.डी. इन्टरनेशनल, बागबजार, काठमाडौँ	रु.१६,२८,४१२।४९
3.	NEA/JDC/2081/082-SQ-03(Re)	श्री पियरिया मा कन्सट्रक्सन, हंसपुर, धनुषा।	रु.१,६२,९५४।३२

नेपाल विद्युत प्राधिकरण

वितरण तथा ग्राहक सेवा निर्देशनालय
बागमती प्रदेश, प्रदेश डिभिजन कार्यालय, हेटौँडा

सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशित मितिः- २०८१/०९/१२

१. **रत्ननगर टाँडी वितरण केन्द्र** (Email: Tandi@nea.org.np, **फोन नम्बर** ०५६-६०८१६)

सि. नं.	सिलबन्दी दरभाउपत्र नं.	छनोट भएको दरभाउपत्र दाताको नाम र ठेगाना	कबोल रकम रु. (मू.अ.क. सहित)
१.	NEA/TDC-2081/082-SQ01	श्री एकता कन्स्ट्रक्सन, भरतपुर-१० चितवन।	रु.१,३७,११४।२०

- थप जानकारीका लागि सम्बन्धित वितरण केन्द्रमा सम्पर्क गर्नुहोला।

खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडको

चामल खरिद सम्बन्धी बोलपत्र आह्वानको सूचना

प्रकाशित मिति : २०८१।०९।१२

यस कम्पनीलाई विभिन्न कार्यालयका लागि कम्पनीको निर्धारित गुणस्तर बमोजिमको स्टिम जिरा मसिनो चामल खरिद गर्नुपर्ने भएकोले विद्युतीय माध्यमबाट बोलपत्र आह्वानको सूचना प्रकाशित गरिएको छ। इच्छुक बोलपत्रदाताले PPMO को e–GP system: **www.bolpatra.gov.np/egp** बाट बोलपत्र डाउनलोड गरी बोलपत्र कागजातमा उल्लेखित निर्देशन बमोजिम गरी मिति २०८१/१०/१३ गते दिनको १२:०० बजे सम्ममा खरिद/पेश गरी सक्नुपर्नेछ। पेश हुन आएका बोलपत्रहरू सोही दिनको २:०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहबरमा प्रधान कार्यालय काठमाडौँमा खोलिनेछ। यस सम्बन्धी विस्तृत जानकारी कम्पनीको वेबसाइट **www.fmtc.org.np** सूचना पाटी र PPMO को e–GP site: **www.bolpatra.gov.np/egp** बाट प्राप्त गर्न सकिनेछ।

प्रधान कार्यालय, खरिद एकाई, भद्रकाली प्लाजा, काठमाडौँ फोन नं. ०१ ५३६०८४४

नेपाल विद्युत प्राधिकरण

प्रधान कार्यालय
(गोरखापत्रमा सूचना प्रकाशित मिति : २०८१।०९।१२)

लिखित परीक्षाको नतिजा प्रकाशन र अन्तर्वार्ता परीक्षा कार्यक्रम सम्बन्धी सूचना

नेपाल विद्युत प्राधिकरणबाट २०८०।०७।२४ मा प्रकाशित निम्नलिखित विज्ञापन नम्बर अनुसार अधिकृत स्तरका पदहरूमा खुला र आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा स्थायी पदपूर्ति गर्न लोक सेवा आयोगबाट लिइएको लिखित परीक्षामा उत्तीर्ण भएका उम्मेदवारहरूको अन्तर्वार्ता परीक्षा कार्यक्रम मिति २०८१।०९।२२ गते सोमबार देखि सञ्चालन हुने भएकोले सो परीक्षा कार्यक्रमको विस्तृत विवरण प्राधिकरणको सूचना पाटी तथा वेबसाइट **www.nea.org.np** मा प्रकाशित गरिएको छ। अन्तर्वार्ता परीक्षाका लागि प्रवेश पत्र र सक्कल प्रमाणपत्रका साथ पासपोर्ट साइजको फोटो दुई प्रति, आवेदन गर्दा पेश गरेका प्रमाणपत्रहरूको प्रतिलिपि एक/एक प्रति उम्मेदवार स्वयंले प्रमाणित गरी तोकिएको दरखास्त फाराम भरी अन्तर्वार्ता परीक्षाको दिन आधा घण्टा अगाडि पदपूर्ति विभागमा उपस्थित भई रुजु गराउनुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

क्र.सं.	बढुवा सूचना नं./विज्ञापन नं.	तह	पद	सेवा	समूह/उपसमूह	किसिम
१.	२०८०/८१,प्रा. ७/आ.प्र.१०	७	इन्जिनियर	प्राविधिक	इलेक्ट्रिकल/इलेक्ट्रिकल	आ.प्र.
२.	२०८०/८१, प्रा. ७/१३	७	इन्जिनियर	प्राविधिक	इलेक्ट्रिकल/इलेक्ट्रिकल	खुला तथा समावेशी
३.	२०८०/८१, प्रा. ७/१४	७	इन्जिनियर	प्राविधिक	मेकानिकल	
४.	२०८०/८१, प्रा. ७/१५	७	इन्जिनियर	प्राविधिक	सिभिल/सिभिल	
५.	२०८०/८१, प्रा. ७/१६	७	सर्भे इन्जिनियर	प्राविधिक	सिभिल/सर्भे	खुला
६.	२०८०/८१, प्रा. ७/१७	७	इन्जिनियर	प्राविधिक	कम्प्युटर इन्जिनियरिङ	

सदस्य सचिव
पदपूर्ति समिति

सहकारी समस्या छिट्टै समाधान गरिने

चितवन समाचारदाता
नारायणगढ, पुस ११ गते

उपप्रधानमन्त्री तथा सहरी विकासमन्त्री प्रकाशमान सिंहले सहकारीपीडितको रकम व्यवस्थित रूपमा फिर्ता हुने बताउनुभएको छ। भरतपुर विमानस्थलमा पत्रकारसँग कुराकानी गर्दै उपप्रधानमन्त्री सिंहले सरकारले सहकारीको रकम फिर्ता गर्न अध्यादेशमार्फत प्रक्रिया अगाडि बढाएको बताउनुभयो।

"सरकारले अध्यादेशबाट सहकारी समस्या समाधान गर्ने प्रयास गरेको छ। पहिला पीडितको रकम व्यवस्थित रूपमा फिर्ता गराउनु सरकारको दायित्व हो," उहाँले थप्नुभयो, "पीडकलाई कारबाही पनि हुने र पीडितको पैसा फिर्ता गराउने व्यवस्था गर्न सरकार अहिले लागेको छ।" पीडकलाई कारबाही र पीडितलाई रकम फिर्ता गर्ने काम एकसाथ अगाडि बढेको पनि उहाँले जानकारी दिनुभयो। सहकारी ठगीको अभियोग लागेका राष्ट्रिय स्वतन्त्र पार्टीका अध्यक्ष पूर्वउपप्रधानमन्त्री रवि लामिछानेमाथिको



उपप्रधानमन्त्री तथा सहरी विकासमन्त्री प्रकाशमान सिंह ।

कारबाही के हुने भन्नेमा कानुनी प्रक्रियामा रहेको उहाँले बताउनुभयो।

"हामी त कानुनी राज्यका लागि लडेको पार्टीका कार्यकर्ता हौं। राज्यले गर्ने भनेको अनुसन्धानलाई निष्पक्ष छोडिदिने हो। यो के कसरी गर्ने भन्ने र मुद्दा कसरी चलाउने भन्ने कुरा कानुनी रूपमा अगाडि बढाउने कुरा हो। यसमा कसैको हस्तक्षेप हुँदैन," उहाँको भनाइ थियो। "रुलअफ ल म्यान्टेड एबिसिडी सबैलाई समान हुन्छ," उहाँले भन्नुभयो। सरकार फेरबदलका कुरा भने अहिले सम्भव नभएको उहाँले बताउनुभयो। "सातबुँदे समझदारी अनुसार सरकार अगाडि बढेको छ। आगामी निर्वाचनसम्म यही सरकार रहन्छ। अहिले हामी समझदारी अनुसार अगाडि बढेका छौं। यसमा कत्ति पनि फरक पर्नेवाला छैन," उहाँले भन्नुभयो।

संविधान लेखन तथा संशोधन गर्ने कुरा निश्चित विधि र प्रक्रिया पूरा गरेर मात्रै सम्भव हुने उहाँले स्पष्ट गर्नुभयो। "दुई दुई पटक संविधान सभाको निर्वाचन गरेर संविधान लेखेको हो। विधि र प्रक्रिया पूरा गरेर गरिने संविधान संशोधनको काम एउटा दलले गरेर मात्रै हुँदैन। संविधानको दफा दफामा छलफल गरेर दुई तिहाइ बहुमत पुऱ्याएर संशोधन गर्नुपर्ने संविधानका लागि धेरै भन्दा धेरै दलको सहमति चाहिन्छ। अहिले सरकार त्यही सहमति जुटाउन लागिरहेको छ," उहाँले भन्नुभयो।

सिन्धुपाल्चोक समाचारदाता
सिन्धुपाल्चोक, पुस ११ गते

अक्षयकोष स्थापना

बाह्रबिसे नगरपालिका-४ स्थित शारदा माध्यमिक विद्यालयका पूर्वविद्यार्थी समूहले आफू अध्ययन गरेको विद्यालयको शैक्षिक उन्नयनका लागि अक्षयकोष स्थापना गरेका छन्।

उक्त विद्यालयका २०५५ सालको एसएलसी समूहले सो विद्यालयमा अध्ययनरत जेहेनदार र आर्थिक रूपमा विपन्न विद्यार्थीलाई शैक्षिक सहयोगका लागि ५० हजार रुपियाँको अक्षयकोष स्थापना गरेको उक्त समूहका अध्यक्ष अम्बरबहादुर श्रेष्ठ (उमेश) ले जानकारी दिनुभयो। आर्थिक अभावका कारण कुनै पनि विद्यार्थीले बिचमै पढाइ छाड्न नपरोस् भन्ने उद्देश्यले अक्षयकोष स्थापना गरिएको उहाँले थप्नुभयो।

विद्यार्थीलाई फोहोर व्यवस्थापन प्रशिक्षण

चितवन समाचारदाता
चितवन, पुस ११ गते

फोहोर व्यवस्थापन गर्न जटिलता हुने भएपछि स्रोतमा नै व्यवस्थापन गर्नेबारेमा प्रशिक्षण दिन थालिएको छ। पूर्वी चितवनका विभिन्न विद्यालयमा अध्ययनरत विद्यार्थीलाई फोहोर व्यवस्थापन, वातावरण संरक्षणको विषयमा तालिम दिन थालिएको हो। फोहोर सङ्कलन गरी प्रशोधन गरी विभिन्न प्रयोगमा ल्याउने काम गर्दै आएको सफा ऊर्जा उत्पादन प्रालिले विद्यालयका विद्यार्थीलाई वातावरण तथा फोहोर व्यवस्थासम्बन्धी तालिम दिन थालेको हो।

पूर्वी चितवनको रत्ननगर र खैरहनी नगरपालिकाका विद्यालयमा अध्ययनरत विद्यार्थीमा यस्तो तालिम दिएपछि त्यसको प्रभाव सकारात्मक भएको सफा ऊर्जाका निर्देशक निर्णय पौडेलले जानकारी दिनुभयो। फोहोरको स्रोत नै घर भएकाले त्यहींबाट व्यवस्थापन र वातावरण संरक्षणको काम गर्नु पर्छ भनेर विद्यार्थीलाई प्रशिक्षण दिएको उहाँले बताउनुभयो। स्काइराइडर आवासीय मावि‍का अध्यक्ष मदन पुरीले सफा ऊर्जाले सुरु गरेको विद्यार्थीकेन्द्रित कार्यक्रम उदाहरणीय रहेको बताउनुभयो। सानै उमेरबाट फोहोर र वातावरण संरक्षणको ज्ञान दिनु भनेको अत्यन्तै सकारात्मक काम हो उहाँले भन्नुभयो।

प्रशिक्षक मैनादेवी फाउन्डेसनका अध्यक्ष तथा सामाजिक अभियन्ता केपी खनालले फोहोर व्यवस्थापनका लागि विद्यार्थीले अभिभावकलाई सचेत गराउनुपर्ने बताउनुभयो। फोहोरको उचित व्यवस्थापन हुन नसक्दा वातावरण संरक्षणमा चुनौती थपिएको भन्दै उहाँले विद्यार्थीस्तरबाट फोहोर व्यवस्थापन र सङ्कलनको कामलाई प्रभावकारी बनाउन समुदायस्तरमा जनचेतना आवश्यक रहेको जानकारी दिनुभयो।सफा ऊर्जाले खैरहनी वडा नं. ४, चैनपुरमा प्रशोधन उद्योग स्थापना गरी खैरहनी र रत्ननगरको फोहोर व्यवस्थापन गरिरहेको छ। खैरहनी नगरपालिकाको विशेष सहयोगमा स्थापना भएको उद्योगले अधिकांश फोहोर प्रशोधन गरिरहेको निर्देशक पौडेलले बताउनुभयो।

'आवश्यक ऐन बन्ने प्रक्रियामा छन्'

चितवन समाचारदाता
चितवन, पुस ११ गते

राष्ट्रिय सभाका अध्यक्ष नारायणप्रसाद दाहालले आवश्यक ऐनहरू बन्ने प्रक्रियामा रहेको बताउनुभएको छ। जिल्ला समन्वय समिति चितवनको समन्वयमा स्थानीय तहका प्रमुखसँग बिहीबार भएको अन्तर्क्रिया कार्यक्रममा उहाँले आवश्यक ऐन निर्माणको क्रममा रहेको जानकारी दिनुभयो। "स्थानीय तहका प्रमुखसँगको अन्तर्क्रियापछि मात्र ऐन निर्माण गर्नु पर्दछ। त्यही अनुसार स्थानीय तहका प्रमुखसँग छलफल र सुझाव सङ्कलन कार्य थालनी गरिएको छ," उहाँले बताउनुभयो।

उहाँले भन्नुभयो, "स्थानीयले काम गर्दा परेका समस्या, शिक्षा ऐन, अन्य क्षेत्र, कर्मचारी सेवा ऐन, प्रदेश, स्थानीय कर्मचारीसम्बन्धी व्यवस्थामा देखिएका समस्याको विषयमा छलफल गरी ऐन निर्माण गर्नु पर्दछ। विद्यमान ऐनमा देखिएका जटिलतामा संशोधनलगायतको काम गर्नुपर्ने छ। सशोधन, निर्माणलगायतको काम गर्नुपर्ने रहेको छ।" राष्ट्रिय सभाको बैठकमा कोरम नपुग्ने समस्याका कारण बैठक



राष्ट्रिय सभाका अध्यक्ष नारायणप्रसाद दाहाल ।

बसेर काम गर्न नसक्ने जटिलताले काम गर्न समस्या भएको भन्दै उहाँले भन्नुभयो, "बैठकमा सरकारका मन्त्रीको सहभागिबिना बैठक बस्नुपर्ने हुन्छ । बैठक बस्दा मन्त्रीको समय नपाएर बैठक बस्न नसक्ने समस्या भएका कारण काम गर्नलाई कठिनाइ भएको छ।"

राष्ट्रिय गौरवको आयोजनामा बजेट नपरेको सन्दर्भमा पनि छलफल गर्नुपर्ने अवस्था आएको उहाँले बताउनुभयो। "मन्त्रीलाई लाग्दैमा राष्ट्रिय गौरवका आयोजना नाम दिएको छ। साँच्चै गौरवको आयोजना हो, होइन भन्ने विषयमा छलफलपछि मात्र नाम दिनु पर्दछ," उहाँले भन्नुभयो। कार्यक्रममा उहाँले राजनीतिक उपलब्धि भए पनि जनताको चाहना अनुसारको छिटो प्रगति हुन नसकेका कारण सन्तुष्टिको अवस्था नभएको उहाँको भनाइ छ।

बाह्र सय पल्टनडाँडा ओझेलमा

दोलखा समाचारदाता
दोलखा, पुस ११ गते

सम्बन्धित निकायको बेवास्ताले ऐतिहासिक एवं पर्यटकीय दोलखाको बिगु गाउँपालिकास्थित (तामाङ भाषामा थोबा भनिने) बाह्र सय पल्टनडाँडा महत्त्वपूर्ण स्थल हुँदाहुँदै पनि ओझेलमा परेको छ।

महत्त्वपूर्ण स्थल बाह्र सय पल्टनडाँडाप्रति स्थानीय सरकारको ध्यान जान नसक्दा ओझेलमा परेको हो। वडा नम्बर ३ र ४ को नजिक परे पनि गाउँपालिकाको आठै वटा वडाको शिरमा यो स्थान पर्छ। वडा नं. ३ का वडाध्यक्ष ढालबहादुर तामाङले भन्नुभयो, "पालिकाको बजेटले केही गर्न सकिँदैन। सरकार नै यसको विकास विस्तारमा लाग्नु पर्छ भन्ने हाम्रो जोडदार माग रहेको छ।"

यसको विकास विस्तार हुन सके पर्यटकीय महत्त्वपूर्ण गन्तव्य स्थल बन्न सक्छ। पर्यटकीय गन्तव्य बनाउन सकिए पालिका मात्र होइन, मुलुकलाई नै फाइदा पुग्ने भन्दै वडा नं. १ का वडाध्यक्ष मेमबहादुर तामाङले त्यहाँसम्म पुग्ने पैदलमार्ग बन्नु जरुरी भएको बताउनुभयो। 'यो स्थान कति उचाइमा छ, बाह्र सय पल्टन नाम कसरी रह्यो' लगायतका विषयमा पालिकाले पनि चासो राख्नुपर्ने स्थानीयको भनाइ छ।

इतिहासका जानकार गोकर्णप्रसाद पोखरेलले भन्नुभयो, "लिखित इतिहासमा त कतै उल्लेखसम्म पनि भएको देखिँदैन। केही रहस्य त पक्कै छ। सबैतिरबाट देखिने उच्च स्थानमा बाह्र सय वटा ढुङ्गा ठड्याएर नेपाली सेनाको पोसाक लगाइदिएपछि तिब्बती सेनाको ध्यान यतै गएको मौका छोपेर नेपाली सेनाले बुद्धिमत्तापूर्ण तवरले फेरो हालेर तिब्बती सेनालाई घेरा हालेर आक्रमण गरी परास्त गरेको किंवदन्ती मात्र रहेको छ। डाँडामा अग्ला ढुङ्गा यत्रतत्र छरिएका छन्।"

तत्कालीन जिल्ला विकास समितिले प्रकाशन गरेको दोलखा जिल्लाको पर्यटन विकास तथा व्यवस्थापन योजना २०६९/७० देखि २०७३/७४ सम्म पाँच वर्षका लागि प्रस्तावित आवधिक कार्यक्रम पुस्तिकामा बाह्र सय पल्टन शीर्षक दिएर लेखिए अनुसार लामाबगरको थोपागाउँमा बाह्र सय वटा ढुङ्गाको पल्टन रहेको छ। जसको विषयमा किंवदन्ती छ कि नेपाल र तिब्बतबिच लडाइँ हुँदा नेपालका तर्फबाट बाह्र सय वटा ढुङ्गाको मान्छेको आकार ठड्याई तिब्बतीलाई पररास्त गरिएको थियो।

घोक्सिलामा पक्की पुल निर्माण सुरु



सिन्धुली समाचारदाता
सिन्धुलीमाढी, पुस ११ गते

बागमती प्रदेश सरकारको लगानीमा सिन्धुलीको गोलन्जोर गाउँपालिका-६ र ७ लाई जोड्ने घोक्सिला खोलामा ७० मिटर लामो पक्की पुल निर्माण सुरु गरिएको छ। गोलन्जोर गाउँपालिकाको बाराहा-घोक्सिला-हैबारबँसी सडक अन्तर्गत उक्त पुल निर्माण सुरु गरिएको गाउँपालिकाले जनाएको छ। पछिल्लो समयमा बागमती प्रदेश सरकारको सहयोगमा जिल्लाका विभिन्न खोलामा पक्की पुल धमाधम निर्माण भइरहेका छन्।

घोक्सिलामा पुल निर्माणका लागि सिर्जना निर्माण सेवा सिन्धुलीले गत जेठ १४ गते २०८२ को मङ्सिर १३ गतेभित्र सम्पन्न गर्ने गरी सम्झौता गरी निर्माण सुरु गरेको गाउँपालिका अध्यक्ष शङ्करराज बरालले जानकारी दिनुभयो। उहाँका अनुसार पुलको निर्माण लागत नौ करोड ४५ लाख ३७ हजार १२४ रुपियाँ रहेको छ। यो पुल बनेपछि मध्यपहाडी लोकमार्ग भएर यात्रा गर्ने यात्रुलाई समेत सहज हुने गाउँपालिका अध्यक्ष बरालले बताउनुभयो।

गोलन्जोर गाउँपालिका-६, हैबारस्थित अक्करे भिरमा वर्षाको मौसममा पहिरो खस्दा मध्यपहाडी लोकमार्ग अवरुद्ध हुँदै आएको छ। घोक्सिला पुल निर्माण सम्पन्न भएपछि गोलन्जोर गाउँपालिका-६ र ७ का नागरिकलाई बाह्रै महिना आवातजावत गर्न सहज हुने स्थानीयले बताएका छन्। सिर्जना निर्माण सेवा सिन्धुलीका प्रोप्राइटर उद्धव दाहालले सम्झौता मितिभित्रै उक्त पुल निर्माण सम्पन्न गर्ने बताउनुभयो। पूर्वाधार विकास कार्यालय सिन्धुलीका अनुसार जिल्लाका विभिन्न स्थानमा प्रदेश सरकारको लगानीमा १० वटा पक्की पुल निर्माण भइसकेका छन्। त्यस्तै आठ वटा नयाँ पुलको डिपिआर तयार गरी ठेक्का सम्झौता भई निर्माण सुरु भएको छ। सोहीमध्येको घोक्सिला पुल पनि हो।

जिल्लाका विभिन्न खोला तथा नदीमा निर्माणाधीन १२ वटा पक्की पुलमध्ये गत आर्थिक वर्ष २०८०/८१ को असार मसान्तसम्म १० वटा पुल निर्माण सम्पन्न भई सञ्चालनमा आएको कार्यालयले जनाएको छ। कार्यालयका सूचना अधिकारी तथा इन्जिनियर हेमन्त गाईले निर्माणाधीन हरिहरपुरगढी गाउँपालिका-२ र ४ लाई जोड्ने मरिण खोला पुल र सुनकोशी गाउँपालिका-७ को आरुबोटेखोला पुल चालु आव २०८१/८२ को असार मसान्तसम्म सकिने जानकारी दिनुभयो। गत आवमा जिल्लाको विभिन्न स्थानमा छ वटा नयाँ पक्की पुल निर्माणका लागि डिपिआर तयार गरी ठेक्का लागिसकेको छ। ठेक्का लागेका नयाँ पक्की पुलमा गोलन्जोर गाउँपालिकामा बारा-घोक्सिला पुल, घ्याङलेख गाउँपालिकामा तामाजोरखोला पुल, टाँडीखोला पुल, सुनकोशी गाउँपालिका-५ मा भोटेखोला पुल, कमलामाई नगरपालिका-२ मा चियाबारी-केवरे सडक अन्तर्गत ग्वाङखोला पुल र कमलामाई नगरपालिका-४ मै ग्वाङखोला पुल रहेको छ।

पूर्वाञ्चल विश्वविद्यालय
सेवा आयोगको कार्यालय
गोठगाउँ, मोरङ

प्रशासनिक पदहरूको आन्तरिक प्रतियोगिता सम्बन्धी सूचना

(प्रथम पटक सूचना प्रकाशित मिति: २०८१।०९।१२)

पूर्वाञ्चल विश्वविद्यालय अन्तर्गतका विभिन्न निकायमा रिक्त रहेका निम्नलिखित प्रशासनिक पदहरूमा पू.वि. नियमावली २०५३ (संसोधन सहित)को खण्ड-ख, सेवा सम्बन्धी नियमावली २०५३ को परिच्छेद-४ नियम २० तथा पू.वि. कर्मचारी छनौट तथा पदोन्नति प्रक्रिया एवम् कार्य प्रणाली २०७३ (संसोधन २०७८) बमोजिम आन्तरिक प्रतियोगिताद्वारा पदपूर्ति गर्नुपर्ने भएकोले सम्बन्धित सेवा/समूहको आन्तरिक प्रतियोगिताका लागि तोकिएको आवश्यक न्युनतम शैक्षिक योग्यता र आवेदित पदभन्दा एक तह मुनिको पदमा कम्तीमा ५ वर्ष स्थायी सेवा अवधि पूरा गरेका तथा महिला, मधेसी, दलित, आदिवासी जनजाति, अपाङ्ग एवम् पिछडिएका क्षेत्रका उम्मेदवारहरूको हकमा आवेदित पद भन्दा एक तह मुनिको पदमा कम्तीमा ४ वर्ष स्थायी सेवा अवधि पूरा गरेका उम्मेदवारहरूबाट मिति २०८१ माघ १७ गते र सो दिन सार्वजनिक बिदा पर्न गएमा सोको भोलीपल्ट दिउँसो ०२:०० बजे सम्म (दोब्बर दस्तुर तिरी २०८१ माघ २५ गते दिउँसो ०२:०० सम्म) पू. वि. सेवा आयोगको कार्यालय, गोठगाउँ, मोरङमा आइपुग्ने गरी २/२ प्रति आवेदन फाराम भरी दरखास्त पेश गर्न यो सूचना प्रकाशित गरिएको छ । म्याद नाघी प्राप्त हुन आएका र रीत नपुगेका दरखास्त फाराम उपर कुनै कार्यवाही हुने छैन । आवेदन फारामका साथमा नबिल बैंक लि., विराटनगर पू. वि. सेवा आयोगको कार्यालयको PU SEWA AAYOG OFFICE चल्ती खाता नं. ००७१००१७५१८९०७ मा रकम जम्मा गरेको सक्कल बैंक भउचर र तपसिल बमोजिमका कागजातहरूको २/२ प्रति प्रमाणित प्रतिलिपिहरू अनिवार्य रूपले पेश गर्नु पर्नेछ ।

तपसिल

१) शैक्षिक योग्यताको लब्धाङ्क पत्र र प्रमाणपत्र (प्रमाणपत्र नभएको भए अस्थायी प्रमाणपत्र)को प्रमाणित प्रतिलिपिहरू ।
२) तालिमको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।
३) हालसालै खिचिएको पासपोर्ट साइजको फोटो ३ प्रति ।
४) हाल कार्यरत पदमा बेतलवी विदा र अध्ययन विदा लिएको भए तथा विश्वविद्यालय बाहिर बेतलवी काजमा गएको भए सो को मिति खुल्ने कागजात ।
५) आवेदित पदभन्दा एक तहमुनिको पदमा स्थायी, अस्थायी, करार र बेतलवी काज सरूवा आदि सहित प्रष्ट मिति र क्याम्पस/कार्यालयमा कार्यरत रहेको सेवा अवधि खुलेको अनुभव सम्बन्धी प्रमाणित कागजात ।
६) हाल कार्यरत रहेको पदको स्थायी नियुक्ति पत्रको प्रमाणित प्रतिलिपि ।
७) **(क) विज्ञापन नं., पद र सेवा/समूहको रिक्त दरबन्दी सम्बन्धी विवरण:**

क्र.सं.	विज्ञापन नं.	पद	सेवा/समूह	रिक्त दरबन्दी
१.	०२४/०८१।०८२	मुख्य अधिकृत	प्रशासन	२
२.	०२५/०८१।०८२	मुख्य अधिकृत	लेखा	१
३.	०२६/०८१।०८२	मुख्य अधिकृत	कम्प्युटर	१
४.	०२७/०८१।०८२	बरिष्ठ अधिकृत	प्रशासन	२
५.	०२८/०८१।०८२	बरिष्ठ अधिकृत	लेखा	१
६.	०२९/०८१।०८२	अधिकृत	प्रशासन	४
७.	०३०/०८१।०८२	अधिकृत	लेखा	१
८.	०३१/०८१।०८२	अधिकृत	भण्डार	१
९.	०३२/०८१।०८२	अधिकृत	कम्प्युटर	२
१०.	०३३/०८१।०८२	अधिकृत (प्रा.)	सिनियर स्टाफ नर्स	२
११.	०३४/०८१।०८२	मुख्य सहायक	प्रशासन	६
१२.	०३५/०८१।०८२	सहायक	प्रशासन	७

(ख) बेतन: पूर्वाञ्चल विश्वविद्यालयको प्रचलित नियमानुसार हुनेछ ।
(ग) आवेदन दस्तुर: मूख्य अधिकृत पदका लागि रू. ४,०००।- (चार हजार मात्र), बरिष्ठ अधिकृत पदका लागि रू. ३,५००।- (तीन हजार पाँच सय मात्र), अधिकृत पदका लागि रू. ३,०००।- (तीन हजार मात्र), मुख्य सहायक पदका लागि रू. २,०००।- (दुई हजार मात्र) र सहायक पदका लागि रू. १,५००।- (एक हजार पाँच सय मात्र) ।

८) आवश्यक न्युनतम् योग्यता लगायत अन्य विस्तृत विवरण पू.वि. सेवा आयोगको वेबसाइट www.pusc.edu.np का साथै कार्यालयको सूचना पाटीमा समेत हेर्न सकिनेछ ।
९) आन्तरिक प्रतियोगिताको लिखित परिक्षाको मिति पछि प्रकाशित गरिने छ ।

द्रष्टव्य: उल्लेखित विज्ञापनमा भुलवस कुनै त्रुटि हुन गएमा सो सच्याउने अधिकार पूर्वाञ्चल विश्वविद्यालय सेवा आयोगमा सुरक्षित रहनेछ ।

नेपाल नोटरी पब्लिक परिषद्
कुपण्डोल, ललितपुर

खुला प्रतियोगितात्मक परीक्षाद्वारा स्थायी पदपूर्ति सम्बन्धी सूचना

(प्रकाशन मिति : २०८१।०९।१२)

नेपाल नोटरी पब्लिक परिषद्का देहायका पदमा स्थायी पदपूर्ति गर्नुपर्ने भएकोले तपसिलमा उल्लिखित योग्यता पुगेका इच्छुक नेपाली नागरिकबाट रीतपूर्वकको दरखास्त आह्वान गरिएको छ । तोकिएको न्यूनतम योग्यता पुगेका उम्मेदवारहरूले नेपाल नोटरी परिषद्को वेबसाइट **www.notarypublic.org.np** मा गई फाराम डाउनलोड गरी नेपाल नोटरी पब्लिक परिषद्को कार्यालय कुपण्डोल, ललितपुरमा बुझाउनुपर्नेछ । परीक्षा दस्तुर राष्ट्रिय वाणिज्य बैंक, थापाथलीमा रहेको नेपाल नोटरी पब्लिक परिषद्को खाता नं. १४३०१०००१३७३००१ मा जम्मा गरेको भौचर दरखास्त साथ संलग्न गर्नुपर्नेछ । दरखास्त दिने अन्तिम मिति पछिको ७ (सात) दिनसम्म दोब्बर दस्तुर तिरी दरखास्त दिन सकिनेछ । लिखित परीक्षा लोक सेवा आयोगबाट सञ्चालन हुनेछ ।

क्र.सं.	विज्ञापन नं.	पद	श्रेणी	सेवा/समूह	किसिम	पद सङ्ख्या
१	२/२०८१/०८२	नायब सुब्बा	सहायक प्रथम	नेपाल नोटरी पब्लिक परिषद्/ प्रशासन	खुला	१ (एक)

विज्ञापन सम्बन्धी विशेष सूचना : सम्मानित सर्वोच्च अदालतबाट रिट नं. ०७८-WO-०६६० समेतका उत्प्रेषणका निवेदनहरूमा मिति २०७९/१०/२४ मा भएको परमादेशको आदेश बमोजिम कानूनमा व्यवस्था भए पश्चात् सोही अनुसार पदपूर्ति गरिनेछ ।

नोट:
परीक्षाको किसिम : लिखित र अन्तर्वार्ता ।
परीक्षा दस्तुर : ८००।-
उमेर : मिति २०८१/१०/०३ गतेसम्म १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको तर महिला तथा अपाङ्गता भएका व्यक्तिको हकमा ४० वर्ष ननाघेको । दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यताको प्रयोजनका लागि गणना गरिनेछैन ।
आवश्यक न्यूनतम योग्यता : प्रमाणपत्र वा सो सरहको उपाधि प्राप्त गरेको ।
परीक्षा केन्द्र : काठमाडौं ।
दरखास्त बुझाउने स्थान : नेपाल नोटरी पब्लिक परिषद्को कार्यालय कुपण्डोल, ललितपुर ।
संलग्न गर्नुपर्ने कागजातहरू : उम्मेदवारको शैक्षिक योग्यता र नागरिकता प्रमाणपत्रका प्रतिलिपि । दरखास्त दिने उम्मेदवारले नेपाल बाहेक अन्य देशबाट शैक्षिक योग्यता हासिल गरेको भए सोको साथमा समकक्षता निर्धारण गरेको प्रमाणपत्रको प्रतिलिपि समेत अनिवार्य पेश गर्नुपर्नेछ ।
दरखास्त दिने अन्तिम मिति : २०८१/१०/०३ गते (दरखास्त फाराम बुझाउने अन्तिम दिन सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट सम्म) र दोब्बर दस्तुर २०८१/१०/१० गतेसम्म बुझाउन सकिनेछ ।
तलब तथा सुविधा : नेपाल नोटरी पब्लिक परिषद्को नियमानुसार ।
पाठ्यक्रम : परिषद्को वेबसाइट www.notarypublic.org.np मा बाट प्राप्त गर्न सकिनेछ ।
परीक्षा कार्यक्रम : लिखित परीक्षाको कार्यक्रम लोक सेवा आयोगसँग समन्वय गरी पछि प्रकाशन गरिनेछ ।

सदस्य-सचिव
पदपूर्ति समिति

नेपाल नोटरी पब्लिक परिषद्
कुपण्डोल, ललितपुर

कार्य क्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाका लागि आवेदन फाराम भर्ने सूचना

(प्रकाशन मिति : २०८१।०९।१२)

नोटरी पब्लिक परिषद्का कर्मचारीको नियुक्ति तथा सेवाको सर्त सम्बन्धी नियमावली, २०७० बमोजिम परिषद्मा रिक्त देहायका पदमा कार्य क्षमताको मूल्याङ्कनद्वारा बढुवा गरी पूर्ति गर्नुपर्ने भएकोले आवेदन दिने अन्तिम मिति २०८१/१०/१२ गते सम्ममा बढुवा हुने पदभन्दा एक तह मुनिको सम्बन्धित सेवा, समूहको पदमा तोकिएको सेवा अवधि र न्यूनतम शैक्षिक योग्यता पुगेका उम्मेदवारहरूबाट यो सूचना प्रकाशित भएको ३० दिनभित्र (दरखास्त फाराम बुझाउने अन्तिम दिन सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट सम्म) निर्धारित फाराम भरी नेपाल नोटरी पब्लिक परिषद्को कार्यालयमा दरखास्त दर्ता गराउन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

क्र.स.	विज्ञापन नं.	पद	श्रेणी	सेवा/समूह	पद सङ्ख्या
१	१/२०८१/०८२	नायब सुब्बा	सहायक प्रथम	नेपाल नोटरी पब्लिक परिषद्/प्रशासन	१ (एक)

सदस्य-सचिव
पदपूर्ति समिति

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्
गण्डकी प्रदेश कार्यालय
पोखरा, कास्की

सीप परीक्षणको आवेदन सम्बन्धी सूचना

सूचना प्रकाशित मिति : २०८१।०९।१२

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, राष्ट्रिय सीप परीक्षण समिति (National Skill Testing Board–NSTB) बाट स्वीकृत राष्ट्रिय व्यवसायगत सीप प्रमाणीका अनुसार, गण्डकी प्रदेश सरकार, सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय, नेपाल व्यावसायिक योग्यता प्रणाली परियोजना र स्थानीय तहको लागत साझेदारीमा सहुलियत शुल्कमा सञ्चालन हुने मौचर प्रणालीमा आधारित पूर्व सिकाइको मान्यता (Recognition of Prior Learning-RPL) विधि अनुसार तपसिलका पेशाका एकाइगत (Unit–Based) सीप परीक्षणमा सहभागी हुन चाहने स्वदेशी वा वैदेशिक रोजगारीबाट अनुभव प्राप्त तथा सीपयुक्त नेपाली नागरिकहरूबाट सम्बन्धित स्थानीय तहमा रहेका तपसिल बमोजिमका पेशा/व्यवसायमा फाराम भरी तोकिएका सङ्कलन केन्द्रहरूमा आवेदन फाराम पेश गर्न सम्बन्धित सबैलाई जानकारी गराइन्छ ।

यस सूचना तथा आवेदन फाराम सामाजिक विकास युवा तथा खेलकुद मन्त्रालय, गण्डकी प्रदेशको वेबसाइट https://mosd.gandaki.gov.np तथा प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् गण्डकी प्रदेश कार्यालयको वेबसाइट https://ctevtgandaki.org.np बाट डाउनलोड गर्न तथा तोकिएका फाराम सङ्कलन केन्द्रहरूबाट प्राप्त गर्न सकिनेछ ।

कामको परिणामले अनिवार्य रूपमा त्यस्तै प्रकारले पिछा गर्दछ, जसरी रातले दिनको पिछा गर्दछ
– बुद्ध



सम्पादकीय

कार्यदलका महत्त्वपूर्ण कार्यभार

वर्तमान सरकारका सामुन्ने नेपाली जनताको ठुलो भरोसा हुनु स्वाभाविक हो । प्रतिनिधि सभामा जननिर्वाचित दुई ठुला दल नेपाली कांग्रेस र नेपाल कम्युनिस्ट पार्टी (एमाले) विशेष परिस्थितिमा मिलेर गत असारमा वर्तमान सरकार निर्माण भएको हो । संसद्मा पहिलो र दोस्रो दल मिलेर संसारमा बिरलै सरकार बन्छ । नेपालमा पनि यी ठुला दुई दल एकै पटक सत्तामा बिरलै मात्र बसेको विगत छ । मुलुकका सामुन्ने रहेको ठुला चुनौती भने यी दुई ठुला दल सरकारमा रहेकै बेला सामना गर्न सहज भएको छ । जनतामा रहेको भनिएको व्यापक निराशालाई भरोसामा परिणत गर्नु वर्तमान सरकारको गहन जिम्मेवारी हो । त्यसै गरी मौजुदा संविधान निर्माणको एक दशक पुग्न लाग्दा यसलाई अझ प्रभावकारी बनाउन संशोधन आवश्यक छ । यी कार्यका निम्ति कार्यदल नै बनाएर अगाडि बढ्न थालिएबाट नयाँ सन्देश प्रवाह भएको छ ।

सत्ता साझेदार कांग्रेस र एमालेका शीर्ष नेता सम्मिलित उच्चस्तरीय राजनीतिक संयन्त्रको बैठक बुधबार बस्यो । बैठकले परिस्थितिको गम्भीर विश्लेषण गरेको छ । त्यस क्रममा संयन्त्रको बैठकले तीन वटा कार्यदल गठनको निर्णय गरेको छ । सरकारको सेवा प्रवाहलाई प्रभावकारी बनाउन, विधेयकलाई चाँडो अगाडि बढाउन र संविधान संशोधन कार्यलाई दृष्टिगत गरी कार्यदल गठन गर्ने निर्णय भएको हो । दुई वटा कार्यदल बनिसकेका छन् भने संविधान संशोधनको गृहकार्यका निम्ति भने कार्यदल बन्ने निर्णय भए पनि कार्यदल बन्न बाँकी छ ।

संविधान सभाबाट नेपाली जनताको ऐतिहासिक आकाङ्क्षा पूरा गरी निर्माण भएको मौजुदा संविधान कार्यान्वयनमा आएको एक दशक पुग लागेको छ । यो बिचमा कतिपय ऐन कानुन पहिल्यै बन्नुपर्ने थियो तर अनेक कारणले कतिपय कानुन समयमा बन्न सकेनन् । त्यसैले हुनु पर्छ, विचाराधीन विधेयकसहित संसद्लाई प्रभावकारी बनाउने सन्दर्भमा उच्चस्तरीय राजनीतिक संयन्त्रले नयाँ कार्यदल नै गठन गरेको छ । त्यस कार्यदलमा कांग्रेस सहमहामन्त्री जीवन परियार, एमाले सचिव योगेश भट्टराईसँगै कांग्रेस र एमालेका संसदीय दलका मुख्य सचेतक र सचेतक तथा राष्ट्रिय सभाका प्रमुख सचेतक सदस्य रहने छन् । अब चाँडै संसद्को हिउँदे अधिवेशन पनि बस्ने बेला भएको छ । संसदीय अभ्यासमा हिउँदे अधिवेशनलाई विधेयक अधिवेशनसमेत भन्ने प्रचलन रहेको छ । त्यसले आसन्न हिउँदे अधिवेशनमा बढी विधेयक पारित गर्न तथा संसदीय कारबाहीलाई जनमुखी र प्रभावकारी बनाउन नयाँ कार्यदलले गर्ने गृहकार्य बढी उपयोगी हुने ठानिएको छ । आवश्यक विधेयक आउने अधिवेशनबाटै पारित हुन सहज हुने विश्वास बढेको छ ।


वर्तमान सरकार निर्माण भएको यो छ महिनामा धेरै काम भएका छन् तर पनि जनतामा सरकारप्रति बढी आशा र भरोसा देखिन्छ । यस सन्दर्भमा कतिपय सेवा प्रवाह, लगानी प्रवर्धन सोचेजति सहज र सरल बन्न नसकेको गुनासोसमेत आउने गरेको छ । त्यसैले वर्तमान डिजिटल युगमा कसरी सेवा प्रवाहलाई प्रभावकारी बनाउन सकिन्छ भन्ने चिन्तन र गृहकार्य आवश्यक थियो । त्यसैले हुनु पर्छ, उच्चस्तरीय राजनीतिक संयन्त्रले यसमा विज्ञ सम्मिलित कार्यदल नै बनेको छ । सेवा प्रभावसँग सम्बन्धित कार्यदलमा दुवै दलबाट विज्ञको प्रतिनिधित्व छ । कांग्रेसले वरिष्ठ अधिवक्ता अरुण पौडेल, अधिवक्ता सेमन्त दाहाल र नीति तथा योजनाविज्ञ प्रताप पौडेल त्यस कार्यदलमा पठाएको छ । त्यसै गरी एमालेबाट पूर्वमुख्यसचिव लीलादेवी गड्तौला, पूर्वमुख्य न्यायाधिवक्ता राजेन्द्र घिमिरे र वरिष्ठ अधिवक्ता केदार कोइरालालाई कार्यदलमा पठाएको छ । त्यसै गरी एमालेबाट पूर्वमुख्यसचिव लीलादेवी गड्तौला, पूर्वमुख्य न्यायाधिवक्ता राजेन्द्र घिमिरे र वरिष्ठ अधिवक्ता केदार कोइरालालाई कार्यदलमा सहभागी गराइएको छ । लगानी बढाउन तथा सेवा प्रवाहमा तिव्रताका निम्ति निर्माण गरिएको यो कार्यदलप्रति महत्त्वपूर्ण कार्यभार देखिएको छ ।

वर्तमान सरकार निर्माणका क्रममा संविधान संशोधनलाई दुई ठुला दलले महत्त्वपूर्ण कार्यसूची बनाएका थिए । त्यसैले शीर्ष नेतृत्व सम्मिलित उच्चस्तरीय संयन्त्रले संविधानसँग सम्बन्धित कार्यदल निर्माणको निर्णय गरेको हो । यो कार्यदल चाँडै बन्ने छ । दिइएको जानकारी अनुसार त्यस कार्यदलले संविधान कार्यान्वयनको समग्र समीक्षा गरी गृहकार्य अगाडि बढाउने छ । त्यस क्रममा संविधान विस्तृत पुनरवलोकनलाई प्राथमिकता दिइने छ । साथै सङ्घीयता कार्यान्वयनको समेत गहन समीक्षा गरिने छ । विधायिकाले संवैधानिक प्रक्रिया अनुसार संविधान संशोधन अगाडि बढाउने भए पनि त्यसका निम्ति व्यापक गृहकार्य आवश्यकपर्ने छ । आमसहमति खोज्ने तथा देशव्यापी सुझावको समेत आवश्यकता पर्न सक्ने छ । नयाँ कार्यदल निश्चय नै विज्ञ सम्मिलित हुने छ । गहन राजनीतिक विमर्शसँगै बनेका यी तिनै कार्यदलको कार्यभार अति महत्त्वपूर्ण देखिन्छ ।

१०० वर्ष अघिको

गोर्खापत्र

१९७० साल भाद्र ३ गते सोमबार



बालनाच.

येहि गयाका ज्येष्ठ २३ गते बृहस्पति बारकादिन रातो शिमला पहाडका लाठ–भवनमा बालनाचको उत्सव ठूलो समारोह पूर्वक सम्पन्न भयो. धौलपुर, शिरमौर र रतलामका महाराज, जावराका नवाब, पटियालाका कुंवर साहेब, कपूरथलाका टीका साहेब आदि कैएक देशी राजन्यवर्ग पनि खूब सजधजका साथ बालनाचका उदघद्घाठनमा सम्मिलित भयेका थिये.



कृषि अनुदानको व्यवस्थापन



डा. हरिबहादुर केसी

अनुदान प्रवाहले खाद्य सुरक्षामा र कृषि क्षेत्रको व्यावसायीकरण र आधुनिकीकरणमा खासै योगदान नगरेको भन्दै आलोचना हुने गरे पनि तथ्यपरक अध्ययन पाइँदैन । कृषि क्षेत्रमा अनुदानको व्यवस्था नभएको भए अहिलेकै अवस्थाको कृषि क्षेत्र नरहन सक्थ्यो । खाद्य तथा पोषण सुरक्षामा अनुदानको प्रत्यक्ष प्रभावपर्ने नै भयो । त्यति मात्र यसले नभई औद्योगिक उत्पादन, रोजगारी सिर्जना र सेवा क्षेत्रलाई समेत टेवा पुऱ्याएको पाइन्छ । दीर्घकालीन कृषि योजनामा उल्लेख भए अनुसार कृषि क्षेत्रको उत्पादकत्व वृद्धि गर्न रासायनिक मलको भूमिका झन्डै ४० प्रतिशत हुन्छ । कृषिको विभिन्न क्षेत्रमा नेपाल सरकारले गरेको अनुदान खर्च र बाली उत्पादन र उत्पादकत्व बिच अन्तरसम्बन्ध हेर्दा धान, गहुँ र मकैको कुल उत्पादन र उत्पादकत्व र रासायनिक मलमा उपलब्ध गराइएको अनुदानबिच सकारात्मक सम्बन्ध छ । विगत २५ वर्षमा धान, गहुँ र मकैको उत्पादकत्व झन्डै दोब्बर भएको छ । कृषि क्षेत्रको कुल गार्हस्थ उत्पादनमा पनि अनुदानको सम्बन्ध सकारात्मक छ ।

प्रधानमन्त्री कृषि आधुनिकीकरण गरेको अनुदान प्रवाहले निम्न वर्गीय कृषकको आर्थिक अवस्था सुधार, उन्नत बिउ तथा बिरुवाको प्रयोग अभिवृद्धि, साना सिँचाइको कारण कृषि उत्पादनमा वृद्धि, मुख्य बाली वस्तुको उत्पादन तथा उत्पादकत्वमा वृद्धि, कृषि यान्त्रिकीकरण, बाली चक्रमा सुधार आदि परियोजनाका प्रभावी पक्ष देखिएको जानकारी परियोजनाको मध्यावधि समीक्षाले देखाएको छ । तराईका जिल्लाका कृषि क्षेत्रमा करिब ७५ प्रतिशत यान्त्रिकीकरण सम्भव भएको छ, यो पनि यान्त्रीकरणमा दिइएको अनुदानको प्रभाव हो । परियोजनाले यान्त्रिकीकरणमा गरेको अनुदान प्रवाहले बाली वस्तुको उत्पादन लागत ३५ प्रतिशतसम्म घटाउन योगदान गरेको तथ्याङ्क छ । एक अध्ययन अनुसार कृषि क्षेत्रको अनुसन्धान र विकासमा गरिएको खर्चको प्रतिफल प्रति ११ सम्म रहेको पाइन्छ, जुन अन्य क्षेत्रमा गरिएको लगानीको तुलनामा निकै उच्च हो । कृषि क्षेत्रमा गरेको लगानीको प्रभाव परिमाणात्मक मात्रै नभई गुणात्मक पनि रहन्छ । बाली तथा पशुपन्छी बिमा र सहुलियत कर्जाको प्रत्यक्ष प्रभाव पशुपन्छी र तरकारी तथा फलफूल क्षेत्रको व्यवसायीकरणमा परेको छ । पछिल्लो समयमा देखिएको यी क्षेत्रको बढोत्तरी कृषि गणना, २०७८ ले पनि स्पष्ट पारेको छ । भन्सार विभागको पछिल्ला वर्षका तथ्याङ्कले खाद्यान्न आयात घटेको देखिनु, जीवनस्तर सर्भेले उपभोगमा आएको फरकको विवरण र हालैका वर्षमा देखिएको पोषण स्थितिमा आएको सुधार हेर्ने हो भने यसमा कृषि क्षेत्रको उत्पादनको प्रभाव स्पष्ट देखिन्छ । यसले के देखाउँछ भने कृषिमा लगानी बढाउनै पर्छ, जसमा कृषि क्षेत्रको संरक्षणका साथै व्यावसायीकरणका लागि राज्यको सहयोग आवश्यक छ । मात्रै यो सहयोगको विधि र प्रक्रिया कसरी न्यायसङ्गत र उपलब्धिमूलक बनाउन सकिन्छ भन्ने नै हो ।

अनुदान व्यवस्थाका गुनासा

अनुदान वितरण र यससम्बन्धी सुसासनका सम्बन्धमा आएका गुनासा पनि कम्ती छैनन् । खास गरी रासायनिक मल, बिमा, कर्जा, बिउ जस्ता विषयका अनुदान उपभोग गर्ने सबैले नै स्वतः पाउने हुनाले प्रतिस्पर्धा गर्नुपर्ने भएन । यसमा पर्याप्त मात्रामा पहुँच हुनुपर्ने, सबैको सहज पहुँच हुनुपर्ने, पाउने प्रक्रिया सरल हुनुपर्ने जस्ता विषय प्रमुख रूपमा उठेका छन् । अनुदानका विषयका खास गुनासा भनेका प्रतिस्पर्धात्मक विधिबाट अनुदानग्राही छनोट गर्ने कार्यक्रमको हो । तीनै तहका संरचनाबाट सञ्चालन भएका अनुदान कार्यक्रममा हुने दोहरोपन, अनुदानग्राही छनोटमा पारदर्शिता, अनुदानमा उपलब्ध गराइएका वस्तुगत सामग्रीको गुणस्तर, अनुदानग्राहीको व्यवसायको निरन्तरता तथा वास्तविक कृषकको अनुदान कार्यक्रममा आबद्धता आदि विषयमा निकै पेचिलो र सोचनीय गुनासा सुनिन्छन् । सङ्घ, प्रदेश र स्थानीय तहबाट सञ्चालन गर्नुपर्ने र गर्न सकिने अनुदानका कार्यक्रममा स्पष्ट विभाजन नहुँदा कतिपय अवस्थामा तीनै तहका सरकारले एकै प्रकृतिका अनुदानका क्रियाकलाप सञ्चालन भइरहेको समेत देखिन्छ । तिनै तहका सरकारले सञ्चालन गर्ने कृषि विकास कार्यक्रमको तर्जुमा र कार्यान्वयनमा समन्वय र एकरूपता नहुँदा सञ्चालन भएका कार्यक्रमबाट अपेक्षाकृत उपलब्धि हासिल गर्न नसकिएका गुनासा पनि छन् । यस्ता अनुदानका कार्यक्रम प्रक्रियामुखी हुने, प्रतिस्पर्धात्मक छनोट प्रक्रिया अनावश्यक लामो, खर्चिलो र झन्झटिलो रहेको तथा अनुदानका कार्यक्रममा वास्तविक कृषक समुदायको ठुलो हिस्सालेे अपेक्षित लाभ लिन नसकेको र तीन तहको सरकारको समन्वय अभावका कारण कृषि अनुदानका कार्यक्रम अपेक्षाकृत प्रभावकारी हुन नसकिरहेका भन्ने विभिन्न सरोकारवालाको गुनासो रहने गरेको छ ।

> अनुदान प्रवाहबाट प्राप्त हुने प्रतिफलको आधारमा कृषि अनुदानलाई वर्गीकरण गरी र बढी प्रतिफल प्राप्त हुने बाली, नस्ल, क्षेत्र र भूगोलमा अनुदान प्रवाह केन्द्रित गर्नु पर्छ । सहुलियत/अनुदान प्रवाहका लागि सरल कार्यविधि तयार गरी कृषकको खातामा नगद भुक्तान हुने गरी व्यवस्था गर्न पनि सकिन्छ ।

सुधारका उपाय

कृषि क्षेत्रमा अनुदान सहयोग दिने व्यवस्था र व्यवस्थित बनाउने विषय राष्ट्रिय चासोको विषय हुनु पर्छ । विद्यमान रहेका अनुदानका व्यवस्थामा समेत पुनरवलोकन गरी राष्ट्रिय कृषि क्षेत्र संरक्षण तथा सहुलियत नीति तर्जुमा गरी लागु गर्नु आवश्यक छ । कृषिमा अनुदान कुन कुन क्षेत्र वा उपक्षेत्रमा दिने, कस्ता कृषकलाई कस्तो प्रकारको अनुदान दिने, अनुदानको दायरा कति हुने, सङ्घ प्रदेश र पालिकाले कस्ता कस्ता अनुदानको कार्य गर्ने, अनुदानका मोडालिटी कस्तो हुने, अनुगमन र प्रतिफलमापन कसरी गर्ने, समन्वय र सहकार्यको सम्बन्ध कसरी कायम गर्ने जस्ता विषयको नीतिगत पहिचान गर्नु पर्छ । कृषकको वर्गीकरणको आधारमा सहुलियत/अनुदानको सिमा निर्धारण गर्ने, विपन्न सीमान्तकृत र महिला कृषकलाई थप सहुलियत/अनुदान व्यवस्था गर्न सकिन्छ । यसका लागि कृषक सूचीकरण यथासक्य छिटो सम्पन्न गरी कृषक वर्गीकरण गरी परिचयपत्र वितरण गर्ने काम सकिहाल्नुपर्ने छ । अनुदान प्रवाहको प्राथमिकता निर्धारण र प्रतिफल अनुगमन गर्न तिनै तहका सरकारमा एक एक कृषि सहुलियत निर्धारण तथा अनुगमन समिति गठन गरी समन्वयात्मक रूपमा कार्य गर्न सकिन्छ ।

अनुदान प्रवाहका लागि आवश्यक कानुनी व्यवस्था तयार गरी तीनै तहका सरकारबाट लागु गर्न आवश्यक छ । कृषि क्षेत्रमा अनुदान दिने कुरा सार्वजनिक खरिदको विषयभन्दा फरक भएको र यो सहयोगको विषय भएकाले अनुदान प्रवाह प्रक्रियालाई कानुनी रूपमा परिभाषित गर्ने गरी कृषि ऐन तयार गर्ने । यसमा कृषि अनुदानको दुरुपयोग वा अल्प उपयोग गर्ने कार्यलाई निरुत्साहित गर्न कानुनी कारबाहीको व्यवस्था गर्ने, सङ्घ प्रदेश र स्थानीय तहमा कृषि सहुलियत/अनुदान प्रवाह मापदण्ड तयार गरी लागु गर्ने व्यवस्था गर्नुपर्ने छ । तत्कालका लागि सङ्घीय मन्त्रालयले कृषि क्षेत्र सहयोग सहुलियत तथा अनुदानको खाका तथा मापदण्ड जारी गर्ने र प्रदेश र स्थानीय तहले त्यसलाई आधार मानेर अनुदान सहुलियत तथा सहयोग प्रवाहको निर्देशिका तयार गरी कार्यान्वयन गर्ने कार्य हुन वाञ्छनीय हुन्छ ।

सूचनाबाट प्रस्ताव माग गरी प्रतिस्पर्धामा आधारित अनुदान पद्धति सबैको पहुँचमा पनि पुऱ्याउन नसकिने र सामाजिक न्यायका हिसाबले समेत अनुपयुक्त भएकाले यसलाई पूर्ण रूपमा खारेज गरे हुन्छ । यो पद्धतिबाट अनुदान प्रवाह झन्झटिलो, धेरै समय लाग्ने र सुशासनका हिसाबले महँगो हुन्छ । अनुदान प्राप्त गर्ने थोरै सङ्ख्यामा हुने र धेरैले नपाउने भएपछि विवादित पनि हुने गर्छ । व्यवसाय विकासका लागि परियोजना धितोको आधारमा सुलभ ब्याजदरमा सहज रूपमा कर्जा प्रवाह गर्ने व्यवस्था गर्न उपयुक्त हुन्छ । कृषि कर्जाको प्रकृति अन्य कर्जा भन्दा फरक हुने भएकाले एउटा सरकारी बैङ्कलाई सेवामूलक निर्दिष्ट बैङ्कका रूपमा तोकी कर्जा प्रवाहमा सहजीकरण गर्न पाए सबै भन्दा राम्रो हुन्थ्यो । त्यसो हुन नसके सहुलियतपूर्ण कर्जा तथा ब्याज अनुदानमा सबैको पहुच हुने गरी साना र धितो नभएका कृषकका लागि सहकारीमार्फत प्रवाह भएको कृषि कर्जामा समेत ब्याज अनुदान व्यवस्था गर्न उपयुक्त देखिन्छ । कृषि सहकारी यस्ता कामका लागि उपयुक्त माध्यम हुन सक्ने भए पनि सहकारी क्षेत्रको विद्यमान अनुभवका आधारमा धेरै आशा गर्न गाह्रो छ ।

सबैको पहुँचमा पुग्न सक्ने गरी कृषि उत्पादन र उत्पादन उपरान्तका क्रियाकलापमा प्रयोग हुने विद्युत् महसुलमा सहुलियत, बाली तथा पशुपन्छी बिमामा सहज पहुँच, बिउबीजन, बिरुवा/बेर्ना, पशु नस्ल माछा भुरामा सहज पहुँच र मूल्यमा सहुलियत प्रवाह गर्दा उपयुक्त हुन्छ । अन्य मुलुकको सिकाइको आधारमा अनुदान सरकारले तोकेर दिने भन्दा पनि भौचर प्रणालीको माध्यमबाट कृषकले आफ्नो आवश्यकता अनुसारको प्राविधिक सेवा वा रासायनिक मलखादलगायतका निश्चित उत्पादन सामग्रीमा अनुदान लिने गरी कार्यान्वयन गर्ने विकल्पमा जान सकिन्छ । सरकारी निकायले सिँचाइ पूर्वाधार विकास, कृषि प्रविधि विकास र प्रसार, कृषि बजार प्रवर्धन, कृषि उत्पादनका यन्त्र उपकरणको आयात र प्रारम्भिक प्रशोधनका उपकरणमा भन्सार छुट, पूर्वाधार विकासमा सहुलियत/अनुदान केन्द्रित गर्दा उपयुक्त हुने देखिन्छ । अनुदान प्रवाहबाट प्राप्त हुने प्रतिफलको आधारमा कृषि अनुदानलाई वर्गीकरण गरी र बढी प्रतिफल प्राप्त हुने बाली, नस्ल, क्षेत्र र भूगोलमा अनुदान प्रवाह केन्द्रित गर्नु पर्छ । सहुलियत/अनुदान प्रवाहका लागि सरल कार्यविधि तयार गरी कृषकको खातामा नगद भुक्तान हुने गरी व्यवस्था गर्न पनि सकिन्छ ।

प्रतिफल गणना र मापन गर्न सकिने बाली वस्तुमा प्रतिफलका आधारमा सहुलियत/अनुदान प्रवाह गर्ने विकल्पमा जान सकिन्छ, केही यस्ता कार्य भएका पनि छन् । प्रतिफलमा आधारित अनुदानका बारेका धेरै चर्चा हुने गरे पनि यो व्यवस्थाको कार्यान्वयन त्यति सहज छैन । कृषकले प्राप्त गर्ने अधिकांश सहुलियत/अनुदान स्थानीय तहबाट प्राप्त हुने गरी व्यवस्था गर्न उपयुक्त हुन्छ ।

वैदेशिक सहयोग परिचालनमा चासो



केबी बस्नेत

दोस्रो विश्वयुद्धले धरासायी भएको पश्चिम युरोपको समग्र विकासका लागि धेरै पुँजीको आवश्यकता थियो । त्यसैले विश्व अर्थव्यवस्थामा वैदेशिक सहयोगको प्रचलन उक्त युद्धको समाप्तिपछि भएको हो । वास्तवमा युद्धले क्षतिग्रस्त बनाएका युरोपेली मुलुकको पुनरुत्थानका लागि संयुक्त राज्य अमेरिकाले मार्सल प्लान अन्तर्गत प्रवाह गरेको १२.५ मिलियन अमेरिकी डलरबाट विश्वमा वैदेशिक सहयोगको सुरु भएको हो ।

नेपाल जस्तो अति कम विकसित देशका लागि यहाँको राष्ट्रिय बजेट प्रायः आफ्ना विकास लक्ष्य हासिल गर्न आवश्यक रकमको कमी हुन्छ । वैदेशिक सहयोगले वित्तपोषण गरी यहाँको चौतर्फी विकासमा सघाउ पुऱ्याउँछ । वैदेशिक सहयोगबाट प्राप्त कार्यक्रमलाई संयुक्त राष्ट्रसङ्घको दिगो विकास लक्ष्य जस्ता अन्तर्राष्ट्रिय विकास परिपाटी अन्तर्गत आफ्नो दायित्व पूरा गर्ने माध्यमका रूपमा हेरिन्छ । त्यसैले उक्त सहयोगको महत्त्व कम छैन ।

वस्तुतः उक्त सहयोग प्राप्त हुन थालेपछि नेपालले विभिन्न दातासँग सहकार्य गरेर शिक्षा, स्वास्थ्य सेवा, गरिबी न्यूनीकरण, जलवायु परिवर्तन अनुकूलन जस्ता क्षेत्रमा विभिन्न कार्यक्रम सञ्चालन गरिरहेको छ । विभिन्न दातासँग आबद्ध हुनाले यो देशले विभिन्न दातृ राष्ट्र तथा अन्तर्राष्ट्रिय सङ्घ संस्थासँग कूटनीतिक तथा व्यापारिक सम्बन्ध सुदृढ गरी आर्थिक तथा राजनीतिक सहयोगका लागि पनि केही अवसर प्राप्त गरेको छ । यसबाट द्विपक्षीय र बहुपक्षीय सम्बन्ध सुदृढ गर्न मद्दत भएको छ ।

राजनीतिक स्थायित्व, आर्थिक विकास र सामाजिक कल्याणका लागि नेपालले लामो समयदेखि विभिन्न समस्या सामना गर्दै आएको छ । यी समस्या न्यूनीकरणका लागि यहाँ वैदेशिक सहयोगबाट सञ्चालित कार्यक्रमले महत्त्वपूर्ण भूमिका खेल्दै आएका छन् । नेपालमा सर्वप्रथम सन् १९५१ जनवरी २३ मा अमेरिकी सरकारबाट दुई हजार डलर अमेरिकी सहयोग प्राप्त भएको थियो । तत्कालीन अमेरिकी राष्ट्रपति ह्यारी ट्रुम्यानले घोषणा गरेको 'प्वाइन्ट फोर प्रोग्राम' अन्तर्गत यस्तो सहायता प्राप्त भएको हो ।

सन् १९६० देखि नेपाललाई चीन, जापान, भारत, बेलायत, अस्ट्रेलिया, स्विट्जरल्यान्डलगायत देशले शिक्षा, स्वास्थ्य, सञ्चार र उद्योगको विभिन्न क्षेत्रमा द्विपक्षीय सहायता जुट्न थाल्यो । उक्त समयमा धेरै जसो सहायता अनुदानको रूपमा प्राप्त भएको थियो । सन् १९६० मध्यतिर निर्माण गरिएका विकास आयोजना अनुदान सहायताबाट सम्पन्न भए । सन् १९६० पछि नेपालले विश्व बैङ्क, एसियाली विकास बैङ्क र संयुक्त राष्ट्रसङ्घ जस्ता बहुपक्षीय दाताबाट वैदेशिक सहयोग प्राप्त गरिरहेको छ । सन् १९६५ देखि यहाँ बहुपक्षीय अनुदान प्राप्त हुन थालेको हो । वर्तमान समयमा नेपालमा द्विपक्षीय र बहुपक्षीय दुवै किसिमका सहायता प्राप्त भइरहेको छ । जुन ऋण तथा अनुदान दुवै रूपमा प्राप्त हुन्छ ।

नेपालमा विसं २००८ देखि औपचारिक रूपमा सुरु गरिएको वैदेशिक सहायताले हालसम्म पनि यहाँको राष्ट्रिय बजेटमा महत्त्वपूर्ण भूमिका खेल्दै आएको छ । यति मात्र होइन, यसले नयाँ ज्ञान र प्रविधि भित्र्याउने तथा अन्तर्राष्ट्रिय, कूटनीतिक, सांस्कृतिक, व्यापारिक एवं राजनीतिक सम्बन्ध सुदृढ गर्ने काममा पनि सघाउ पुऱ्याएको छ । नेपालको समग्र विकासका आकाङ्क्षालाई सहजताका साथ अगाडि बढाउन विपुल धनराशिको आवश्यकता पर्छ । आर्थिक, सामाजिक र उत्पादनशील क्षेत्रको सुदृढ गर्नु यहाँका समकालीन विकासका चुनौती हुन् । यहाँ विद्यमान न्यून स्रोतसाधन, साँघुरो बजार पहुँचको कारण यी चुनौतीको डटेर सामना गर्न कठिन छ । यस्तो अवस्थामा वैदेशिक सहयोगको भूमिका कम महत्त्वपूर्ण छैन ।


नेपालमा झन्डै सात दशक अघिदेखि राष्ट्रिय रूपमा वित्तीय स्रोतको परिचालन एवं विभिन्न स्रोतसाधनको न्यूनता पूर्ति गर्न वैदेशिक सहयोगले महत्त्वपूर्ण भूमिका खेल्दै आएको छ । यस्तो सहायता यहाँको आर्थिक विकासमा आशा गरे अनुरूप प्रभावकारी भएको छैन । नेपालमा विद्यमान स्रोतसाधनको न्यूनता र साँघुरो बजार पहुँचको कारण यहाँ विद्यमान समस्या सहजै समाधान गर्न सकिने अवस्था छैन । यस्तो अवस्थामा वैदेशिक सहयोगले यहाँको अर्थतन्त्र सबलीकरणका लागि केही योगदान पुऱ्याइरहेको छ । विभिन्न समस्याको कारणले उक्त सहयोगले यहाँको आर्थिक विकासमा ठोस प्रभाव पार्न सकेको छैन । वस्तुतः नेपाली अर्थतन्त्रमा वैदेशिक सहयोग परिचालनमा उपयुक्त उपाय अपनाउन नसक्नाले यस्तो भएको हो ।

कुनै पनि देशमा विकास साझेदारहरूले प्रतिबद्ध गरेको वैदेशिक सहयोग यथोचित समयमा प्राप्त गरी विकास परियोजना निर्माण गर्न गृहकार्य गर्न आवश्यक छ । हालसम्म पनि यहाँ यस्तो कार्य नगरिएकाले विकासले गति लिन सकेको छैन । कुनै पनि प्रस्तावित परियोजनाको सञ्चालनबारे सम्बन्धित दातासँग विभिन्न चरणमा छलफल भई सहमति भएपछि मात्र रकम भित्रिन थाल्छ । नेपालमा प्रथम चरणदेखि नै समस्या देखिन्छन् । राष्ट्रिय रूपले प्राथमिकतामा नपरेका स्थानीय आवश्यकताभन्दा फरक एवं वैदेशिक सहयोग नै नचाहिने क्षेत्रमा उक्त सहयोग स्वीकार गर्नु नेपाल सरकार र दाताबिच आवश्यक तालमेल एवं तादाम्यता नहुनु, प्रशासनलाई छिटोछरितो एवं समयानुकूल बनाउन नसक्नु जस्ता समस्याले उक्त सहायताको प्रभावकारितामा अवरोध पुऱ्याएका छन् ।

वैदेशिक सहायताबाट सञ्चालित आयोजनामा नेपाल सरकारको अपनत्व नरहनु, आयोजना तथा कार्यक्रम कार्यान्वयनका लागि दातृ पक्षले राखेका सर्त अनुसार कोटेसन आह्वान गर्नु, केन्द्रीकृत मानसिकताका कारण वैदेशिक सहयोगका आयोजना तथा कार्यक्रम सञ्चालन गर्न जटिल हुनु, परियोजना तयार नै नगरी ऋण सम्झौता गर्नु र सहायता परिचालनको नाममा आयोजनाको विस्तृत विश्लेषण र सम्भाव्यता अध्ययन नगरी हचुवाको भरमा कार्यान्वयन गर्ने प्रयास गर्नु पनि समस्याकै रूपमा रहेका छन् ।

साना विकास परियोजनामा वैदेशिक सहयोग परिचालन गर्ने बढ्दो प्रवृत्तिले एकातिर उक्त सहयोगको सदुपयोग गर्न सकिएको छैन भने अर्कोतिर कारोबार लागत खर्च बढेको छ । फलतः यहाँको अर्थतन्त्रमा नकारात्मक प्रभाव परेको छ । वैदेशिक सहयोग अन्तर्गत खर्च गरिएको रकम उपयुक्त समयमा शोधभर्ना लिन नसक्नु नेपालका लागि गम्भीर चुनौतीको रूपमा रहेको छ । यसबाट यहाँको विकास कार्यमा बाधा पुगेको छ । कहिलेकाहीं दातृ निकायसँग भएको सहायता सम्झौतालाई वास्ता नगरी खर्च गरिन्छ । यस्ता खर्चको शोधभर्ना प्राप्त हुँदैन । कुनै पनि देशले ऋण सम्झौतामा निर्धारित अवधिभित्र रकम खर्च नसकेमा दातृ राष्ट्रलाई प्रतिबद्धता शुल्क तिर्नु पर्छ । नेपालको उक्त सहायता परिचालनको कमजोर क्षमताको कारण उक्त शुल्कबापत यसले बर्सेनि करोडौं रुपियाँ दातृ राष्ट्रलाई तिर्नु परेको छ । हालसम्म पनि यहाँ वैदेशिक सहायता व्यवस्थापन प्रणाली प्रभावकारी बनाउन नसक्नाले विकास साझेदारबाट प्राप्त हुने सहायता यहाँको सरकारको सूचना प्रणालीमा समावेश गरिँदैन । यहाँको सूचना प्रणाली बाहिरबाट खर्च गर्नुपर्ने समस्या झेल्नु परेको छ ।

नेपालमा पुँजीगत खर्च कम हुनु, कर्मचारीको सरुवा भइरहनाले आयोजना कार्यान्वयनमा ढिलाइ हुनु, ठेकापट्टामा ढिलाइ हुनु, सार्वजनिक वित्तीय व्यवस्थापन तथा सार्वजनिक खरिद प्रक्रियालाई प्रभावकारी बनाउन नसक्नु जस्ता समस्याले वैदेशिक सहयोग परिचालनमा बाधा पुऱ्याएको छ । नेपालका लागि वैदेशिक सहयोग आवश्यकता मात्र नभई बाध्यता पनि हो । विद्यमान समस्याको न्यूनीकरण गरी उक्त सहयोगको अधिकतम परिचालन गर्न आवश्यक छ ।



चिन्तन

एकः स्वादु न भुञ्जीतः
एकस्चार्थान्न चिन्तयेत् ।
एको न गच्छेदध्वानं नैकः सुप्तेषु
जागृयात् ।।

एक्लै स्वादिलो भोजन नगर्नू, एक्लै कुनै विषयको निर्णयमा नपुग्नू, एक्लै बाटो नहिँड्नू र धेरैजना सुतेको ठाउँमा आफू एक्लो जागा नबस्नू !

– विदुर नीति

लेख प्रतिक्रियाका लागि
gopafeature@gmail.com
gopashanibar@gmail.com (शनिबारका लागि)

ज्येष्ठ नागरिकका अपेक्षा





प्राडा प्रेम शर्मा

सङ्घीय गणतान्त्रिक नेपालको संविधान कार्यान्वयनपश्चात् ज्येष्ठ नागरिक ऐन, २०६३ महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयभित्र सक्रिय रहन थाल्यो। संविधानको धारा-४१ ले मौलिक हकको रूपमा ज्येष्ठ नागरिकलाई राज्यबाट विशेष संरक्षण तथा सामाजिक सुरक्षाको हक हुने व्यवस्था सार्थक उपलब्धि हो। ज्येष्ठ नागरिक ऐन, २०६३ (प्रथम संशोधन २०७९) जनसमक्ष कार्यान्वयनमा आएको छ। यो संशोधन अत्यन्त प्रभावकारी र व्यावहारिक छ। यसै प्रसङ्गमा स्थानीय तहको एकल अधिकार क्षेत्र भित्र संविधानको अनुसूची- ८ क्रसं १६ मा व्यवस्था छ। संशोधन ऐनले ज्येष्ठ नागरिकका अधिकारहरू के-के हुने छन् र उनीहरूको पालन पोषण तथा हेरचाह गर्ने कर्तव्य कसको, कसरी हुने र नभए (दुरुपयोग) मा को-को जिम्मेवार हुने र कसरी व्यवस्थापन गर्ने आदि व्यवस्था गरिएको छ। यसका साथै आमजनचेतनामूलक राष्ट्रिय एवं अन्तर्राष्ट्रिय ज्येष्ठ नागरिक दिवस अक्टोबर-१, अल्जामायर्स डे, ज्येष्ठ नागरिक दुरुपयोग/हिंसाविरुद्धको अभियान, सन्धि सम्झौता, महासन्धिमार्फत नेपाल सरकार निराकरण एवं व्यवस्थापनका क्षेत्रमा विविध कार्यक्रमसहित सक्रिय रहँदै आइरहेको छ। त्यसैमध्ये नेपाल सरकार मन्त्रीपरिषद्को विसं २०७८ जेठ १० को निर्णय अनुसार हरेक वर्ष पुस ११ गतेलाई राष्ट्रिय ज्येष्ठ नागरिक दिवस एउटा सार्थक नारासहित मनाउँदै आइरहेको छ। यस वर्षको नारा 'सभ्य समाजको आधार : ज्येष्ठ नागरिकमैत्री घर परिवार' रहेको छ।

> स्थानीय सरकारको भूमिका र त्यसभित्र न्यायिक समिति र वडा समिति सक्रिय रहनु अति आवश्यक छ। ज्येष्ठ नागरिकका समस्या र सवालहरूलाई वडा तहमै समाधान गर्ने, बढीमा न्यायिक समिति वा पालिकाभन्दा न्यायपालिकातर्फ धकेल्न हुँदैन। असल शासनमा विधिको शासन हुन्छ, विधिको शासनभित्र दण्डहीनता हुँदैन, संस्कार र पद्धतिले काम गर्छ।

परिवार, समाज र राज्यको उत्पत्तिपूर्व मानिस असभ्य अवस्थाबाट सभ्य, नैतिक, चरित्रवान् र दया, धर्म, कर्ममा मानवका मूल्य र मान्यतालाई बढी महत्त्व राख्दथ्यो तर आज २१ औँ शताब्दीमा मानिसका महत्त्वकाङ्क्षा बढ्दै गए। प्रविधि र आमसञ्चार माध्यम सामाजिक सञ्जालमार्फत जनचेतना अकल्पनीय तरिकाले परिवर्तन एवं रूपान्तरण गर्दै आइरहेको छ। अर्थात् मानिसलाई विज्ञान र प्रविधि फलिफाप त भयो तर बुद्यौली समयलाई अभिशाप तुल्य छ। किनभने आज ती अमूल्य निधि (ज्येष्ठ नागरिक) भोलि हामी सबै आफ्नो ऊर्जाशील समय, आफ्नो परिवार, समाज र राज्यलाई योगदान गरेका व्यक्ति उत्तरार्द्धमा निसहाय हुन बाध्य छौँ। विज्ञान र प्रविधिको छालमा, असल शासनको अभाव र बसाइसराइँको चपेटामा नयाँ पुस्तासँग छुट्टिन बाध्य छौँ। यो समस्यालाई पश्चिमा मुलुक र विकसित देश/सरकारले वृद्धवृद्धाको राम्रो व्यवस्थापन पनि गर्न सफल छन् तर गरिब, विपन्न र पिछडिएको समाज क्षेत्र, सरकार र व्यवस्थापनलाई ठुलो चुनौतीको रूपमा देखा परिरहेको छ। यसैले यो समस्याको निराकरण/व्यवस्थापन जराधारबाट पहिल्याउने प्रयास गरौँ। यसको प्रथम सुरुवात आमजनचेतना नै हो। यो पूर्वीय सभ्यता, संस्कार, रितिथिति- मातृ देवो भवः, पित्रृ देवो भवः, गुरु देवो भवः आदि भन्ने मूल मन्त्रबाट मात्र सम्भव छ। त्यो शिक्षा- औपचारिक वा अनौपचारिक, भौतिक वा अध्यात्मिक, नैतिक र निर्देशित जेसुकै माध्यमद्वारा दिऔँ तर सारतत्त्व परिवारका सदस्यमा न्यूनतम मानव चेतना वा जनचेतना/दीक्षा त्यहाँबाट सुरुवात गरौँ। आजका बाबुआमा भोलिका वृद्धवृद्धा, आजका युवकयुवती भोलिका आमाबाबु र आजका बालबालिका भोलिका आमाबाबुको पालो र गन्तव्य सबैको एउटै हो। यसमा कोही भ्रम पर्नु छैन, आँखा चिम्लनुपर्ने छैन।

हिजोको वस्तु विनिमय (बाटर प्रणाली), त्यसपछि धातुजन्य सिक्काको प्रचलन आज कारोबार असहज हुँदा कागजी नोटमा ठिक थियो। त्यत्तिले पुगेन, आज पैसाको रूपान्तरण डिजिटल करेन्सी (स्क्यान एन्ड पे) ठ्यास-ठ्यास मोबाइल टु मोबाइल व्यापार व्यवसाय नोट देख्दै नपर्ने ! मानिस यान्त्रीकीकरण भइसक्यो कसलाई दोष ? यो हाम्रो आवश्यकताको आविष्कार होइन र ? छोराछोरी नपढाएर भएन, राम्रो पढायो घरबास (गाउँ ठाउँ देश) छाडेर बिदेसिनुपर्ने बाध्यता हामी आफैंले सिर्जना गरेका होइनौँ र ! यस्तो अवस्थामा अब हामी मानवमैत्री समाजको वातावरण निर्माण गरौँ, जहाँ बाजेबजैदेखि नातिनातिना पुस्ताबिच सम्पर्क निरन्तरता कायम हुने/रहने समाज र परिवारको निर्माण गरौँ अर्थात् 'जहाँ सभ्य समाजको आधार : ज्येष्ठ नागरिकमैत्री परिवार' को परिकल्पनासहित अगाडि बढ्न सफल होऔँ।

ज्येष्ठ नागरिकको अवस्था

ज्येष्ठ नागरिकको समस्याले ठुलो चुनौती दिइरहेको छ। नेपालमा जनसङ्ख्याको १०.२ प्रतिशत (झन्डै ३० लाख) ज्येष्ठ नागरिकको अंश रहेको छ। रोजगारी, अध्ययन र अन्य कारणले युवा शक्ति तिब्र गतिमा बिदेसिने गरेका छन्। अर्कोतर्फ गाउँबाट छिमेकी मुलुक भारत र चीन अस्थायी बसाइँसराइ र गाउँबाट सहरतिर आन्तरिक बसाइँसराइको क्रम पनि बढदो छ। जनचेतनाको अभावमा ज्येष्ठ नागरिकहरू पनि आफ्नो अधिकार र कर्तव्यबारे बेखबर छन्। विसं २०५१ पछि मात्र सामाजिक सुरक्षाका लागि वितरण भएको सानो सहायता रकम एक सय रुपियाँ हाल चार हजार रुपियाँ पुग्दा ज्येष्ठ नागरिक निकै नै जागरुक भएका छन्। हाम्रो सामाजिक-सांस्कृतिक संरचना र परम्पराले यो भत्ताको सदुपयोग धेरै भएको तर परिवारभित्र ज्येष्ठ नागरिकको रेखदेख गर्ने जिम्मेवार व्यक्तिबाट पनि दुरुपयोग गर्ने गरेको गुनासा सुनिन्छ। यो तथ्य कुनै एक अध्ययन प्रतिवेदनले ज्येष्ठ नागरिक अधिकांश आफ्नै छोराछोरी, बुहारी (परिवरजन)बाट दुरुपयोग हुने गरेको भेटिएको छ। यसमा नेपाल पनि अलग छैन। यसविरुद्ध उनीहरू सरोकार निकाय पालिकाको वडा र न्यायिक समितिमा गुनासो राख्न चाहँदैनन्। न्यायिक उपचारको खोजी गर्नुभन्दा पीडा लुकाएर/सहेर बस्ने चलन पनि छ। त्यसै गरी जनप्रतिनिधि पनि आफ्नो मत सङ्ख्या घट्ला, अलोकप्रिय भइन्छ भनेर यस्ता घरायसी झैं झगडामा फस्न/संलग्न हुन खासै रुचि राख्दैनन्। त्यसैले नेपाल सरकारले यी समस्यालाई समाधान र सम्बोधन गर्न विविध राष्ट्रिय एवं अन्तर्राष्ट्रिय अभ्यास र कार्यक्रम राख्दै आएको छ।

भावी नीति तथा कार्यक्रम

संशोधनले व्यवस्था गरे अनुसारको प्रावधानलाई अक्षरशः प्रभावकारी रूपमा कार्यान्वयन गर्ने र समस्या उठ्नै नपाउने गरी परिवारभित्रै, समुदाय र समाजमा जनचेतना फैलाउने, हाम्रो अमूल्य सामाजिक मूल्य र मान्यताहरूलाई घनीभूत व्याख्या गरी सामाजिक सद्भाव, अन्तरपुस्ता सिप, अनुभव र नैतिक शिक्षाको बोध गराउने 'राष्ट्रिय ज्येष्ठ नागरिक दिवस' जस्ता कार्यक्रमको लक्ष्य, उद्देश्य र कार्यक्रमलाई सफल पार्नेतर्फ सम्पूर्ण राज्य संयन्त्र क्रियाशील हुनु आवश्यक छ। यस कार्यमा स्थानीय सरकारको भूमिका र त्यसभित्र न्यायिक समिति र वडा समिति सक्रिय रहनु अति आवश्यक छ। ज्येष्ठ नागरिकका समस्या र सवाललाई वडा तहमै समाधान गर्ने, बढीमा न्यायिक समिति वा पालिकाभन्दा न्यायपालिकातर्फ धकेल्न हुँदैन। असल शासनमा विधिको शासन हुन्छ विधिको शासनभित्र दण्डहीनता हुँदैन, संस्कार र पद्धतिले काम गर्छ।

भूमण्डलीय अतिक्रमण, विज्ञान र सूचना प्रविधिको द्रुततर विकासको गतिले मानिसको मौलिक मूल्य र मान्यता माथिको ठुलो चुनौतीलाई आजको युवाशक्तिले भोलिको सुनिश्चित सुखी र सुरक्षित भविष्यका लागि परिवारभित्र र बाहिर (समुदाय) मा ज्येष्ठ नागरिकमैत्री वातावरण सिर्जना गर्न कानुनी पूर्वाधार मात्रै होइन, सामाजिक नैतिक एवं मनोवैज्ञानिक पूर्वाधार तयार गर्न आफैंबाट सुरुवात गरौँ। नेपालमा बहुलवाद र बहुदलीय शासन पद्धति स्थापनापछि धेरै सङ्घ संस्था खोलिएका छन्। त्यसमा ज्येष्ठ नागरिकको क्षेत्रमा पनि राष्ट्रव्यापी धेरै सङ्घ संस्था, आश्रम, सेवा केन्द्र र परोपकारी संस्थाको उत्पत्ति भएका छन् तर त्यसभित्र पवित्र सेवा भावले काम गर्ने प्रचलन र अभ्यासमा धेरै कमीकमजोरी छन्। त्यहाँ सरोकार निकाय घरदैलोमा भेटिने स्थानीय तहको क्षेत्र अधिकार सर्वोपरि हुन्छ। त्यसैले स्थानीय सरकार र ज्येष्ठ नागरिकका क्षेत्रमा कार्यरत गैससबिच गहन अन्तर्क्रिया, संवाद, नियमन, समन्वय रेखदेख हुनु अति आवश्यक छ। सरोकार निकाय सङ्घीय, प्रदेश र पालिकाले नीतिगत तहमा धेरै पूर्वाधार (नीति, योजना, कार्यक्रम) तयार गर्नुपर्ने र कार्यान्वयनको क्षेत्रमा प्रभावकारी अनुगमन, नियमन र नियन्त्रणको पनि प्रभावकारिता कमजोर महसुस भएको छ। ज्येष्ठ नागरिकको गुनासा, राज्यबाट प्रदान गरिएका सेवा र सुविधा जस्तै यातायत, स्वास्थ्य, सामाजिक सुरक्षाका सवालमा धेरै काम गर्नुपर्ने छ। अन्त्यमा ज्येष्ठ नागरिकका सवालमा समय र परिस्थिति, भूमण्डलीय तापक्रम परिवर्तन र विज्ञान र प्रविधिसँग ज्येष्ठ नागरिकहरू समयानुकूलित हुन नसक्नु पनि अर्को समस्या हो। त्यसैले समयमै युवाशक्तिले भावी ज्येष्ठ नागरिकमैत्री समाज निर्माण गरी सुरक्षित हुन राज्यद्वारा प्रतिपादित ऐन कानुन र पुर्खाद्वारा स्थापित असल अभ्यासबाट सचेत भई अन्तरपुस्ताको रूपान्तरणलाई सार्थक बनाउन ज्येष्ठ नागरिकमैत्री शासन पद्धति र ज्येष्ठ नागरिकमैत्री परिवार निर्माण गरौँ।

जग्गा संरक्षणमा नागरिक भूमिका



गोकुल भुजेल

नेपालमा सार्वजनिक जग्गा भन्नाले कुनै व्यक्तिको निजी स्वामित्वमा नरहेको र सामूहिक प्रयोगका लागि राज्यको अधीनमा रहेको भूमि जनाउँछ। सार्वजनिक सम्पत्तिलाई संविधान, मुलुकी देवानी संहिता, मालपोत ऐन, गुठी संस्थान ऐन र राष्ट्रिय भूमि नीतिले संरक्षण गरेको छ। यस्तो जग्गामा बाटो, पाटी, चौतारी, धार्मिक स्थल, पार्क, नदी, ताल जस्ता स्थान पर्छन्। सार्वजनिक सम्पत्तिको दर्ता, निजीकरण वा अतिक्रमण कानुनविपरीत हुन्छ। मालपोत ऐन, २०३४ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार सार्वजनिक जग्गाको संरक्षण र व्यवस्थापन स्थानीय तहको कानुनी जिम्मेवारी हो। संविधानले नागरिकलाई सार्वजनिक सम्पत्तिको सुरक्षा गर्ने कार्य नागरिक कर्तव्य भनी तोकेको छ।

सार्वजनिक जग्गाको संरक्षण र व्यवस्थापन नेपालको कानुन अनुसार नेपाल सरकार र स्थानीय तहको जिम्मेवारी हो। स्थानीय सरकारले नक्सा, अभिलेख अद्यावधिक गरी सार्वजनिक जग्गा संरक्षण गर्नु पर्छ। अतिक्रमण अपराध हो, जसमा भ्रष्टाचार निवारण ऐन, २०५९ अन्तर्गत कारबाही हुन्छ। कब्जा हटाउन र संरचना भत्काउन स्थानीय प्रशासनले जुनसुकै बखत आवश्यक कदम चाल्न सक्छ।

सार्वजनिक सम्पत्ति संरक्षणका लागि नागरिक चेतना वृद्धि महत्त्वपूर्ण मानिन्छ। सार्वजनिक सम्पत्तिप्रति जिम्मेवारीबोध र सहभागिता बढाउन सरकार, गैरसरकारी संस्था र समुदायले संयुक्त प्रयास गर्नु पर्छ। जनचेतना अभियानले नागरिकलाई सार्वजनिक सम्पत्तिको महत्त्व बुझाएर दिगो संरक्षणमा प्रेरित गर्न सक्छ। सचेत नागरिकले सार्वजनिक जग्गामा फोहोर नगर्ने, सफाइ अभियानमा सक्रिय हुने र संरक्षण योजनामा स्थानीय सरकारसँग सहकार्य गर्ने भूमिका खेल्नु पर्छ। विद्यालय, कलेज र युवा क्लबमा जनचेतना कार्यक्रमले नयाँ पुस्तालाई संरक्षणमा योगदान गर्न उत्प्रेरित गर्न सक्छ। चेतना भएका व्यक्ति सार्वजनिक सम्पत्ति दुरुपयोग रोक्न सामाजिक दबाब दिन तत्पर हुनु पर्छ।

जब नागरिकले सार्वजनिक सम्पत्ति आफ्नै सम्पत्ति जस्तै सम्झन्छन्, उनीहरू यसलाई संरक्षणमा विशेष चासो दिन्छन्। चेतना वृद्धिले यो स्वामित्व भावना बलियो बनाउँछ। चेतना भएका नागरिकले अतिक्रमण वा गैरकानुनी गतिविधिको सूचना सम्बन्धित निकायमा दिन्छन्। यसले अतिक्रमण रोक्न र सार्वजनिक सम्पत्ति पुनर्स्थापना गर्न सहयोग पुऱ्याउँछ। चेतना भएका नागरिकले सार्वजनिक सम्पत्ति संरक्षणका लागि सक्रिय भूमिका खेल्छन्। वृक्षरोपण, सरसफाइ र अनुगमन जस्ता गतिविधिमा सहभागी भई नागरिकले जग्गाको संरक्षणमा योगदान दिन्छन्। चेतनाले नागरिकलाई सार्वजनिक जग्गाको सही र दीर्घकालीन उपयोग गर्न प्रेरित गर्छ। उनीहरूले जग्गा फोहोर नगर्ने, संरचना नबिगार्ने, र स्रोतको दुरुपयोग नगर्ने जिम्मेवार व्यवहार अपनाउँछन्। अवैध कब्जा वा अतिक्रमण रोक्न नागरिकलाई जानकारी र जागरुक बनाउनु आवश्यक छ। चेतनाले जनताको सोच, व्यवहार र सहभागितामा परिवर्तन ल्याउँछ, जसले सार्वजनिक जग्गाको संरक्षणलाई दिगो बनाउँछ।

स्थानीय सरकारको सक्रियताबिना सार्वजनिक जग्गाको संरक्षण सम्भव छैन। कानुनी कार्यान्वयन, प्रविधिको उपयोग र समुदायको सहकार्यद्वारा मात्र दिगो संरक्षण सम्भव छ। स्थानीय सरकारले आफ्नो क्षमताको अधिकतम उपयोग गर्दै सार्वजनिक सम्पत्तिको संरक्षणलाई प्राथमिकता दिनुपर्ने आवश्यकता छ। स्थानीय सरकारले सार्वजनिक जग्गाको अभिलेख राख्ने र यसको प्रयोगको प्रभावकारी अनुगमन गर्नुपर्ने छ। अतिक्रमण भएको सार्वजनिक जग्गालाई कानुनी प्रक्रिया पूरा गरी पुनर्स्थापना गर्नु पर्छ साथै यस्ता जग्गाको दिगो उपयोगका लागि दीर्घकालीन योजना बनाइनु पर्छ।

स्थानीय सरकारले नागरिकलाई कुनै पनि अतिक्रमण वा गैरकानुनी गतिविधि रिपोर्ट गर्ने सुविधा (जस्तै मोबाइल एप्स, हेल्पलाइन) उपलब्ध गराउन सक्छ। यसले अतिक्रमण रोक्न र संरक्षणमा समुदायको सहभागिता बढाउँछ। स्थानीय सरकारले जनतालाई सार्वजनिक जग्गाको महत्त्व र यसको संरक्षणको आवश्यकताबारे शिक्षा दिनु पर्छ। सार्वजनिक जमिनमा वृक्षरोपण र हरित क्षेत्रको विकासले जग्गाको सौन्दर्य वृद्धि मात्र गर्दैन, यसलाई दिगो संरक्षणमा पनि मद्दत गर्छ। स्थानीय तहले सार्वजनिक जग्गाको नियमित अनुगमन गरी यसको उपयोग र अवस्थाको समीक्षा गर्नु पर्छ। कुनै समस्या देखिएमा तुरुन्त सुधारका कदम चाल्न सकिन्छ। स्थानीय सरकारले जनसहभागिता प्रोत्साहित गर्न सचेतना कार्यक्रम, कार्यशाला र संवाद आयोजना गर्न सक्छ। समुदायको सक्रिय सहयोगले जग्गाको संरक्षण अझ प्रभावकारी हुन्छ।

सार्वजनिक जग्गालाई पार्क, खेलमैदान, बगैँचा वा अन्य सामुदायिक सेवा केन्द्रका रूपमा विकास गर्दा जग्गाको दुरुपयोग रोकिन्छ। समुदायले प्रत्यक्ष लाभ पाउने भएपछि उनीहरू पनि संरक्षणमा सहभागी हुन्छन्। अवैध कब्जा वा अतिक्रमण रोक्न स्थानीय सरकारले तत्काल कदम चाल्नु पर्छ। अतिक्रमण गर्नेहरूलाई कानुनी कारबाही गर्ने र सार्वजनिक जग्गालाई पुनर्स्थापना गर्ने कार्यमा प्राथमिकता दिनु पर्छ।

स्थानीय तहले आफ्नो क्षेत्रका सार्वजनिक जग्गाको नियमित रूपमा सर्वेक्षण गरी सिमाना निर्धारण गर्नु पर्छ। यसमा प्रविधिको प्रयोग गरेर जग्गाको सटिक नक्साङ्कन गर्न सकिन्छ। सार्वजनिक जग्गाको अभिलेखलाई डिजिटलाइज गरेर सम्पूर्ण जानकारी एकीकृत प्रणालीमा राख्न सकिन्छ। यसले जग्गाको वास्तविक स्थिति, स्वामित्व, र उपयोगको निगरानीलाई सजिलो बनाउँछ। स्थानीय सरकारले सार्वजनिक जग्गासम्बन्धी स्पष्ट नीति तथा निर्देशिका निर्माण गरी कार्यान्वयन गर्नु पर्छ। यसमा अतिक्रमण रोक्न कानुनी प्रावधान, दोषीलाई कारबाही र संरक्षणका लागि योजना समावेश हुनु पर्छ। स्थानीय सरकार आफ्नो क्षेत्राधिकारभित्रका सार्वजनिक सम्पत्तिको संरक्षणका लागि सबैभन्दा नजिक र प्रभावकारी निकाय हो। यसको सक्रियता र ठोस पहलले सार्वजनिक जग्गाको दुरुपयोग रोक्न, दिगो व्यवस्थापन गर्न र दीर्घकालीन संरक्षण सुनिश्चित गर्न महत्त्वपूर्ण भूमिका खेल्छ।

सार्वजनिक जग्गाको संरक्षण सामुदायिक संलग्नताबिना सम्भव छैन। समुदायको ज्ञान, सिप र सहभागितामार्फत संरक्षणका प्रयास सशक्त, प्रभावकारी र दिगो बन्छन्। सार्वजनिक सम्पत्तिको संरक्षण सरकार र जनताको साझा जिम्मेवारी हो र यसका लागि दुवै पक्षबिच सहकार्य आवश्यक छ। समुदायलाई सार्वजनिक सम्पत्तिको जिम्मेवारी सुम्पनु, यसको संरक्षणमा उनीहरूको सक्रिय सहभागिता सुनिश्चित गर्नु आवश्यक छ। सार्वजनिक सम्पत्ति संरक्षणमा उत्कृष्ट भूमिका खेल्ने व्यक्तिहरू वा समूहलाई सम्मान र पुरस्कार प्रदान गर्दा अन्य समुदायका व्यक्ति पनि प्रेरित हुन्छन्। समुदायका अगुवा र स्थानीय सङ्घ संस्थाको सहयोगमा सार्वजनिक जग्गाको संरक्षण अभियानलाई प्रभावकारी बनाउन सकिन्छ।

> सार्वजनिक जग्गा कुनै व्यक्तिको नभई सम्पूर्ण समुदायको साझा सम्पत्ति हो। यसको संरक्षण र समुचित व्यवस्थापनले देशको आर्थिक, सामाजिक र सांस्कृतिक समृद्धिमा योगदान पुऱ्याउँछ।

सार्वजनिक सम्पत्तिलाई स्थानीय संस्कृति, परम्परा वा धर्मसँग जोडेर यसको संरक्षणलाई प्रेरित गर्न सकिन्छ। सामुदायिक मेला आयोजना गरी जग्गाको महत्त्व र यसको संरक्षणको आवश्यकता बताउन सकिन्छ। सामुदायिक सेवा कार्यक्रम, जस्तै सरसफाइ अभियान, वृक्षरोपण, र अन्य संरक्षण गतिविधि आयोजना गरी नागरिकलाई प्रत्यक्ष रूपमा संलग्न गराउन सकिन्छ। यसले सार्वजनिक जग्गाको सौन्दर्य र उपयोगिता बढाउन मद्दत पुऱ्याउँछ। सार्वजनिक सम्पत्तिमा अतिक्रमण वा क्षति भएको अवस्थामा नागरिकले रिपोर्ट गर्न सक्ने प्रणाली (जस्तै मोबाइल एप्स वा हेल्पलाइन) विकास गर्नु पर्छ। यसले स्थानीय नागरिकलाई सक्रिय सहभागी बनाउँछ। स्थानीय स्रोत र जनशक्तिको उपयोग गरेर सार्वजनिक सम्पत्तिको संरक्षण प्रभावकारी बनाउन सकिन्छ। सार्वजनिक जग्गाको व्यवस्थापन र संरक्षणका लागि समुदायको राय र सक्रिय सहभागितामा आधारित योजना तयार गर्नुपर्छ। यस्तो योजनाले जनतामा स्वामित्वको भावना पैदा गर्छ।

सार्वजनिक जग्गाको निगरानीका लागि स्थानीय तहमा निगरानी समूह गठन गर्न सकिन्छ। यी समूहले अतिक्रमण, अवैध निर्माण, वा अन्य गैरकानुनी गतिविधि पहिचान गरी तुरुन्तै सरकारी निकायलाई जानकारी दिन सक्छन्। समुदायलाई सार्वजनिक जग्गाको महत्त्व, यसको उपयोगिता र संरक्षणको आवश्यकताबारे जानकारी गराउँदा उनीहरूलाई यसमा चासो बढ्छ। सचेतना कार्यक्रम, स्थानीय सभा र सञ्चार माध्यमको उपयोग गरेर समुदायलाई शिक्षित गर्न सकिन्छ। सार्वजनिक जग्गाको संरक्षण केवल सरकारी प्रयासले मात्र सम्भव छैन; यसमा समुदायको सक्रिय संलग्नता अनिवार्य छ।

सार्वजनिक जग्गा कुनै व्यक्तिको नभई सम्पूर्ण समुदायको साझा सम्पत्ति हो। यसको संरक्षण र समुचित व्यवस्थापनले देशको आर्थिक, सामाजिक, र सांस्कृतिक समृद्धिमा योगदान पुऱ्याउँछ। नेपाल सरकारले संविधान, नीति र कानुनी व्यवस्थामार्फत सार्वजनिक जग्गाको दुरुपयोग रोक्न पर्याप्त प्रावधान गरेको भए पनि कार्यान्वयन तहमा अझै प्रभावकारी कदम आवश्यक छ। नागरिक र सरकार दुवैले संयुक्त रूपमा यस कार्यलाई अघि बढाउनु जरुरी छ। सार्वजनिक सम्पत्तिको संरक्षणमा लापरवाही गर्नु भनेको भविष्यप्रति अन्याय गर्नु हो।

पाठक आवाज

gopafeature@gmail.com
(प्रतिक्रियाका लागि)

सहकारीपीडितलाई न्याय होस्

सरकारले ढिलै भए पनि सहकारीलाई नियमन गर्न नयाँ अध्यादेश जारी गरेको छ; जुन धेरैअघि नै गर्नु पर्थ्यो। मन्त्रीपरिषद्ले मङ्गलबार पास गरेको अध्यादेश राष्ट्रपतिले स्वीकृत गरी राजपत्रमा प्रकाशन भएको मितिदेखि लागु हुने छ। तथापि अहिले जारी भएको अध्यादेश अब बस्ने संसद्बाट अनुमोदन भने हुनु पर्छ, नभए स्वतः खारेज हुन्छ।

यो अध्यादेश जस्ताको तस्तै पास गर्नुभन्दा केही बुँदामा संशोधन गरी पास गर्दा सबैको भलाइ हुने छ। यसमा सहकारीमा रहेका धितो लिलाम गरेर पैसा आएपछि मात्र बचतकर्ताको पैसा फिर्ता हुने उल्लेख गरिएको छ। लिलाम प्रक्रिया सुरु गरी अन्त्य हुन निकै समय लाग्छ। बरु सरकारले नै तत्कालका लागि पाँच लाख रुपियाँसम्मको बचत फिर्ता दिने र त्यो पैसा धितो लिलामपश्चात् वा सञ्चालकबाट शोधभर्ना लिइने व्यवस्था गर्न सकेको भए सहकारीपीडितको समस्या सम्बोधन हुन सक्थ्यो।

यसै गरी बचतको सीमा राखेको सही भए पनि कर्जाको सीमा राखेको भने मिलेको छैन। जिल्लास्तरीय सहकारीले १० लाख रुपियाँभन्दा बढी कर्जा दिन नपाइने नियम राख्दा त्यसले भएका राम्रा सहकारीको कारोबार खुम्चेर भनै समस्या उत्पन्न हुन सक्छ। कारोबार खुम्चेमा सहकारीले सेयर सदस्यलाई न लाभांश दिन सक्छ न त कर्मचारी नै पाल्न सक्छ। दुईचार करोडको घरजग्गा धितो राखेर १० लाख रुपियाँ मात्र कर्जा पाइने हो भने कसले कर्जा लिन्छ ? यसर्थ कारोबार खुम्च्याउने यो प्रावधान संशोधन हुनु आवश्यक छ। सहकारीले मात्र करिब आठ खर्ब बचत परिचालन गरी देशको अर्थव्यवस्थामा ठुलो टेवा दिएको छ। एक लाखभन्दा बढीलाई प्रत्यक्ष रोजगारी दिएको छ। त्यो कुरा बिर्सन हुन्न।

नयाँ अध्यादेशमा कर्जा सूचना केन्द्रको चर्चा त गरिएको छ तर केवल जानकारी दिन मात्र भनिएको छ, त्यो उचित हुँदैन कि ? बैङ्कहरूको सिआइसी जस्तै गरी कर्जा सूचना केन्द्रबाट ग्रिन सिग्नल नआएसम्म कर्जा दिन नपाइने भनेरै लेख्नु पर्थ्यो। उता स्थिरीकरण कोषको चर्चा गरिए पनि सरकारले त्यो कोषमा कति पैसा हाल्ने, कहिलेदेखि लागु गर्ने कुरा नहुँदा त्यो पनि अन्योलमै छ। जे होस्, पहिलेको सहकारी ऐन-२०७४ मन्दा यो नयाँ अध्यादेश केही परिमार्जन भने भएको छ, पूर्ण भने अझै छैन। यसमा अब बस्ने संसद् बैठकले छलफल गर्नु आवश्यक छ।

बैङ्कमा पैसा राख्दा स्रोत खुलाउनुपर्ने तर सहकारीमा त्यो अनिवार्य नहुँदा कालो धन राख्ने विकृति बढेको थियो। हुन त सम्पत्ति शुद्धीकरण विभागको निर्देशनमा १० लाख रुपियाँभन्दा बढीको कुनै पनि कारोबारमा 'गो एमएलए' अन्तर्गत नेपाल राष्ट्र बैङ्कमा सूचना पठाउनुपर्ने नियम राखिएको थियो तर बचतको सीमा तोकिएको थिएन। यसका कारण अवैध काम गरी, भ्रष्टाचार गरी पैसा कमाउने राजनीतिकर्मी, कर्मचारी र व्यापारीको पैसा लुकाउने ठाउँ सहकारी संस्था बनेका थिए। सहकारीमा मनपरी बचत आएपछि नै सञ्चालकले पनि मनपरी खर्च र लगानी गर्दा धेरै सहकारी थला परेका थिए। बचतको सीमा राख्नु उचित छ तर जिल्लास्तरीय राम्रा सहकारीलाई भने २५ लाख रुपियाँसम्मको सीमा दिँदा राम्रो हुन्थ्यो।

गोपाल देवकोटा
गोकर्णेश्वर-८, काठमाडौँ

एनपिएलको सन्देश

जनकपुर बोल्ट्सले शनिबार सुदूरपश्चिम रोयल्सलाई पराजित गर्दै उपाधि हात पारेसँगै नेपाल प्रिमियर लिग (एनपिएल) को पहिलो संस्करण सफलतापूर्वक उत्साहजनक रूपमा समाप्त भयो। 'फेस्टिभल अफ हिमालयज' भनेर प्रचार गरिएको नेपाल प्रिमियर लिगको पहिलो संस्करणबाट नेपाली क्रिकेटले विश्वव्यापी रूपमा अत्यधिक चर्चापरिचर्चा प्राप्त गऱ्यो। लिगका सहभागी आठ वटै टोलीले आआफ्ना तर्फबाट उत्कृष्ट प्रदर्शन गरे। सबै टोलीले 'खेलाडी अक्सन' बाट नेपालका राष्ट्रिय क्रिकेट टोलीका खेलाडीका साथै स्थानीय खेलाडी र अन्तर राष्ट्रिय खेलाडीलाई समेत समाहित गरेर बलियो टोली बनाएका थिए।

राष्ट्रिय टोलीका कप्तान रोहित पौडेललगायत कुशल मल्ल, करण केसी, सोमपाल कामी, विनोद भण्डारीले उत्कृष्ट प्रदर्शन गरे। राष्ट्रिय टोलीकै स्टार अल राउन्डर दीपेन्द्रसिंह ऐरीले त 'टुर्नामेन्टको सर्वोत्कृष्ट खेलाडी (नेपाली)' को अवार्डसहित ओमोडा ई-फाइफ इलेक्ट्रिक एसयुभी कारसमेत पाए। त्यस्तै ललित राजवंशीले सर्वोत्कृष्ट बलरको उपाधिका साथ मोटरबाइक हात पारे यद्यपि कुशल भुर्तेल, सन्दीप लामिछाने, आरिफ सेख, गुलसन झाको प्रदर्शन अपेक्षाभन्दा निराशाजनक रह्यो। हरेक टोलीका अन्तर्राष्ट्रिय खेलाडीमध्ये अधिकांशले राम्रो प्रदर्शन गरे।

कुनै पनि घरायसी टुर्नामेन्टको मुलभूत उद्देश्य नयाँ युवा खेलाडीलाई आफ्नो सिप, कौशल, प्रतिभा र क्षमता देखाउने माध्यम प्रदान गर्ने हुन्छ। मित्रराष्ट्र भारतमा वार्षिक रूपमा हुने इन्डियन प्रिमियम लिग यसको ज्वलन्त उदाहरण हो। कुनै पनि राष्ट्रको त्यो खेलमा भविष्य के हुन्छ भनेर सोही खेलाडीको खेल र प्रदर्शनले नै निर्धारण गर्छ। एनपिएलले देशका विभिन्न युवा खेलाडीलाई त्यसै गरी आफ्नो खेल विश्वसमक्ष देखाउने सुनौलो अवसर दियो। सरकार, क्यान र क्रिकेटसँग प्रत्यक्ष तथा परोक्ष सरोकार राख्ने राज्यका विभिन्न निकायले एनपिएलबाट प्राप्त सन्देशलाई हृदयङ्गम गर्दै क्रिकेटको श्रीवृद्धितर्फ उचित ध्यान दिनु आवश्यक छ। हरेक वर्ष एनपिएलको संस्करण आयोजन गर्दै राज्यले यसमा अपनत्वबोध गर्न सक्नु पर्छ।

रोहण यादव
सिमरौनगढ, बारा

‘बचाऊ भनेर याचना गरेँ, कोही आएनन्’



तस्बिर : अविनाश चौधरी

बोक्सीको आरोपमा निर्घात कुटिएकी महिला अस्पतालमा ।

धनगढी समाचारदाता
धनगढी, पुस ११ गते

“कपाल लुछ्दै घरबाट तानेर लगे । तँ बोक्सी होस् भन्दै समाजको अगाडि मलाई बेस्सरी पिटे । बचाऊ भनेर याचना गरेँ, बचाउन आउन कसैले आँट गरेनन्,” बोक्सी आरोपमा निर्घात कुटिनुभएकी पीडितले अस्पतालको शय्याबाट पोखेको दुःखेसो हो, यो ।

बोक्सी आरोप (कसुर र सजाय) ऐन, २०७२ ले कुनै व्यक्तिलाई बोक्सी आरोपमा अमानवीय, अपमानजनक व्यवहार गर्ने वा यातना दिने कार्यलाई दण्डनीय अपराध मानेको छ । तर सो ऐनविपरीत कैलालीको भजनी नगरपालिका–१ मा ३० वर्षीय एक चौधरी थरकी महिलामाथि निर्घात कुटपिटका साथै दुर्व्यवहार गरिएको छ । समाजको उपस्थितिमा बोक्सी आरोप लगाउँदै उहाँकै घरगोत्यार (घरका आफन्त) का केही व्यक्तिले निर्घात कुटपिट गरेका हुन् ।

बोक्सी आरोपमा पुस ४ गते आफूलाई आधा घण्टा कुटपिट गरेको पीडितको भनाइ छ । “करन, लहानु, बाबुराम, मनोज, रूपा, जयरामसहित सात जनाले मलाई कपाल लुछ्दै लट्ठीले कुटपिट गरे,” उहाँले भन्नुभयो, “शरीरमा पानी खन्याई खन्याई पिटेका छन् । कति लट्ठी भाँच्चियो, त्यसको लेखाजोखा छैन ।” आफूमाथि कुटपिट हुँदा समाज रमिते बनेको उहाँले गुनासो गर्नुभयो । उहाँले भन्नुभयो, “उनीहरूले पिटिरहे । बचाउन कसैले हिम्मतै गरेनन् । मेरो देवरले मात्रै बचाउन खोजे । उनलाई पनि पिटियो । अरू हेरिरहे ।”

कुटपिटबाट घाइते पीडितलाई सुरुमा भजनी प्राथमिक स्वास्थ्य केन्द्रमा भर्ना गरिएको थियो । त्यहाँ सुरुवाती उपचारपछि थप उपचारका लागि पुस ४ गते राति धनगढीको नवजीवन अस्पताल पुऱ्याइएको थियो । पोस्ट सघन उपचार कक्षमा पाँच दिन उपचारपछि मङ्गलबारदेखि उहाँलाई क्याबिनमा सारिएको छ । पीडितले आर्थिक अभावका कारण उपचार खर्च तिर्न सकेका छैनन् । पीडितका शरीरभरि निलडाम छन् । टाउको र शरीर अझै बेस्सरी दुख्ने गरेको उहाँले बताउनुभयो ।

पीडितका श्रीमान् काम गर्नका लागि भारतको पुना गएको हप्तादिन पनि पुगेको थिएन । श्रीमतीमाथि पुस १ गते पनि कुटपिट भएको थियो । त्यसपछि उहाँ पुस २ गते भारतको पुनाबाट घरका लागि हिँड्नुभएको थियो । “यस्तो हुन्छ भन्ने थाहा भएको भए म जाँदैनथेँ,” पीडितका श्रीमान्ले भन्नुभयो, “म यहाँ पुग्न एकैछिन ढिलो गरेको भए मेरी श्रीमतीलाई उनीहरूले मारिदिन्थे ।”

पीडित पक्षका अनुसार घरगोत्यारका २८ वर्षीय मनोजलाई पहिलो पटक देवता चढेपछि देवीदेवता पूजा गर्ने भनेर पुस १ गते प्रत्येक घरबाट एक/एक हजार रुपियाँ उठाइयो । आफूसँग रुपियाँ नभएकाले भजनी नगरपालिका–५, लालबोझीमा रहेको आफ्नो माइती घरबाट एक हजार रुपियाँ मागेर पूजाका लागि बुझाएको पीडितको भनाइ छ । “पैसा बुझाएर बेलुकातिर म गहुँमा मलखाद हाल्न गएँ,” पीडितले भन्नुभयो, “म आउनु पर्छ कि पर्दैन भनेर सासूहरूले सोध्नुभयो जाडो हुन्छ, आउनु पर्दैन तर खानाचाहिँ नपकाउनु उनीहरूले भनेकाले मैले त्यस्तै गरेँ ।”

खेतबाट साँझ घर फर्केर भिडियो कलमा श्रीमान्सँग कुरा गरिरहेका बेला सासूहरूले नै घरमा आएर बोक्सीको आरोप लगाएको पीडितको भनाइ छ । “तँ हामीलाई घेरै दुःख दिन्छस्, बोक्सी होस् त्यसैले पूजामा आएनस् भन्दै मलाई आँगनमा लगे,” उहाँले भन्नुभयो, “आँगनमा घरका सबै पुरुष एकातिर महिला अर्कातिर बसेका थिए । बिचमा मलाई बसाएर बोक्सी कबोल गर्न लगाए । मैले कबोल नगर्दा कुटपिट गरे ।”

पुस १ गते राति बोक्सी आरोपमा आफूमाथि कुटपिट भएपछि दुई अवोध बच्चाका साथ त्रसित बनेकी पीडितले आफ्नो श्रीमान्लाई पुनाबाट फिर्ता बोलाउनुका साथै पुस २ गते इलाका प्रहरी कार्यालय भजनीमा निवेदन दिनुभएको थियो । पुस ४ गते पुनः उहाँमाथि कुटपिट दोहोऱ्याइयो ।

पीडितको गाउँका भलमनसा लालबहादुर चौधरीका अनुसार घरगोत्यारका कोही एक जनालाई गुरुवा चढेपछि गोत्यारका अरू पनि बसेर गुरुवा खेल्ने चलन छ । त्यही क्रममा घटना भएको हो । भलमनसा चौधरीले पीडितले न्याय र पीडकले कानुन अनुसार सजाय पाउनुपर्ने बताउनुभयो । उहाँले घटनाबारे थाहा पाएपछि गाउँको अगुवाका नातालेआफू ढिलो मात्रै त्यो ठाउँमा पुगेको दाबी गर्दै भन्नुभयो, “उनीहरूलाई मैले रोक्न सक्ने अवस्था थिएन । गुरुवा चढेर काम्दै गरेकी रूपाले घटनाको भिडियो खिच्न भन्दै मलाई पनि दुई लट्ठी हानिन् । मैले नै त्यहाँ प्रहरी बोलाएको हो ।” प्रतिनिधि सभा सदस्य एवं भजनी नगरपालिका–२ वासी गङ्गाराम चौधरीले बोक्सी आरोपमा यातना दिनु अपराध रहेकाले दोषीमाथि कारबाही हुनुपर्ने बताउनुभयो । “घटनाबारे मैले पनि मिडियामार्फत थाहा पाएँ,” उहाँले भन्नुभयो, “त्यहाँ गएर म बुझ्छु । दोषीलाई कारबाही हुनु पर्छ ।”

बोक्सी आरोपमा कुटपिट गर्ने छ जनाविरुद्ध प्रहरीमा जाहेरी परेको छ । प्रहरीले ३५ वर्षीय रूपा चौधरी, ४५ वर्षीय लहानु डङ्गौरा, २८ वर्षीय मनोज चौधरी र ५१ वर्षीय बाबुराम डङ्गौरालाई पक्राउ गरेर कारबाही प्रक्रिया अगाडि बढाएको छ । जयराम र करन चौधरी भने फरार छन् । फरार दुवैको खोजी भइरहेको जिल्ला प्रहरी कार्यालयका सहप्रवक्ता प्रहरी निरीक्षक दर्शन खड्काले बताउनुभयो ।

अत्याधुनिक ‘वायर हाउस’ को उद्घाटन

कैलाली समाचारदाता
धनगढी, पुस ११ गते

सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री कमलबहादुर शाहले औषधी तथा स्वास्थ्य सामग्री भण्डारणको अत्याधुनिक भवन (वायर हाउस) को विहीबार उद्घाटन गर्नुभएको छ । मुख्यमन्त्री शाहले कैलालीको गोदावरी नगरपालिका–१, बिजौरामा निर्माण गरिएको वायर हाउसको उद्घाटन गर्नुभएको हो ।

ग्लोबल फन्ड अन्तर्गत सेभ दी चिल्ड्रेनले भवन र उपकरणसहित चार करोड ८० लाख रुपियाँ लागतमा सो भवन निर्माण गरेको हो । सो समारोहमा सेभ दी चिल्ड्रेनले २८ लाख रुपियाँ बराबरको उपकरणसमेत प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रलाई हस्तान्तरणसमेत गरेको थियो । सो भवनको २०८० चैतमा मुख्यमन्त्री शाहले नै शिलान्यास गर्नुभएको थियो ।

सेभ दी चिल्ड्रेनले सो भवन सुदूरपश्चिम प्रदेशको सामाजिक विकास मन्त्रालयलाई हस्तान्तरण गरेको छ ।

सो अवसरमा बोल्दै मुख्यमन्त्री शाहले विकास साझेदार संस्थाले गरिरहेको सहयोगले सङ्घीयता अगाडि बढाउनमा सहयोग पुगिरहेको बताउनुभयो । “सीमित स्रोत र साधन दिइएको भए पनि स्वास्थ्यलाई प्राथमिकता दिइएको छ, यसले हामीलाई सहयोग पुगेको छ,” उहाँले भन्नुभयो, “स्वास्थ्य उपकरण सामग्रीको आवश्यकता र औचित्यका आधारमा वितरण गर्न हामीले ध्यान दिन जरुरी छ ।” सोही कार्यक्रममा बोल्दै सामाजिक विकासमन्त्री मेघराज खड्काले यो भवनले प्रदेशको स्वास्थ्य अवस्था सुधारमा एउटा इँटा थपेको बताउनुभयो । सो अवसरमा सामाजिक राज्यमन्त्री सरस्वती खड्का, स्वास्थ्य निर्देशक डा. खगेन्द्र बम, सेभ दी चिल्ड्रेनका वरिष्ठ कार्यक्रम व्यवस्थापक मीनबहादुर सिंहलगायतको उपस्थिति थियो ।

खोप लगाएका बालकको मृत्यु



खोप लगाएका बालकको मृत्यु भएपछि आन्दोलित बनेका स्थानीय ।

बैतडी समाचारदाता
बैतडी, पुस ११ गते

बर्थिङ सेन्टरमा खोप लगाएका दुई महिने बालकको मृत्यु भएपछि घटनाको छानबिन र क्षतिपूर्तिको माग गर्दै अभिभावक आन्दोलित भएका छन् । डिलासैनी गाउँपालिका–२, छेपट्टा गाउँका मुकेश रानाका दुईमहिने छोरा आदर्श रानाको मृत्यु भएको छ ।

बालकलाई बुधबार दिउँसो डिलासैनी गाउँपालिका–३ मा रहेको सिमार बर्थिङ सेन्टरमा पोलियो रोगविरुद्धको ओपिभी, झाडापखालाविरुद्धको रेटा, निमोनियाविरुद्धको पिसिभी र भ्यागुते रोगविरुद्धको पेन्टा औषधी खोपमार्फत र मुखबाट खुवाइएको थियो । दिउँसो १२ बजे खोप लगाएर ३ बजे घर फर्किँदा बालकलाई ज्वरो आएको थियो । राति ज्याल र फिज निकाल्न थालेपछि गोकुलेश्वर अस्पताल लगेको तर त्यहाँ उपचार नहुने भएपछि डडेलधुरा अस्पताल लैजाने क्रममा बालकको बुधबार राति बाटोमै मृत्यु भएको थियो । बर्थिङ सेन्टरका अनुसार बालकलाई पोलियो रोगविरुद्धको ओपिभी, पिसिभीको पहिलो डोज र डिपिटी दोस्रो डोज खोप लगाइएको थियो । त्यसै गरी ओपिभी र रोटा डोज खुवाइएको थियो ।

घटनापछि निष्पक्ष छानबिन र क्षतिपूर्तिको माग राख्दै अभिभावक र स्थानीयले दार्चुला–बैतडी–गोकुलेश्वर सडक अवरुद्ध गरेका छन् । बर्थिङ सेन्टरमा दुई जना बालकलाई सोही प्रकृतिको खोप लगाएकाले अर्का बालकलाई केही नभएकाले खोपकै कारण मृत्यु भएको भन्न नसकिने स्वास्थ्य कार्यालय बैतडीका निमित्त कार्यालय प्रमुख तीर्थराज भट्टले बताउनुभयो । उहाँले भन्नुभयो, “खोप लगाएका बालकको मृत्यु भएको विषयमा क्षेत्रीय स्वास्थ्य निर्देशनालयलाई खबर गरी अनुसन्धान टोली पठाइदिन माग गरेका छौं । पोस्टमार्टम र विज्ञ टोलीले अनुसन्धान गरेपछि मात्रै मृत्युका कारण खुल्न सक्छ ।” घटनापछि गाउँपालिकाका जनप्रतिनिधि, स्थानीय वडाध्यक्ष, स्वास्थ्यकर्मी र सुरक्षाकर्मीको टिमले स्थानीयसँग छलफल गरिरहेको स्वास्थ्य कार्यालयका निमित्त कार्यालय प्रमुख तीर्थराज भट्टले जानकारी दिनुभयो ।

Government of Nepal (GoN)
Ministry of Defence
Nepali Army
Kathmandu Terai/Madhesh Fast Track (Expressway) Road Project

Invitation for Bids

Date of publication: **2081/09/12 (27 December 2024)**

मिति २०८१।०९।०९ मा महालक्ष्मी-२, इमाडोल ललितपुरबाट मेरो निम्न व्यहोरा भएको SEE को लब्धाङ्क पत्र र प्रमाणपत्र, +२ को ट्रान्सक्रिप्ट र प्रमाणपत्र साथै नागरिकताको प्रमाणपत्र, राहदानी हराएको हुँदा पाउनुहुने महानुभावले नजिकको प्रहरी चौकी वा फोन नं. ९८६८००७८५३ मा खबर गरिदिनुहोला।
NEB रजिस्ट्रेसन नं. ७६६१०६०७७
नाम थर : दिलमाया महतारा
ठेगाना : बारेकोट-६, जाजरकोट

मोटरसाइकल हरायो

मिति २०८१।०७।२२ गते बा.प्र. ०२ ०२५ प ४५०३ नं. को कालो रातो रङको Bajaj Pulsar 150 CC मोटरसाइकल कागेश्वरी न.पा. थलीबाट हराएको हुँदा देख्नुहुने महानुभावले नजिकको प्रहरी चौकी वा मो.नं. ९८४०६६९१०१मा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु।
नाम : गणेश बहादुर खत्री
ठेगानाः कोशी प्रदेश, चम्पादेवी गा.पा.-३ फेदीगुठ ओखलढुङ्गा
इन्जिन नं.: DHYRMM52521
च्यासिस नं.: MD2A11CY8MPM79896

कागजात हरायो

मिति २०८१।०९।०९ मा महालक्ष्मी-२, इमाडोल ललितपुरबाट मेरो निम्न व्यहोरा भएको +२ र CTVET बाट जारी Diploma in Plant Science को ट्रान्सक्रिप्ट, चारित्रिक, प्रोभिजनल र माइग्रेशन प्रमाणपत्रको ट्रान्सक्रिप्ट साथै नागरिकताको प्रमाणपत्र हराएको हुँदा पाउनुहुने महानुभावले नजिकको प्रहरी चौकी वा फोन नं. ९८६६५८८२६९ मा खबर गरिदिनुहोला।
CTEVT रजिस्ट्रेसन नं. DAG 03200018
नाम थर : गणेश रोकाय
ठेगाना : कुशे गा.पा.-८, जाजरकोट

रिट नं. ०८१-WO-१०७९
श्री उच्च अदालत पाटनबाट जारी भएको तपसिलका व्यक्तिका नाउँको १५ दिने म्याद सूचना ।

उप्रान्त शिव कुमार प्रधानले तपाईंहरू उपर उत्प्रेषणको परमादेश आदेश जारी गरिपाऊँ भनी दिएको निवेदन इजलास समक्ष पेश हुँदा “निवेदकको माग बमोजिमको आदेश जारी हुनु नपर्ने कुनै आधार र कारण भए सोको प्रमाण सहित आफ्नो भएको व्यहोराको लिखित जवाफ लिई १५ (पन्ध्र) दिनभित्र हाजिर हुन आउनु भनी विपक्षीहरूको नाउँमा म्याद जारी गरी लिखित जवाफ परेपछि वा अवधि नाघेपछि नियमानुसार पेश गर्नु” भन्ने मिति २०८१/०८/२१ गतेको आदेशानुसार तपाईंको नाउँमा आदेश र निवेदनको प्रतिलिपि साथै राखी म्याद सूचना जारी गरी पठाइएकोमा तामेल हुन नसकी फिर्ता आएको प्रतिवेदनका आधारमा मिति २०८१/०८/२८ गतेको आदेशानुसार यो म्याद प्रकाशित गरिएको छ। तसर्थ यो म्याद प्रकाशित भएको मितिले बाटाका म्याद बाहेक १५ (पन्ध्र) दिनभित्र आफैँ वा कानून बमोजिमको प्रतिनिधि वा वारेस मार्फत आफ्नो भएको व्यहोराको लिखित जवाफ पेश गर्नुहोला। अन्यथा कानून बमोजिम हुनेछ। साथै मिति २०८१।९।१२ गतेका दिन अन्तरिम आदेशका सम्बन्धमा इजलास समक्ष पेश हुने हुँदा सो दिन दिनको १० बजे उपस्थित हुनुहुन समेत जानकारी गराइन्छ। **तपसिलः–**
१. सत्कार बचत तथा ऋण सहकारी संस्था लि. काठमाडौँ जिल्ला, का.म.न.पा. वडा नं. ३ सामाखुशी, काठमाडौँ।
इति संवत् २०८१ साल पुस महिना १२ गते रोज ६ शुभम् ...।

बेपत्ता भएको मानिसको बारेमा सूचना दिने व्यक्तिलाई पुरस्कार



यो फोटो भएका व्यक्ति काठमाडौँ २७ इन्द्रचोक घर भई हाल ताहाचल बस्ने प्यारेलाल मारवाडीको नाति बजरंग मारवाडीको छोरा वर्ष ४५ को विकास मारवाडी हुनुहुन्छ। पछिल्लो समयमा मानसिक तनावमा रहनुभएका उहाँ २०८१।०६।१७ गते बिहान अस्पताल जान्छु भनेर ट्याक्सीबाट धादिङ गल्छी गएको र त्यहाँबाट बेपत्ता हुनुभएको छ। हालसम्म पनि कुनै जानकारी पाउन नसकेको अवस्थामा यदि कसैले उहाँको बारेमा जानकारी दिनुभयो भने रु. दुई लाखको पुरस्कार तत्काल दिने छौँ। जानकारी हुनेले सीधै मलाई फोन वा नजिकको प्रहरी कार्यालयमा जानकारी गराई अति गम्भीर रोगी र वृद्ध आमाबाबु तथा बालक छोराछोरी समेतको कल्याण तर्फ ठूलो पुण्य कार्य गर्न अनुरोध छ।
निवेदक आशा गोयल (मारवाडी), फोन नं. ९८५१२५४४५९, ९८५१३५८३९४।
“पापा यदि आप जिन्दा है तो आप फौरन वापस घर आइएगा। जो विगडा हुवा व्यवहार है ओ सब हम सब मिलकर सम्हालेंगे। जिस समय हमको आप ज्यादा चाहिए, वहि समय छोडकर जाना उचित है क्या ? गम्भीर बिमार और अन्धे दादा और बूढी दादी आपको याद करके हरपल मर रहे है। ममी हरक्षण रो रही हैं। प्लिज वापस आइए, आपका बेटा और बेटी रोनिन और जीविका।”

भूमिसुधार तथा मालपोत कार्यालय लगनखेल ल.पु. बाट जारी भएको हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना ।

ललितपुर जिल्ला, गोदावरी नगरपालिका–८ डुकुछाप बस्ने रण कुमारी कार्की समेतले हामीहरूका सासू/हजुरआमा माईली कर्किनीका नाममा २०२१ सालको सर्भे नापीमा नाप नक्सा भई दर्ता बाँकी रहेको तपसिलको जग्गाको जग्गा धनी निज माईली कर्किनीको मिति २०५१/९/१ मा र कान्छी कार्कीको मिति २०५९/१२/१६ मा मृत्यु भएको, निजको पति कृष्ण बहादुर कार्की मिति २००४ सालमा नै बेपत्ता हुनु भएको, निजहरूको एक मात्र छोरा बलराम कार्की मिति २०४९/९/१३ मा मृत्यु भएको र निजहरूको हक खाने २ वटी पत्नीमा जेठी बच्ची कार्की र कान्छी रण कुमारी कार्की भएकोमा बच्ची कार्कीको मिति २०२४/७/२८ मा परलोक भई निजतर्फ हकदार छोरा नभई विवाहिता छोरी शान्ता खड्का रहेको त्यस्तै बलराम कार्कीकी कान्छी श्रीमती रण कुमारी कार्की, निजहरूतर्फ छोराहरू पुरुषोत्तम कार्की र उत्तम कार्की मात्र हकदार भएको अन्य हकवाला कोही नभएकोले उल्लिखित जग्गा हामीहरूका नाममा दर्ता नामसारी गरिपाऊँ भनी गोदावरी नगरपालिका–८ डुकुछाप ललितपुरको च.नं. ११८४ मिति २०८१/२/११ को सिफारिस संलग्न राखी माग गरेको हुँदा उक्त जग्गामा यी निवेदक बाहेक अरू कसैको हकदाबी छ, छैन, अन्य हकदार छन् छैनन्, निवेदकको माग बमोजिम दर्ता नामसारी गरिदिँदा अन्य कसैको हक भोग स्वामित्वमा असर पर्न जाने हो वा होइन ? उल्लिखित जग्गा सरकारी, सार्वजनिक, गुठी, वन बुट्टयान, पर्ती प्रकृतिको हो होइन ? कसैले उल्लिखित कित्ता जग्गाको हकमा दर्ता नामसारीका लागि यस पूर्व मिसिल भिडाई दर्ता प्रक्रियामा रहे/भएको भए वा अन्य अड्डा अदालतमा कारबाही प्रक्रियामा रहे भएको भए तथा अन्य कसैको हकदाबी भए वा निजका नाउँमा दर्ता नामसारी हुनु नपर्ने कुनै मनासिव कारण भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र स–प्रमाण हकदाबी तथा सूचना गर्न आउनुहोला अन्यथा कानून बमोजिम भई जाने व्यहोरा यसै सूचनाद्वारा सूचित गरिन्छ। **तपसिल**

क्षेत्र	वडा	कि.नं.	क्षे.फ.	मोही	किसानको व्यहोरा	कैफियत
डुकुछाप	८क	५१	१–१–२–०	उतिस घारी	यो जग्गा आमा माईली कर्किनी र मेरो दर्ता हो उतिसघारी पाली माल्मा तिरो बुझाई भोगचलन गरी आएको छु भनी सही छाप गर्ने बलराम कार्की ल.पु.ई. जोलखु	चापागाउँ घरधर तर्फ कृष्ण बहादुर कार्कीको नामको लगत फोटोकपी संलग्न रहेको।

नोटः– उल्लिखित जग्गा वन क्षेत्रभित्र पर्छ पर्दैन भनी डिभिजन वन कार्यालय ललितपुरको च.नं. ३०६ मिति २०८१/८/१६ को पत्रबाट नियमानुसार आवश्यक कारबाहीका लागि अनुरोध भनी उल्लेख भइआएको।

नमुना सदरमुकाम निर्माण
छ सय रुख काटिने



नमुना सदरमुकाम निर्माण स्थल ।

नवलपुर समाचारदाता
नवलपुर, पुस ११ गते

नवलपुरको कावासोतीमा बन्ने भनिएको नमुना सदरमुकाम निर्माण स्थलमा रहेका रुख काट्न बाटो खुलेको छ। बुधबार बसेको मन्त्रीपरिषद्को बैठकले सदरमुकाम निर्माण स्थलमा रहेका ६४२ वटा ठुला रुख काट्न स्वीकृत प्रदान गरेको छ।

रुख काट्नका लागि जिल्ला डिभिजन वन कार्यालयले स्वीकृति दिएर सात महिनापहिले फाइल अघि बढाएको थियो। लामो समयसम्म रुख कटान अनुमति नपाउँदा सदरमुकाम निर्माणका लागि टेन्डर भई ठेक्का लागेर पनि काम अघि बढ्न सकेको थिएन। मन्त्रीपरिषद्को यो निर्णय अनुसारको वन तथा भूसंरक्षण विभागबाट लिखित आदेश आएलगत्तै टाँचा लगाई मुचुल्का उठाएर रुख काट्न सुरु गरिने जिल्ला डिभिजन वन कार्यालयका प्रमुख वसन्त केशव अधिकारीले जानकारी दिनुभयो। नवलपुरका क्षेत्र नं. २ का प्रतिनिधि सभा सदस्य विष्णुकुमार कार्कीले

> नमुना सदरमुकाम निर्माणको गुरुयोजना अनुसार सङ्घ र प्रदेशमातहतका सबै कार्यालय, पार्किङ, वाटिका, २५ हजार दर्शक क्षमताको फुटबल रङ्गशाला, १५ हजार दर्शक क्षमताको क्रिकेट रङ्गशाला, कर्मचारीका लागि आवासगृह, अतिथिगृह, सभा हल, पुस्तकालय, खाजाघरलगायत संरचना निर्माण हुने ।

रुख हटाउन अनुमति मिलेसँगै अब नमुना सदरमुकाम निर्माणको काम पनि अघि बढ्ने बताउनुभयो।

डिभिजन वन कार्यालयका प्रमुख अधिकारीका अनुसार सदरमुकाम निर्माण स्थलमा ठुला ५५२ र साना ९० गरी ६४२ रुख कटानमा पर्ने भएका छन्। कावासोती-३ मा रहेको ज्योति कुञ्ज सामुदायिक वनभित्र रहेको १८६ बिघा जग्गामा सरकारको नाममा रहेको छ। सहरी विकास तथा भवन निर्माण आयोजना कार्यालय चितवनले पहिलो चरणमा जिल्ला प्रशासन कार्यालय र दुई वटा एकीकृत भवन बनाउनका लागि ठेक्का सम्झौता गरिसकेको छ।

नमुना सदरमुकाम निर्माणको गुरुयोजना अनुसार यहाँ सङ्घ र प्रदेश मातहतका सबै कार्यालय, पार्किङ, वाटिका, २५ हजार दर्शक क्षमताको फुटबल रङ्गशाला, १५ हजार दर्शक क्षमताको क्रिकेट रङ्गशाला, कर्मचारीका लागि आवासगृह, अतिथिगृह, सभा हल, पुस्तकालय, खाजाघरलगायत संरचना निर्माण हुने छन्। प्रारम्भिक गुरुयोजना अनुसार आयोजनाको कुल लागत १६ अर्ब २५ करोड ५३ लाख ९० हजार रुपियाँ रहेको छ। गत आर्थिक वर्षमा सदरमुकाम निर्माणका लागि ५० करोड रुपियाँको स्रोत सुनिश्चित भएको थियो भने चालु आवमा सङ्घीय कार्यालय र पूर्वाधार निर्माणका लागि मनेर ८० करोड रुपियाँ विनियोजन भएको छ।

प्रयोगविहीन बन्यो अस्पताल भवन

म्याग्दी समाचारदाता
बेनी (म्याग्दी), पुस ११ गते

करोडौँ रुपियाँ खर्चिएर निर्माण गरिएको पालिकास्तरीय अस्पताल भवन प्रयोगविहीन भएको छ। म्याग्दीको अन्नपूर्ण गाउँपालिका-१, दोवामा निर्माण भएको पालिकास्तरीय अस्पताल भवन मेडिकल उपकरण, जनशक्ति र अन्य पूर्वाधारको व्यवस्थापन नहुँदा दुई वर्षदेखि प्रयोगविहीन बनेको हो।

गाउँपालिका अध्यक्ष भारतकुमार पुनले भन्नुभयो, "भवन मात्र ठडिएको छ। अस्पताल सञ्चालनका लागि आवश्यक पर्ने अन्य पूर्वाधारको अभाव छ । मेडिकल उपकरण खरिद गर्ने बजेट छैन्। भवन मात्र बनाएर अस्पताल सञ्चालन गर्न सकिँदैन।" उहाँले अगाडि भन्नुभयो, "अस्पतालका लागि आवश्यक पर्ने पूर्वाधार र जनशक्ति माग गर्न तीन पटकसम्म सङ्घीय सरकारसम्म पुग्यौँ, हाम्रो कुराको सुनुवाइ भएन। उपल्लो निकायबाट देशभर यस्तै समस्या छ भनेर जवाफ पायौँ। अस्पताल सञ्चालनमा ल्याउन नसक्दा अहिले भवन अलपत्र जस्तै बनेको छ।"

सङ्घीय सरकारको सबै पालिकामा आधारभूत तहको अस्पताल सञ्चालन गर्ने उद्देश्य अनुसार २०७९ फागुनमा अस्पताल भवन निर्माण सम्पन्न भएको थियो। भवन बनेको लामो समय हुँदा पनि अस्पताल सञ्चालनमा नआउँदा पालिकावासी आधारभूत तहको स्वास्थ्य सेवा पाउनबाट वञ्चित भएको पालिका अध्यक्ष पुनले बताउनुभयो।

पाँच करोड १२ लाख ६० हजार ६५२ रुपियाँ लागतमा अपाङ्गतामैत्री पाँच शय्या क्षमताको भूकम्प प्रतिरोधी भवन निर्माण भएको थियो। निर्माण भएको भवनमा आकस्मिक कक्ष, अन्तरङ्ग, बहिरङ्ग, प्रयोगशाला, प्रशासनिक, औषधी भण्डार कोठा, उपचारका लागि छुट्टाछुट्टै कक्ष र स्वास्थ्यकर्मी निवाससहित ३५ वटा कोठा रहेका छन्। भवनको माथिल्लो तल्लाका तीन वटा कोठामा स्वास्थ्यकर्मीका लागि आवास निर्माण गरिएको छ।

भवन निर्माणका लागि २०७८ वैशाख १७ गते रविना-अमित जेभीले सम्झौता गाउँपालिकासँग सम्झौता गरी भवन निर्माण गरेको थियो। भवन निर्माण सम्पन्न भए पनि निर्माण व्यवसायीलाई केही रकम भुक्तानी गर्न बाँकी रहेको पालिकाको भनाइ छ। आवश्यक सामग्री र जनशक्ति व्यवस्थापन गरी अस्पताल सञ्चालनका लागि गाउँपालिकाले सङ्घीय सरकारसँग माग गरेको पालिका अध्यक्ष पुनले बताउनुभयो।

विद्यालयलाई शैक्षिक सामग्री

कावासोती समाचारदाता
कावासोती, पुस ११ गते

नारायणी नदीमा असोज १२ गते आएको बाढीले क्षति पुऱ्याएको मध्यविन्दु नगरपालिका-१५ को बालसिद्ध आधारभूत विद्यालय मर्मत गरी अध्यापन सुरु गरिएको छ। बाढीका कारण बालसिद्ध आधारभूत विद्यालयमा पूर्ण रूपमा क्षति पुगेको थियो। विद्यालयका कक्षाकोठा, फर्निचरलगायतका सामग्री सबै हिलोसहितको लेदो पानीले डुबाउँदा लामो समयसम्म विद्यार्थीलाई कक्षाकोठामा अध्यापन गराउन नसकेको विद्यालयले जनाएको छ।

विशेष गरेर बालकक्षा, पूर्वप्राथमिक तहका बालबालिकालाई अध्ययन गर्न असहज भएपछि अहिले पुनर्निर्माण गरेर बालमैत्री कक्षा व्यवस्थापन गरिएको हो। मध्यविन्दु नगरपालिकाको समन्वयमा जागृति बाल तथा युवा सरोकार नेपाल, नेपाल हिल्फे बिटिकम किन्डर इन चिल्ड्रेन नेपालको सहयोगमा बाढीबाट क्षति पुगेको विद्यालयको कक्षाकोठा बालमैत्री बनाइएको हो।

करिब १० लाख रुपियाँको लागतमा तीन वटा कक्षा रङरोगन, भित्तेलेखन, इसिडी कक्षाको व्यवस्थापन गरिएको जागृति बाल तथा युवा सरोकार नेपालका महासचिव दीपक शर्माले बताउनुभयो। विद्यालयको पुनर्निर्माणसँगै खुसी खुसी विद्यालयमा बालबालिका पुऱ्याउने अभियान अन्तर्गत बालसिद्ध आधारभूत विद्यालयमा शैक्षिक सामग्री वितरण गरिएको छ। यहाँ अध्ययनरत ७२ जना बालबालिकालाई शैक्षिक सामग्री वितरण गरिएको हो। विद्यार्थीलाई झोला, कापी, कलम, ज्याकेट, टुथपेस्टलगायतका सामग्री वितरण गरिएको जागृति बाल तथा युवा सरोकारका महासचिव शर्माले बताउनुभयो।

मध्यविन्दु नगरपालिकामा शिक्षाको क्षेत्रमा बालबालिकाको शैक्षिक विकास गर्ने हेतुले खुसी पाठ्यक्रमको अवधारणा ल्याएको नगरप्रमुख भीमलाल अधिकारीले बताउनुभयो। त्यही अनुरूप आफूहरूले कार्य गर्दै आएको र असोज ११ र १२ गते आएको बाढीले नगरपालिकाका विभिन्न ठाउँमा र विद्यालयमा ठुलो क्षति पुगेकाले जागृति बाल तथा युवा सरोकारले पनि सहयोग गरेको बताउनुभयो। मानिसलाई गाँस, बास, कपासँगै स्वास्थ्य र शिक्षा पनि आधारभूत आवश्यकतामा रहेकाले शिक्षालाई प्राथमिकता दिनुपर्नेमा उहाँले जोड दिनुभयो।

विद्यालयमा खुसी खुसी विद्यार्थी पुऱ्याउने अभियानका साथ के गर्दा विद्यालयमा विद्यार्थी खुसी हुन्छन् र उनीहरू प्रभावित हुन्छन् भन्ने उद्देश्यले आफूहरूले आवश्यकता अनुसार विगत १५ वर्षदेखि विद्यालयमा शैक्षिक सामग्री, न्यानो कपडा वितरण गर्ने र अभिभावकसँग पनि जीवनयापनमा सहज हुने विषयमा छलफल गर्ने गरेको किन्डर नेपालका संयोजक दीपक बस्यालले बताउनुभयो।

वनभोज खान जानेको लर्को

नवलपुर समाचारदाता
नवलपुर, पुस ११ गते

नवलपुर सदरमुकाम कावासोतीमा रहेको पर्यटकीय स्थल पोखरीतालमा वनभोज खान जानेको लर्को लाग्ने गरेको छ। पूर्वपश्चिम राजमार्गको फलफूल चोकदेखि साढे पाँच किलोमिटरको दुरीमा रहेको पोखरीतालमा एकै दिन बुधबार अहिलेसम्मकै घैरे ४० वटा समूह वनभोजका लागि पुगेका पोखरीताल पर्यटकीय स्थल व्यवस्थापन समितिका अध्यक्ष भक्तिराम भट्टराईले जानकारी दिनुभयो।

Civil Aviation Authority of Nepal
Electromechanical Department
Sinamangal, Kathmandu Nepal

Re-Invitation for Bids

Date of publication: 2081/09/12 (27th December 2024)
Invitation for Bids No: ICB-01-EMD-ME-081/82 (Re-Invitation)

1. The **Electromechanical Department, Civil Aviation Authority of Nepal** invites **electronic** bids from eligible bidders for the procurement of **Supply, Delivery, Testing & Commissioning of ARFF Vehicles for Different Airports of Nepal (Re-Invitation)** under **International Competitive Bidding – Single Stage Two Envelope.**
2. Under the Single Stage, Two Envelope Procedure, Bidders are required to submit simultaneously two separate sealed envelopes, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, both in turn enclosed in one sealed envelope as per the provision of ITB 23 of the Bidding Document.
3. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of Civil Aviation Authority of Nepal, Electromechanical Department, Sinamangal, Kathmandu Nepal, 977-1-5718021, Ext-305 or may visit PPMO egp system www.bolpatra.gov.np/egp.
4. Bidder who chooses to submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document (NRs. 20,000.00+VAT) in the following Rajaswa (revenue) account as specified below .

   Information to deposit the cost of bidding document in Bank:

   Name of the Bank: NMB Bank, Babarmahal, Kathmandu, Nepal
   Name of Office: Civil Aviation Authority of Nepal
   Office Account no.: 0010012611500043
5. Electronic bids must be submitted through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or **before 12:00 hour NST on 4th Magh 2081 (17th January 2025).** Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **14:00 hour NST on 4th Magh 2081 (17th January 2025)** at the office of **Electromechanical Department, Civil Aviation Authority of Nepal, Sinamangal, Kathmandu, Nepal.** Bids must be valid for a period of **120 days** from the date of bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of NRs**. 16,000,000.00 or equivalent USD**, which shall be valid for 30 days beyond the validity period of the bid.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

Nepal Electricity Authority
Transmission Directorate
Grid Operation Department
Notice Publication Date: 2081/09/12

1. Invitation for Bids:

S. N.	Tender No./ SQ No.	Job Description	Contact Office Name and Address
1	PGD/2081/082-6(ST)	Protection Work for Tower No. 23 Syangja-Kaligandaki 132 kV Transmission Line	Pokhara Grid Division, Telephone No. 061-563577, Email pokharagrid@nea.org.np
2	NEA-DGD/ 2081/082-01(SQ)	Supply and Delivery of Stationery and Miscellaneous Items	Duhabi Grid Division, Telephone No. 025-442416, Email- duhabigrid@nea.org.np

Eligible Bidders may obtain further information from the Office during Office hour or may visit PPMO Web Portal www.bolpatra.gov.np/egp

2. बोलपत्र स्वीकृत गर्ने आशयको सूचना :

सि. नं	दरभाउपत्र नं.	कामको विवरण	छनोट भएको दरभाउपत्र दाताको नाम र ठेगाना	कबोल अङ्क PS र भ्याट बाहेक	Contact Office Name and Address
1	DGD-2081/ 082-04	Slope and Tower Protection Works for Solu Corridor 132 kV Transmission Line at Tower No 59.	M/S Makalu Nirman Sewa, Kamalamai-4, Sindhuli Nepal	Rs. 14,50,091.75	Dhalkebar Grid Division, Telephone No. , 041-560068, Email dhalkebargrid@nea.org.np

---

नेपाल विद्युत प्राधिकरण
वितरण तथा ग्राहक सेवा निर्देशनालय
बागमती प्रादेशिक कार्यालय
दरबार मार्ग, काठमाडौँ

सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने आशय/दरभाउपत्र आह्वानको सूचनाहरू

सूचना प्रकाशित मिति : २०८१/०९/१२

सिलबन्दी दरभाउपत्र आह्वानको सूचना (पुल्चोक वितरण केन्द्र)

क्र.सं.	बोलपत्र नं.	कामको विवरण
१	NEA/PDC/081/082-03	HT line extension work at various place of Pulchowk DCS"

Please visit official website of PPMO (www.bolpatra.gov.np/egp) for more details.

सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना (काभ्रे वितरण केन्द्र)

क्र. सं.	दरभाउपत्र नं.	कामको विवरण	छनोट भएको बोलपत्र दाताको नाम	कबोल रकम (भ्याट सहित) रु.
१	NEA/KDC/ 2081/082/ESQ-01	Extension & Rehabilitation of HT/LT Line & Transformer Installation works at Different Location of Kavre DCS.	Sudipa Nirman Sewa, Kavre	८,३७,२१७।००
२	NEA/KDC/ 2081/082/ESQ-02	Supply & Delivery of Line Materials.	Bany Construction & Suppliers Pvt. Ltd., Kathmandu	१३,९८,४९१।३९
३	NEA/KDC/ 2081/082/ESQ-03	Supply & Delivery of Stationery Materials.	New Nilkantha Offset Press, Kathmandu	४,४८,२५९।७०

नेपाल विद्युत प्राधिकरण
वितरण तथा ग्राहक सेवा निर्देशनालय गण्डकी प्रादेशिक कार्यालय
सूचना प्रकाशित मिति : २०८१।०९।१२

सिलबन्दी दरभाउपत्र रद्द गरिएको सूचना

लमजुङ वितरण केन्द्रको सिलबन्दी दरभाउपत्र नं. **NEA-LDC-2081/82-02(SQ)** विशेष प्राविधिक कारणवश रद्द गरिएको व्यहोरा सम्बन्धित सबैमा जानकारी गराइन्छ।

नेपाल सरकार
शिक्षक सेवा आयोग

निम्न माध्यमिक तहको शिक्षक पदका लागि उम्मेदवार सिफारिस सम्बन्धी सूचना

(निर्णय मिति : २०८१/०९/११ गते)

शिक्षक सेवा आयोगबाट मिति २०८०/११/०२ गते प्रकाशित विज्ञापन अन्तर्गत निम्न माध्यमिक तह, तृतीय श्रेणी, शिक्षक पदका लागि मिति २०८१/०९/०१ गते सञ्चालित तपसिलमा उल्लिखित विषय र प्रदेशबाट अन्तर्वार्तामा सम्मिलित उम्मेदवारहरूको शिक्षक सेवा आयोग नियमावली, २०५७ को नियम २४ (१) बमोजिम लिखित परीक्षा र अन्तर्वार्ता समेतको प्राप्ताङ्कको आधारमा सफल भएका उम्मेदवारहरूको नाम स्थायी नियुक्तिका लागि सिफारिस सहित योग्यता क्रम यस आयोगको मिति २०८१।०९।११ गतेको निर्णयानुसार प्रकाशित गरिएको छ । अन्तर्वार्तामा सम्मिलित उम्मेदवारहरूले आफ्नो नतिजाको प्राप्ताङ्क हेर्न चाहेमा यस आयोगको वेबसाइट www.tsc.gov.np को "नतिजा" मा गई आजको मितिले ७ (सात) दिनसम्म हेर्न सकिनेछ। नतिजा सम्बन्धी विस्तृत विवरण आयोगको वेबसाइट www.tsc.gov.np मार्फत प्रकाशन गरिएको व्यहोरा समेत सम्बन्धित सबैको जानकारीका लागि सूचित गरिन्छ। **तपसिल**

क्र.सं.	प्रदेश	विषय
१	कर्णाली	नेपाली, अङ्ग्रेजी, गणित, विज्ञान, सामाजिक र गणित विज्ञान

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
सामाजिक सुरक्षा कोष
थापाथली, काठमाडौँ
फोन नं. ५३५६१४४, ५३५५४६४ इमेल : info@ssf.gov.np

घर भाडामा लिने सम्बन्धी सार्वजनिक सूचना

(प्रथम पटक सूचना प्रकाशित मिति २०८१/०९/१२)

यस कार्यालयको लुम्बिनी प्रदेशस्थित बुटवल सम्पर्क कार्यालयको प्रयोजनका लागि घर भाडामा लिनुपर्ने भएकाले इच्छुक घरधनीहरूबाट देहायको शर्तको अधीनमा रही सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र कोषको केन्द्रीय कार्यालयमा आफ्नो निवेदन दर्ता गराउनुहुन सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९४ बमोजिम यो सूचना प्रकाशित गरिएको छ।

शर्तहरू

१) श्रम तथा रोजगार कार्यालय बुटवलको भवन रहेको स्थान (गोल पार्क चोक) बाट बढीमा १ किलोमिटरसम्म पूर्व पश्चिम, उत्तर, दक्षिण।
२) कार्यालय सञ्चालनको निम्ति उपयुक्त कम्तीमा ४ (चार) कोठा भएको क्षेत्रफल ५०० स्क्वायर फुटभन्दा बढी भएको पक्की घर।
३) कम्तीमा एक वटा चारपाङ्ग्रे सहित दुई पाङ्ग्रे सवारीसाधनका लागि पर्याप्त पार्किङको सुविधा भएको।
४) शौचालय तथा स्नानकक्ष घरभित्र नै भएको।
५) पानी र बिजुलीको राम्रो प्रबन्ध भएको।
६) घरबहाल कर स्वयं घरधनीले नै तिर्नुपर्ने।
७) अन्य कुरा प्रचलित कानून अनुसार आपसी समझदारीमा निर्धारण हुने।

आवश्यक कागजात

१) घरधनीको नागरिकताको प्रतिलिपि।
२) घर रहेको जग्गाको जग्गाधनी प्रमाणपत्र तथा नापी नक्साको प्रतिलिपि।
३) घरको तल्ला कोठा वा क्षेत्रफल खुलेको स्वीकृत नक्सापास प्रमाण पत्रको प्रतिलिपि।
४) घर निर्माण सम्पन्न प्रमाणपत्रको प्रतिलिपि।
५) चालू आ.व. सम्मको तिरोको रसिदको प्रतिलिपि।
६) मासिक घरभाडा रकम बहाल कर सहित अङ्क र अक्षरमा प्रस्टसँग उल्लेख गर्नुपर्नेछ।
७) घरधनी संस्था भएको हकमा संस्थाको दर्ता प्रमाणपत्र, करचुक्ता प्रमाणपत्र, पान/भ्याट दर्ता प्रमाणपत्र र संस्थाको घर भाडामा दिने सम्बन्धी भएको निर्णयको प्रतिलिपि समेत पेश गनुपर्नेछ।
८) नक्सा पास तथा निर्माण सम्पन्न कागजात।
९) घरधनीको दुई प्रति पासपोर्ट साइजको फोटो।
१०) भाडामा दिन चाहेको स्थानको क्षेत्रफल यकिन हुने प्रमाणित कागजात।

सामाजिक सुरक्षा कोष
थापाथली, काठमाडौँ

कार्यक्षमता मूल्याङ्कनद्वारा हुने बढुवा सम्बन्धी सामाजिक सुरक्षा कोषको सूचना

सूचना नं. ०१/०८१/०८२
प्रकाशन मिति : २०८१।०९।१२

सामाजिक सुरक्षा कोषमा रिक्त रहेको देहाय बमोजिमका पदहरूमा कार्यक्षमता मूल्याङ्कनका आधारमा बढुवाद्वारा पदपूर्ति गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिनभित्र सामाजिक सुरक्षा कोष (कर्मचारी प्रशासन) विनियमावली, २०७५ को विनियम ३९ बमोजिम योग्यता पूरा गरेका र विनियम ४० बमोजिमको अवस्था नभएका सम्भाव्य उम्मेदवारहरूले विनियमावलीको अनुसूची-४क अनुसारको दरखास्त फाराम भरी कोषको पदपूर्ति समितिको सचिवालय (प्रशासन तथा जनशक्ति विकास शाखा) मा दरखास्त दिनुहुन सूचना गरिन्छ। रीत नपुगी वा म्याद नाघी पेश हुन आएको दरखास्त उपर कुनै कारबाही गरिनेछैन।

क्र.सं.	विज्ञापन नं.	पद	तह	सेवा/समूह/उपसमूह	पद सङ्ख्या
१	०१/०८१/८२	सहायक निर्देशक	सातौँ	प्रशासन/सामान्य प्रशासन	१
२	०२/०८१/८२	सहायक निर्देशक	सातौँ	प्रशासन/लेखा	१
३	०३/०८१/८२	प्रशासकीय अधिकृत	छैटौँ	प्रशासन/सामान्य प्रशासन	१

कार्यक्षमता मूल्याङ्कनका आधारमा बढुवाका लागि संलग्न गर्नुपर्ने कागजातहरू:

१. अनुसूची-४क अनुसारको रीतपूर्वक भरिएको दरखास्त फाराम
२. देहाय बमोजिम दस्तुर सामाजिक सुरक्षा कोषको नाममा प्राइम बैंक लिमिटेडमा रहेको खाता नं. ००१०१०००००५९४९००१९९ मा जम्मा भएको भौचर


तह ७ का लागि रु. १,२००।-	तह ६ का लागि रु. १,०००।-

३. नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
४. हाल कार्यरत पदको सुरु नियुक्ति वा बढुवा नियुक्तिको प्रतिलिपि,
५. बढुवा हुने पदका लागि आवश्यक न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि,
६. न्यूनतम शैक्षिक योग्यताभन्दा माथिल्लो शैक्षिक योग्यता प्राप्त गरेको भएमा सोको प्रमाणपत्रको प्रतिलिपि,
७. सेवाकालीन तालिम लिएको भए सोको प्रमाणप्रत्रको प्रतिलिपि।

द्रष्टव्य:

१. कार्यक्षमता मूल्याङ्कनद्वारा हुने बढुवातर्फ दरखास्त दिने उम्मेदवारले उल्लिखित कागजातहरूलाई प्रमाणित गर्ने प्रयोजनार्थ सक्कल समेत अनिवार्य रूपमा लिई आउनुपर्नेछ।
२. अस्वीकृत भएका दरखास्त फारामहरूको दस्तुर फिर्ता हुनेछैन।

पदपूर्ति समिति
सामाजिक सुरक्षा कोष



स्थानीय तहमा जनप्रतिनिधि

‘सुन्दर, सफा र समृद्ध गाउँपालिका बनाउँछौं’

उमाशङ्करप्रसाद साह
अध्यक्ष, औरही गाउँपालिका

धनुषाको १८ वटा पालिकामध्येको एक औरही गाउँपालिका जनकपुरधामबाट आठ किलोमिटर पूर्वीमा पर्छ। छ वटा वडा रहेको पालिकामा चार हजार ७९३ परिवार छन्। यस पालिकाको क्षेत्रफल २५.५६ वर्ग किलोमिटर रहेको छ। धार्मिक दृष्टिकोणले महत्त्वपूर्ण मानिएको जमुनी र विमला नदी यही पालिका भएर बग्छ। त्रेता युगमा जगत् जननी जानकी आफ्नो राज्यको परिक्रमा गर्दा विमला नदीमा स्नान गरेको पौराणिक मान्यता अनुसार १५ दिने मिथिला मध्यमा परिक्रमाको समयमा किनारमा विश्राम गर्ने गरिएको छ। २०७९ सालको स्थानीय तहको निर्वाचनमा नेकपा (एमाले) को तर्फबाट पालिका अध्यक्षमा निर्वाचित उमाशङ्करप्रसाद साहसँग गोरखापत्र दैनिकका धनुषा समाचारदाता धर्वेन्द्रकुमार झाले गर्नुभएको कुराकानी :

निर्वाचनको समयमा जनतासँग गर्नुभएका प्रतिबद्धता के कति पूरा गर्दै हुनुहुन्छ ?

निर्वाचनका बेला शिक्षा र स्वास्थ्य क्षेत्रमा आमूल परिवर्तन गर्ने जनतासँग वाचा गरेको थिएँ। सोही अनुसार अहिले कामकाज पनि अगाडि बढाएको छु। पालिकाभित्र पाँच वटा आधारभूत विद्यालय, दुई वटा माध्यमिक विद्यालय र तीन वटा उच्च माध्यमिक विद्यालय सञ्चालनमा छन्। वडा नं. ६ मा रहेको उच्च माध्यमिक विद्यालयमा पठनपाठनलाई ध्यानमा राख्दै अतिरिक्त कक्षाको व्यवस्थापन गरेको छु। विद्यालयहरूमा नियमित पठनपाठन हुनुका साथै गुणस्तरीय शिक्षा प्रदान गर्ने वातावरण तयार भएको छ। त्यसै गरी स्वास्थ्य क्षेत्रमा व्यापक सुधार भएको छ। पालिकाभित्रमा एक स्वास्थ्य केन्द्र र पाँच वटा स्वास्थ्य चौकीबाट नियमित रूपमा सेवा प्रवाह भइरहेको छ। विगतमा सामान्य रूपमा बिरामी पर्दा पनि जनकपुरधाम जानुपर्ने बाध्यता थियो। त्यो बाध्यता अब समाप्त भएको छ। यहाँको स्वास्थ्य केन्द्रमा एमबिबिएस डाक्टर बस्ने गरेको छ। पालिकाभित्रमा दुई वटा बर्थिङ सेन्टर सञ्चालनमा रहेका छन्। मैले जनतासमक्ष गरेका प्रतिबद्धतामध्ये केही पूरा गरेको छु। केही पूरा गर्न बाँकी छ। आउने दिनमा त्यसलाई पूरा गर्ने प्रयास गर्छु।

पूर्वाधार निर्माणको क्षेत्रमा के कस्ता काम गर्दै हुनुहुन्छ ?

गाउँपालिका कार्यालय नै अहिले स्वास्थ्य केन्द्रको भवनमा सञ्चालनमा छ। यो भवन पुरानो र जीर्ण भइसकेको छ। यसअघिका अध्यक्षले नयाँ भवन निर्माणका लागि शिलान्यास गर्नुभएको थियो। हामीले नयाँ भवन निर्माणका लागि पाँच करोड रुपियाँ विनियोजन गरेका छौं। उचित साइत हेरेर कार्यालय छिट्टै नयाँ भवनमा सारिने छ। त्यसपछि कर्मचारीलाई पनि कामकाज गर्न सहज हुन्छ। अन्य पूर्वाधारको कुरा गर्दा करिब चार हजार मिटर सडक पिसिसी ढलान भएको छ। १५ शय्याको अस्पतालका लागि भवन निर्माणको काम तीव्र गतिमा अगाडि बढिरहेको छ। केही विद्यालयका भवन पनि निर्माण भइरहेको छ। दुई वटा मदरसा निर्माण पनि भएको छ।

पालिकाभित्र आन्तरिक स्रोतसाधनको अवस्था के के छन् ? त्यसको परिचालन कसरी गरिरहनुभएको छ ?

हाम्रो पालिकामा आन्तरिक स्रोतको अवस्था न्यून छ। पोखरीहरू हाम्रा पूर्वजले विद्यालयलाई दिइसकेका छन्। आम्दानी आउने भनेको पोखरीबाट हो। त्यसैले पोखरीबाट भएका आम्दानी विद्यालयले नै खर्चिने गरेका छन्। दण्ड जरिबाना र सिफारिस दस्तुरस्वरूप वार्षिक छ लाख रुपियाँ आन्तरिक आम्दानी हुन्छ। त्यसलाई नगरपालिकाको आवश्यकता अनुसार परिचालन गर्ने गरिएको छ।

सङ्घ र प्रदेश सरकारबाट के कस्तो सहयोगको अपेक्षा गर्नुभएको थियो। सहयोग पाउनुभएको छ कि छैन ?

सरकारले पनि विभेद गर्दो रहेछ भन्ने हामीलाई पनि महसुस भएको छ। सङ्घ र प्रदेश सरकारसँग धेरै अपेक्षा थियो तर त्यो पूरा भएको छैन। सङ्घको त कुरा छोडौं प्रदेश सरकारले पठाउने ससर्त अनुदानमा समेत भेदभाव हुने गर्छ। विगतमा मधेश प्रदेश सरकारमा रहेका मन्त्रीको निर्वाचन क्षेत्रमा पर्ने पालिकामा बढी रकम पठाउनु र केहीमा पठाउँदै नपठाएको अवस्था पनि हेरियो। अब यस वर्ष मुख्यमन्त्रीले यस विषयमा सुधार गर्ने प्रतिबद्धता गर्नुभएको छ। हेरौं के हुन्छ।

पालिकाको काममा के कस्ता चुनौतीको सामना गर्दै हुनुहुन्छ ?

हामीले एउटा दुइटा होइन, धेरै चुनौतीको सामना गर्नु परेको छ। यस पालिकामा नेकपा (एमाले) बाट अध्यक्ष र उपाध्यक्ष मात्रै हामी जितेका छौं। वडामा नेपाली कांग्रेसका साथीहरूले जित्नुभएको छ। कार्यपालिकाको बठैकमा हामी अल्पमतमा रहन्छौं। सामान्य विषयमा पनि अरू दलका साथीहरूले विवाद सिर्जना गरी कामकाज नै प्रभावित गरिदिने जस्ता गतिविधि गर्नुहुन्छ तर म चाहिँ सबैसँग मिलेर काम गर्ने मान्छे हुँ। असन्तुष्ट व्यक्तिसँग पनि हामीले भेटेर समस्याको समाधानका निमित्त प्रयास गरेपछि सबै दलका प्रतिनिधिले कामकाजमा सहयोग पुऱ्याउँदै आउनुभएको छ। यो समाजका लागि सकारात्मक कुरा हो। हामी मिलेर समस्या र चुनौतीको समाधान गर्ने प्रयास गरिराख्छौं।

पालिकामा रहेका दलित तथा विपन्न नागरिकका समस्यालाई कसरी हेर्नुभएको छ ?

दलित तथा विपन्न वर्गको समस्यालाई मैले नजिकबाट हेरेको छु। दलित बस्तीमा पुग्दा सरसफाइदेखि लिएर शिक्षा, स्वास्थ्यको क्षेत्रमा विभिन्न खालका समस्या रहेका छन्। ती समस्या समाधानका लागि सबैभन्दा पहिले पालिकाभित्रका ७३४ दलित परिवारको स्वास्थ्य बिमा गराएको छु। एक परिवारका लागि बिमा रकम तीन हजार पाँच सय रुपियाँ पालिकाले बिमा कम्पनीलाई तिरिदिएको छ। कुनै कारणवश बिरामी पर्दा एक परिवारका बढीमा पाँच सदस्यले उपचारका लागि एक लाख रुपियाँसम्मको स्वास्थ्य बिमा पाउने वातावरणको निर्माण भएको छ। साथै कुनै विपत्ति आउँदा खाने, बस्ने र लुगाको व्यवस्था गर्ने गरेको छु। अब चिसो मौसम आउँदै छ। हामीले विपन्न र दलितका लागि चिसोबाट बच्नका लागि कम्बल र दाउराको व्यवस्थापन गरेका छौं। साथै विपन्न दलितका पाँच वर्षमुनिका बालबालिकालाई पोषणयुक्त खानाका लागि पोषण भत्ताको व्यवस्थापन गरेका छौं। ज्येष्ठ नागरिकलाई प्रदान गरिने सामाजिक सुरक्षाको भत्ता समयमै उपलब्ध गराउने गरेका छौं।

कृषि क्षेत्रलाई प्राथमिकतामा राखेर के कस्ता योजना ल्याउन लाग्नुभएको छ ?

यहाँको नागरिकको मुख्य पेसा खेतीपाती नै हो। त्यसैले किसानलाई मलखाद र बिउ उपलब्ध गराउने गरेको छु। यस वर्ष पनि घर घरमै गएर किसानलाई गहुँको बिउ वितरण गरिएको छ। प्रत्येक वडामा मलखाद वितरण गर्ने डिलरको व्यवस्थापन गरेको छु। किसानले सहज रूपमा त्यहाँबाट मलखाद लिने गरेका छन्। साथै किसानलाई खेतीपाती गर्नका लागि सिँचाइको आवश्यकता हुन्छ। त्यसैले कृषि विद्युत् मिटर जडान गर्ने तयारी गरेको छु। ट्रान्सफर्मर जडानका लागि विद्युत् प्राधिकरणसँग प्रक्रिया अगाडि बढिसकेको छ।

दुर्घटना न्यूनीकरण गर्न सडकमा कडाइ

कलैया समाचारदाता
बारा, पुस ११ गते

दुर्घटना न्यूनीकरण गर्न सडक सुरक्षामा कडाइ गरिने प्रमुख जिल्ला अधिकारी वसन्त अधिकारीले बताउनुभएको छ। उहाँले सरोकारवालाको बैठकमा सडक सुरक्षाका लागि सवारी व्यवस्थापन र चेकजाँचमा कडाइ गर्ने निर्णय भएको बताउनुभयो।

जिल्ला ट्राफिक प्रहरी कार्यालय निजगढकी प्रहरी निरीक्षक नीरू दुवालले सडकमा देखिएका प्रमुख समस्या र सडक सुरक्षामा गरिने गतिविधिसहितको कार्यपत्र पेस गर्नुभएको भएको थियो।

उहाँका अनुसार चालु आर्थिक वर्षको हालसम्म बारामा ३९७ वटा सवारी दुर्घटना हुँदा २९ जनाको मृत्यु तथा एक हजार ८० जना घाइते भएका छन्। आव २०८०/८१ मा मधेश प्रदेशको आठवटै जिल्लामा छ हजार ५८ वटा दुर्घटना हुँदा ४०४ पुरुष, ९१ महिला, १८ बालक र १७ जना बालिका गरी ५३० जनाको मृत्यु भएको तथा नौ हजार ७४५ जना घाइते भएको कार्यक्रममा जनाइएको छ।

बैठकपछि सामूहिक रूपमा सरोकारवालाले विविध निर्णयसमेत गरेका छन्। अटोरिक्सा, मयुरीलाई मुख्य राजमार्गमा गुड्न रोक लगाइने, एउटा पालिकामा दर्ता भई सञ्चालनमा रहेका साना सवारीलाई अर्को पालिकाभित्र सञ्चालनमा रोक लगाइने, सडकमा निर्माण सामग्री नराख्ने, पशु चौपाया छोड्न नपाइने, जथाभावी पार्किङ गरेमा सवारीधनी र चालकलाई कारबाही गरिने निर्णय गरेको छ।

बजार क्षेत्र, बस्तीमा प्रेसर हर्न बजाउन निषेध गरिने, पालिकास्तरमा उचित पार्किङ क्षेत्र तोकिने र सवारीधनी, व्यवसायीले आफ्नो सवारी पार्किङ आफैंले आफ्नो जग्गामा व्यवस्थापन गर्नुपर्ने, सार्वजनिक सडक तथा सहरको सौन्दर्य कायम गर्नेलगायतका निर्णय भएको प्रमुख जिल्ला अधिकारीले बताउनुभयो।

यसै गरी बिनालाइसेन्स, हेल्मेटबिना ओभरलोड, सिटभन्दा बढी यात्रु बोक्ने सवारीलाई कारबाही गरिने तथा कारबाहीमा परेकालाई भनसुन गर्ने सामाजिक अगुवाको नाम पनि सार्वजनिक गरिने उहाँले जानकारी दिनुभयो। यता कलैयाको यातायात व्यवस्थापन सहज बनाउन बसपार्कको प्रयोग अनिवार्य गरिने र त्यसका लागि आवश्यक सहयोग पालिकाले गर्ने कलैयाका नगरप्रमुख विनोद साहले भन्नुभयो।

छलफलमा जिल्ला समन्वय समितिका प्रमुख नरेन्द्रकुमार साह, नागरिक समाजका अध्यक्ष उमेशलाल दास, प्रहरी उपरीक्षक महेन्द्र खड्का, नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय पथलैयाका प्रमुख प्रहरी उपरीक्षक भीमकिरण बोगटी, ज्वाला दल गणका सेनानी रामकृष्ण हुमागाईं, उद्योग वाणिज्य सङ्घ, यातायात व्यवसायी सङ्गठनका प्रतिनिधिको सहभागिता रहेको थियो।

त्रिभुवन विश्वविद्यालय
विश्वभाषा क्याम्पस
प्रदर्शनीमार्ग, काठमाडौं

विद्यार्थी भर्ना सम्बन्धी सूचना

यस क्याम्पसमा हिँउदे सत्रको कक्षा २०८१ माघ २२ गतेदेखि संचालन हुने चिनियाँ, फ्रेन्च, जर्मन, स्पेनिस, जापानीज, इटाली, कोरियन, अरबिक, रसियन, हिब्रु, प्रारम्भिक अंग्रेजी र लेखन अंग्रेजी भाषाहरूमा नयाँ भर्नाको लागि फाराम खुला गरिएको छ। यी मध्ये कुनै एक भाषा पढ्न इच्छुक विद्यार्थीहरूले तोकिएको समय भित्र आवेदन फारम भरी क्याम्पसमा प्रकाशित सूचना अनुसार भर्ना हुन सूचित गरिन्छ।

१. **न्यूनतम जानकारी:**
   क) **फारम लिने र बुझाउने समय :**
   २०८१ पुस १६ गतेदेखि पुस २९ गते (बिहान ११:०० देखि दिउसो २:०० बजे सम्म।
   ख) **शैक्षिक योग्यता:**
   अंग्रेजी लेखन बाहेक सबै भाषाको लागि एस.एल.सी. वा एस ई.ई. मा कम्तीमा 'C' Grade प्राप्त वा सो सरह उर्तीण भएको हुनुपर्ने।
   ग) अंग्रेजी लेखनको लागि त्रि.वि. बाट स्नातक वा सो सरह उर्त्तीण भएको हुनुपर्ने।
   घ) आवेदन फारम दर्ता गर्न आउँदा अनिवार्य रूपमा सक्कल प्रमाणपत्र देखाई प्रतिलिपि रूजु गराउनुपर्नेछ।

थप जानकारीको लागि क्याम्पस प्रशासन शाखामा सम्पर्क गर्नु होला।

क्याम्पस प्रमुख

गाडिएको अवस्थामा महिलाको शव

ढल्केबर (गोरखापत्र), पुस ११ गते। धनुषाको मिथिला नगरपालिका-३, हरिहरपुरस्थित मुसहरी टोलमा हत्या गरी गाडिएको अवस्थामा एक महिलाको शव फेला परेको छ।

इलाका प्रहरी कार्यालय महेन्द्रनगरका अनुसार सोही ठाउँका दसैंया मुखियाकी ४८ वर्षीय श्रीमती रेश्मीदेवी मुखियाको शव गाडिएको अवस्थामा भेटिएको हो। रेश्मीको शव आफ्नै शौचालयको पछाडि गाडिएको अवस्थामा फेला परेको प्रहरीको भनाइ छ। रेश्मी मङ्गलबारदेखि हराइरहेकी थिइन्। खोजतलास गर्दै जाँदा बुधबार राति शौचालयपछाडि गाडिएको अवस्थामा शव फेला परेको इलाका प्रहरी कार्यालय महेन्द्रनगरका प्रहरी निरीक्षक सोनुकुमार साहले बताउनुभयो। घटनास्थलको प्रकृति मुचुल्का उठाई शवलाई पोस्टमार्टमका लागि प्रादेशिक अस्पताल जनकपुर पठाइएको उहाँले जानकारी दिनुभयो। रेश्मीलाई उहाँकै श्रीमान् मुखियाले हत्या गरी गाडेको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ। उनलाई अनुसन्धानका लागि प्रहरीले नियन्त्रणमा लिएको छ।

सूचनाबिना ऋणीको जग्गा लिलामी

लहान समाचारदाता
लहान, पुस ११ गते

लहान–२२ का रामचन्द्र यादवको दुई करोड मूल्यको घर घडेरी ४५ लाखमै लिलाम गरेपछि किसान आक्रोशित भएर बिहीबार कृषि विकास बैङ्कको लहान शाखामा तालाबन्दी गरेका छन्।

४५ महिना अघि सो बैङ्कबाट लिएको तिस लाख ओभरड्राफ्ट ऋणको मङ्सिर १८ गते अन्तिम किस्ता तिरेका यादवको लहान–१ पूर्वपश्चिम जाने राजमार्गमा सवा सात धुर जग्गामा रहेको १२ कोठे घर पुस १ गते लिलाम गरेपछि किसान सङ्गठित भएर बैङ्कमा दबाब दिँदै आइरहेका छन्। चार दिनअगाडि बैङ्क पुगेका किसानलाई बिहीबारसम्म जग्गा फिर्ताका लागि पहल गरिने आश्वासन अनुसार फिर्ता गराउने कुनै पहल नभएपछि आक्रोशित किसानले तालाबन्दी गरेको स्थानीय किसान नेता बालेश्वर यादवले बताउनुभयो।

गत मङ्सिर १८ गते किस्ता बुझाएका पीडित किसान रामचन्द्रलाई पुस १ गते ४५ लाख रुपियाँमा सुनसरी भोक्राका तारा रौनियारले लिलामी थामेर मालपोत कार्यालय लहानमा रजिष्ट्रेसन पास भइसकेको जानकारी मालपोत कार्यालयले मोबाइलको म्यासेजबाट खबर दिएको थियो। उहाँले भन्नुभयो, “तिस लाख रुपियाँ ऋणको १९ लाखसम्म तिरिसकेको छु। ढिलो चाँडो किस्ता तिर्दै आइरहेको छु। गाउँको खेतीयोग्य जमिन सुन बेचेर २०५२ सालमा खरिद गरेको दुई करोड मूल्यको घरघडेरी लिलाम भएपछि अन्यायमा पर्दा चारैतिर हार गुहार मागिरहेको छु।”

स्थानीय अगुवालाई लिएर बैङ्कमा पुगेर प्रबन्धक विवेक पौडेलसँग सोधपुछ गरेपछि बिहीबारसम्मका लागि प्रबन्धक पौडेलले समय माग गर्नुभएको थियो। प्रबन्धकले गरेको सहमति अनुसार जग्गा फिर्ताका लागि कुनै पहल नहुँदा तालाबन्दी गर्नु परेको पीडित किसान रामचन्द्रको साथ बैङ्क आएका किसानले बताउनुभयो। यता बैङ्क शाखाका प्रबन्धक पौडेलले लिलामी प्रक्रिया पूरा भइसकेपछि फिर्ता गराउन गरेको पहल सफल हुन नसकेको बताउनुभयो।

बैङ्कलाई निरन्तर किस्ता बुझाउँदै आएको एक सोझो किसान रामचन्द्रले तिस लाख रुपियाँमध्ये १९ लाख तिरिसकेको अवस्थामा बिनासूचना लिलामी गर्नुमा केही मिलेमतोमा आशङ्का भएको सङ्घीय सांसद गङ्गाप्रसाद यादव बताउनुभयो। उहाँले यस विषयमा सम्बन्धित निकायमा आफूले पहल थालिसकेको बताउनुभयो। कहींबाट जग्गा फिर्ता नभए लहानबाट किसानले आन्दोलन गर्ने उहाँले चेतावनी दिनुभयो।

Nepal Electricity Authority
Lumbini Province Division Office, Nepalgunj, Banke

Invitation of Online Bids Only

Date of Notice Publication:- 2081/09/12

S. N.	Contract Name	Contract Number	Detail Information
1	Transformer Installation Works.	NEA/GDC-LC-2081/082-SQ4	www.bolpatra.gov.np/egp, For Inquiry, Contact No. 082-560115 Ghorahi Distribution Center, Dang
2	Supply & Delivery of Stationery & Miscellaneous Item.	NPJDC-2081/082-SQ-06	www.bolpatra.gov.np/egp, For Inquiry, Contact No. 081-523141/523143 Nepalgunj Distribution Center, Nepalgunj.
3	Supply & Delivery of Printing Item	NPJDC-2081/082-SQ- 07	

Expression of Interest (EOI) for Partnership
Ref No: 040/024/025
Date of Publication: 27th December 2024

Plan International Nepal is looking to partner with **NGO/s in Saptari District** to implement programmes/projects subject to funding availability.

Interested and eligible organizations are invited to submit Expressions of Interest (EOI) along with supporting documents as specified in TOR via Plan's online partnership management system (PPMIS) by 16th January 2025 (midnight). Please ensure that all required documents are uploaded to their respective sections, as incorrect or incomplete submissions may not be considered. The maximum allowable file size for documents is 10 MB (in total). Detail Terms of Reference (TOR) and prescribed format for EOI submission can be downloaded from the link: https://www.ppmis.org/eoi/notice/6

Say Yes ! To Keeping Children and Programme Participants Safe and Protected

Nepal Electricity Authority
Generation Directorate
Durbarmarg, Kathmandu, Nepal

INVITATION FOR NATIONAL COMPETITIVE BIDDING

Notice Publication Date : 2081/09/12 (27th December, 2024)

S.No.	Name of Power Plant	IFB No.	IFB Name/ Job Descriptions
1	Upper Trishuli 3A Hydropower Station, Salletar, Rasuwa (Ph. 01-6227801)	UT3AHPS-2081/082-ESQ-02 (E-bid only)	Dismantling, Loading, Transportation, Unloading and assembling of 3.15 MVA Power Transformer and it's accessories at UT3A HPS
2	Modikhola Hydropower Station, Dimuwa, Parbat (Ph 067-410042)	MKHPS-081/82-CT-02 (E-bid only)	Repair and maintenance of intake area at Modi Khola Hydropower Station

For more details, please visit PPMO website: www.bolpatra.gov.np/egp

Notice for Opening of Price Bid

The following bidders have been technically qualified, according to the NEA's Generation Directorate associated office and as a result, their technical bids have been accepted for the opening of the price bids related to the works mentioned below.

S. No.	Name of Office	Tender No/Name of Job	Name and Address of Qualified Bidders in Technical Bid Evaluation	Date,Time and Place of Price Bid Opening
1	Kaligandaki 'A' Hydropower Station, Beltari, Syangja	KGA - 2081/82 - CT – 10 "Diversion Dam Spillway No.1 Structure Maintenance and Rehabilitation Work"	1. M/S HHH Construction Pvt. Ltd. Narayantar, Kathmandu 2. M/S Acme Rehab Technologies Pvt. Ltd. /ACME Technotrade Concern JV, Lalitpur 3. M/S Venus Construction and Waterproofing Pvt. Ltd. Thapathali, Kathmandu 4. M/S Himalayan Engineering Associates Pvt.Ltd. Maharajgunj, Kathmandu 5. M/S Banjara & Company Pvt. Ltd. Swayambhu-15, Kathmandu	2081/09/19, (3, January, 2025) 14:00, Kaligandaki 'A' Hydropower Station, Beltari, Syangja

भरतपुर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन

बोलपत्र स्वीकृतिका लागि आशयको सूचना

मिति : २०८१।०९।१२

यस भरतपुर महानगरपालिका नगर कार्यपालिका कार्यालयले निम्नानुसारको कार्यका लागि निर्धारित मितिभित्र विद्युतीय खरिद प्रक्रियामा दर्ता भएका बोलपत्रहरूको मूल्याङ्कन पछि न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही रहेका तपसिल बमोजिमको बोलपत्र दाताको बोलपत्र सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को (१) बमोजिम स्वीकृतिका लागि छनोट भएको व्यहोरा सम्बन्धित सबै बोलपत्र दातालाई जानकारीका लागि सोही ऐनको दफा २७ को २ र ३ को प्रयोजनका लागि यो बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशन गरिएको छ।

ठेक्का नं./कामको विवरण	कबोल रकम (मू. अ.क. र PS बाहेक)	सारभूत रूपमा प्रभावग्राही बोलपत्र दाताको नाम र ठेगाना
14-BMC/81/82/W/NCB/25 Blacktopped Road Construction at BMC- 17, 18, 19 and 20,	रु. १,१७,३१,३९०।८० (अक्षरुपी एक करोड सत्र लाख एकतीस हजार तीन सय नब्बे रुपियाँ र पैसा आठ शून्य मात्र)	M/S Karki and Company Pvt. Ltd. Madhyapur, Thimi Gatthaghar.
15-BMC/81/82/W/NCB/26 Blacktopped Road Construction in Different Roads of BMC-11,	रु. ४३,६६,४८६।७८ (अक्षरुपी त्रिचालीस लाख छैसठ्ठी हजार चार सय छयासी रुपियाँ र पैसा सात आठ मात्र)	M/S Phatakshila Nirman Sewa, Melamchi-13, Sindhupalchowk
16-BMC/81/82/W/NCB/28 Blacktopped Road Construction from master Chowk to Malla Chowk and Bishwojyoti Chowk to Adarsha Chowk, BMC-14	रु. ८९,३९,१२८।०० (अक्षरुपी उनान्नब्बे लाख उनान्चालीस हजार एक सय अठ्ठाइस रुपियाँ मात्र)	M/S B.M.R. Asphalt and Construction Pvt. Ltd., Bharatpur-12, Chitwan.
17-BMC/81/82/W/NCB/30 Construction of Rigid Pavement Road works at Different Places of BMC-01	रु. ३२,४१,५०९।५० (अक्षरुपी बत्तीस लाख एकचालीस हजार पाँच सय नौ रुपियाँ र पैसा पाँच शून्य मात्र)	M/S Saptagandaki Builders, Bharatpur-9, Chitwan.
17-BMC/2081/082/G/NCB/34 Procurement of Goods for Printing Works (81/82), BMC Office	रु. २०,३८,९१०।०० (बीस लाख अठ्तीस हजार नौ सय दस रुपियाँ मात्र)	M/S Siddhababa Press Pvt. Ltd., Bharatpur-Chitwan

Nepal Electricity Authority
Generation Directorate
Durbarmarg, Kathmandu, Nepal

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

ने.वि.प्रा., आर्थिक प्रशासन विनियमावली २०६८ (संशोधन सहित) को विनियम १५६ तथा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७(२) को प्रयोजनका लागि प्रकाशित सूचना।

क्र. सं.	जलविद्युत केन्द्र	बोलपत्र प्रकाशन मिति	बोलपत्र नं.	छनोट भएको बोलपत्र दाताको नाम र ठेगाना	कबोल अङ्क ने.रु. (मू.अ.क. सहित)
१	मध्य मर्स्याङ्दी जलविद्युत केन्द्र, सिउँडीबार, लमजुङ।	२०८०/११/२३	MMHPS-2080/81-MT-03	श्री नेपाल हाईड्रो एण्ड ईलेक्ट्रिक लिमिटेड, बुटवल, नेपाल।	२,८९,२४,३७९।४८

सच्याइएको बारे

उत्पादन निर्देशनालय, ने.वि.प्रा. अन्तर्गतको कुलेखानी तेस्रो जलविद्युत केन्द्रका लागि मिति २०८१/०९/०९ मा प्रकाशित सूचनामा निम्नानुसार हुनुपर्नेमा अन्यथा भएकोले सो सूचनालाई निम्नानुसार हुने गरी सच्याइएको जानकारी गराइन्छ।

S.No.	Name of Power Plant	IFB No.	IFB Name/ Job Descriptions
1	Kulekhani III Hydropower Station, Sanutar, Makwanpur (Ph: 9855011417)	NEA-KL3-081/82-CST-01 (E-bid only)	Construction of Rigid Pavement from Entrance Gate to Office and Quarter Buildings

मिटरब्याजपीडितको समर्थनमा न्यायिक समितिको घरदैलो

रङ्गेली समाचारदाता
विराटनगर, पुस ११ गते



अनुचित लेनदेन (मिटरब्याज) कारोबारमा पीडितभन्दा बढी पीडक नै हाबी हुने देखिएपछि विराटनगर महानगरपालिकाको न्यायिक समितिले यसको प्रारम्भिक छलफल र विवादको निरूपण आफैँ गर्ने तयारी गरेको छ।

प्रमाणका आधारमा पीडितभन्दा बलिया पीडक हुँदा न्याय पाउनुपर्नेले नपाएको गुनासो बढ्दै गएपछि महानगरपालिकाको न्यायिक समितिले पीडितलाई प्रमाण जुटाउन सहयोग गर्ने कार्यक्रम अगाडि सारेको हो।

विराटनगर महानगरपालिका उपप्रमुख तथा न्यायिक समिति संयोजक शिल्पा निरौला कार्कीका अनुसार जग्गा धितो बन्धकी राखेर लिइएको ऋणमा पीडितका पक्षमा प्रमाण कमजोर हुने गरेको छ। अधिकांश अनुचित लेनदेनमा जग्गा धितो पास गराएर कारोबारीले ऋण लगानी गरेका छन्। जसका कारण अदालती प्रक्रियामा पीडितको पक्षमा जुट्नुपर्ने प्रमाणका कागजात पुग्दैन, उपप्रमुख कार्कीले भन्नुभयो, "जग्गा धितो राखेपछि घरको समेत भाडा बुझाएर बस्ने पीडित देखिन्छन्। लेनदेनमा जग्गा पास गराएपछि त्यही जग्गामा बनेको घरको भाडाबापतको छुट्टै कागजात बनाएर रकम जोड्ने गरेको देखिन्छ। जग्गा निखन्दा पनि घरको भाडाबापतको पैसाले पीडितलाई थिचिसकेको हुन्छ।"

कारोबारीले एउटै व्यक्तिको जग्गा पास गराएर ऋण लगानी गरेपछि त्यही व्यक्ति बस्दै आएको घरसमेत आफ्नो भएको र भाडा बुझाउनुपर्ने छुट्टै कागज गराउने गरेको देखिन्छ। मिटरब्याजको भारमा परेका पीडितसँग गराएको कागज प्रमाणका रूपमा अदालतमा पेस गरेर लेनदेनको मुद्दासमेत पीडकले नै लगाउने गरेका छन्। वडा कार्यालयबाटै गरेको कागज र पीडितसँग लिएको चेकका आधारमा पीडकका पक्षमा आदेश हुँदा न्याय पाउनुपर्ने सर्धै ओझेलमा पर्दै आएको पाइएको हो।

उपप्रमुख कार्कीका अनुसार अब प्रत्येक वडाका पीडितसम्म न्यायिक समितिले कानुनसँग सम्बन्धित विषयमा अभिमुखीकरण गर्ने र उनीहरूले गरेका कारोबारका कागजात अध्ययन गर्ने अभियान चलाउने छ। यो कार्यक्रम विराटनगरको दक्षिणी क्षेत्रका वडा १३, १४, १५, १६, १७ र १८ नम्बरमा केन्द्रित गरिने छ। यो कार्यक्रमबाट महानगरपालिकाभित्र पीडित भएकालाई न्यायका लागि सशक्तीकरण गर्ने, प्रमाण जुटाउने विषयमा जानकारी दिलाउने र आगामी दिनमा कारोबार गर्दा ध्यान दिनुपर्ने कुराको सचेतना फैलाउने लक्ष्य राखिएको छ। जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय तथा कानुनका जानकार समेतको टोली लिएर न्यायिक समितिले वडास्तरका पीडितलाई भेला गरेर शुक्रबारदेखि कार्यक्रम सुरु गर्ने भएको छ।

सरकारले २०७९ चैत २० मा अनुचित लेनदेन (मिटर ब्याज) सम्बन्धी जाँचबुझ आयोग गठन गरेको थियो। जिल्ला प्रशासन कार्यालयमा पीडित सहायता कक्ष खडा गरेर पीडितबाट आवेदन माग गरिएको थियो। अनुचित लेनदेन (मिटर ब्याज) विरुद्धको कानुन बनेपछि जिल्ला प्रहरी कार्यालयले यससँगसम्बन्धी कारोबारको अनुसन्धान गर्दै आएको छ। कानुनका आधारमा बनेको निर्देशिका अनुसार लेनदेन नभएको वा नगरेको रकम दिएको भनी लिखत तयार गर्ने, वास्तविक रकमभन्दा बढीको लिखत तयार गर्ने, ब्याजसमेत साँवामा जोडेर लिखत तयार गर्ने, ब्याजलाई साँवामा जोडी लिखत तयार गर्ने र ऋणीले तिरे बुझाएको रकम भर्पाई नदिने वा लिखत नबनाउने कार्य मिटरब्याज मानिन्छ।

जिल्ला प्रशासन कार्यालय मोरङले २०८१ साउन १७ गते जिल्ला प्रहरी कार्यालयलाई पठाएको प्रतिवेदन अनुसार अधिकांश कारोबार रकममा भए पनि त्यसको धितो जग्गालाई बनाइएको छ। आयोगको सहायता कक्षका रूपमा जिल्ला प्रशासन कार्यालयमा खडा गरिएको कक्षमा मात्रै ७५७ वटा उजुरी परेको थियो। जुन उजुरीमध्ये जिल्ला प्रहरी कार्यालयले ४२० वटा उजुरीमा छलफल गराएको छ। जिल्ला प्रहरी कार्यालय मोरङका प्रहरी नायब निरीक्षक नरेश आचार्यका अनुसार हालसम्म १५१ वटा उजुरी फर्स्यौट भएका छन्।

छलफलपछि पीडकले नै पीडितका विरुद्ध अदालतमा मुद्दा हालेर निषेधाज्ञा जारी गराएका सात वटा र अदालतमा मुद्दा दर्ता गराएका ३० वटा रहेका छन्। यसै गरी अन्य जिल्ला भई मोरङमा उजुरी परेका १८ उजुरी सम्बन्धित जिल्लामा पठाइएका छन्। प्रहरीमा रहेका उजुरीमध्ये ९३ वटा अहिले छलफलकै क्रममा रहेका छन्। साउन १७ पछि जिल्ला प्रशासनले पठाएकाबाहेक १७४ जना पीडितले प्रहरीमा समेत उजुरी दिएका छन्।

मोरङका प्रहरी नायब उपरीक्षक वेदप्रकाश जोशीका अनुसार प्रमाणका आधारमा पीडित कमजोर हुँदा पीडक नै हावी हुने अवस्था देखिन्छ। पीडितको जग्गा पहिले नै धितो जमानिमा पास गराइसकेका कारण रकम लेनदेन नभए जग्गाको कारोबार भएको देखिन्छ। अझै मोरङमा परेका कतिपय उजुरी त हदम्यादको हिसाबले समेत कति रहने भन्ने देखिँदैन। प्रहरीको अनुसन्धानमा रहेका कारोबार २४ वर्षअगाडि भएका समेत छन्। जसमा उसबखत दुई लाख रुपियाँमा १० कट्ठा जग्गा पास गराएर पैसा बुझाउँदा जग्गा फिर्ता नगरेका पनि देखिन्छन्। त्यसबेलाका प्रमाण जुटाउन अहिले मुस्किल प्रहरीलाई पनि छ।

विराटनगर महानगरपालिका उपप्रमुख तथा न्यायिक समिति संयोजक कार्की प्रहरीसम्म पुगेका उजुरी चार पटकसम्म छलफल गराउँदा निचोड ननिस्केमा अदालतको सहारा लिन पठाउने कानुनी प्रावधान नै छ। त्यसो हुँदा पीडितसँग प्रमाण पुग्ने कागजात हुँदैन। प्रमाण नहुँदा पीडितले पाउनुपर्ने न्यायबाट वञ्चित हुने अवस्था रहेको छ। विराटनगरको दक्षिणी क्षेत्रमा घरबारविहीन भएका महिला झन् धेरै पीडित भएको भन्दै स्थानीय सरकारसँग हारगुहार गर्दै आउने क्रम बढेको छ। जसका लागि महानगरपालिकाले अब पीडितलाई कानुनले दिएको अधिकार र कारोबारमा अपनाउनुपर्ने सावधानका विषयमा सचेतना गराउने कार्यक्रम लिएर घरदैलो गर्ने भएको हो। यति मात्रै नभई कारोबार हुँदा पीडितको जग्गा धितोमा राखे पनि उनको घर थियो भन्ने प्रमाणचाहिँ देखिँदैन। घर थियो भन्ने प्रमाण हुन त्यही कित्तामा घर बनाउँदाका नक्सा चाहिन्छ। नक्सा नै पास नगरी बनाइएका झुपडीको समेत घरबहाल मनेर कागज बनाउने कार्य नै अवैधानिक हुने न्यायिक समिति संयोजक कार्की बताउनुहुन्छ।

रहस्यमयी ओडार पुग्न सिँढी निर्माण

कविराज घिमिरे
हिले, पुस ११ गते



धनकुटा सुन्तले कृषि सडकबाट ओडारसम्म पुग्ने स्थानमा बनाइएको सिँढी ।

धनकुटा नगरपालिका–२, सुन्तलेस्थित सल्लेरी सामुदायिक वनभित्रको रहस्यमयी ओडारसम्म पुग्न सिँढी निर्माण गरिएको छ। रहस्यमयी ओडारसम्म पुग्न धनकुटा नगरपालिकाले पाँच लाख रुपियाँको लागतमा धनकुटा सुन्तले कृषि सडकदेखि करिब ३०० मिटर लामो सिँढी निर्माण गरेको हो।

ओडारसम्म पुग्न सिँढी नहुँदा पर्यटक भिरमा जोखिम मोलेर जान बाध्य थिए। अहिले रेलिङसहित सिँढी निर्माण भएपछि सबैका लागि सहज भएको धनकुटा नगरपालिकाका–२ का वडाध्यक्ष चन्द्रलाल तामाङले जानकारी दिनुभयो।

जङ्गलको बिचमा रहेको ओडारमा जमिनदेखि करिब सात मिटरमाथि ढुङ्गा र माटोको सहायतामा पाँच/छ जना व्यक्ति अटाउने घर निर्माण गरिएको छ। सयौँ वर्ष पुरानो जस्तो देखिने सो संरचना कसले र किन निर्माण गरेको थियो भन्ने कुनै जानकारी नभएको स्थानीय ध्रुव बस्नेत बताउनुहुन्छ। उहाँ आफ्ना पितापुर्खाकै पालादेखि यो रहेको आफूले सुन्दै भएको बताउनुहुन्छ। उहाँका अनुसार परापूर्वकालमा पञ्चकन्याको बसोवास रहेकाले भन्दै त्यहाँ पूजाआजा हुँदै आएको थियो।"

माटोले लगाएको गाह्रोको माटो पनि सुकेर पत्थर जस्तै भइसकेको छ। सो अनौठो घरभित्र अहिले पनि विभिन्न आकारका मानव अस्थिपञ्जर रहेका छन्। केही समय अघिसम्म विभिन्न गरगहना सिमालालगायतका वस्तु रहे पनि १० वर्षे जनयुद्ध ताका ती गरगहना हराएको स्थानीयको दाबी छ।

करणीमा संलग्न तीन जना पक्राउ

रङ्गेली समाचारदाता
विराटनगर, पुस ११ गते

गत मङ्गलबार हातखुट्टा बाँधेको र मुखमा कपडा कोचेको अवस्थामा अर्धचेत महिला कटहरीका अधमलाल राजवंशीको बाँसघारीमा फेला परेकी थिइन् ।

मोरङको कटहरी गाउँपालिका–२ मा हातखुट्टा बाँधेर, मुखमा कपडा कोचिएको अवस्थामा अचेत फेलापरेकी महिलामाथि तीन जना मिलेर करणी गरेको खुलेको छ। प्रहरीले घटनामा संलग्नलाई नियन्त्रणमा लिएर गरेको प्रारम्भिक अनुसन्धानमा उनीहरूले करणीका क्रममा महिलाले दाँत बाँधेपछि उनलाई छोडेर हिँडेको आरोपितले खुलाएका हुन्।

गत मङ्गलबार हातखुट्टा बाँधेको र मुखमा कपडा कोचेको अवस्थामा अर्धचेत महिला कटहरीका अधमलाल राजवंशीको बाँसघारीमा फेला परेकी थिइन्। जहदा–३ की २२ वर्षीय महिलालाई स्थानीयले देखेपछि प्रहरीलाई खबर गरेका थिए। त्यसपछि उद्धार गरेर उपचारका लागि कोशी अस्पतालमा भर्ना गरिएको थियो।

उपचारपछि उनको स्वास्थ्य सुधार भइसकेको मोरङका प्रहरी नायब उपरीक्षक वेदप्रकाश जोशीले जानकारी दिनुभयो। अस्पतालबाट पुनर्स्थापना गृहमा संरक्षण गरिसकिएको उहाँको भनाइ छ।

प्रहरीका अनुसार घटनामा संलग्न आरोपमा मोरङ, कटहरी २ का १८ वर्षीय सोनुकुमार साह, १९ वर्षीय महमद रमजान र भारत अररिया घर भई कटहरी–२ मा ग्यारेजमा काम गर्दै आएका महमद गुल्जार पक्राउ परेका छन्। पक्राउ परेकामध्ये साह र रमजान सिटी चालक हुन्। दुई जना सिटी चालकमध्ये महमद रमजानसँग महिलाको पहिल्यैदेखि चिनजान रहेको थियो। मङ्गलबार बिहान घरबाट बाहिर निस्कँदा सिटी लिएर पुगेका उनीहरूले महिलालाई जबरजस्ती तानेर चढाएका थिए। पीडितका अनुसार जबरजस्ती लिएर गएका उनीहरूले दुई किलोमिटर दुरीमा पुगेपछि बाँस भ्याङमा लगेर सामूहिक करणी गरेका थिए।

'प्रतिवादी तीन जनाले मौका छोपी जबरजस्ती अपहरण गरेर जबरजस्ती करणी गरी अर्धचेत बनाई पीडितलाई घटनास्थलमै हातखुट्टा बाँधेर, मुखमा कपडा कोची छोडेको' प्रहरीले जारी गरेको प्रेस नोटमा उल्लेख गरेको छ। प्रहरी नायब उपरीक्षक जोशीका अनुसार प्रतिवादीले घटनामा संलग्नता स्वीकार गर्दै करणीका क्रममा दाँत बाँधेको देखेपछि हातखुट्टा बाँधेर मुखमा कपडाको बुझो लगाई हिँडेको बताएका छन्। उनीहरूविरुद्ध ज्यान मार्ने उद्योग, जबरजस्ती करणी र अपहरण तथा शरीर बन्धक कसुरमा अनुसन्धान सुरु गरिएको छ।

चासोक मेलाको रौनक

फिदिम समाचारदाता
फिदिम, पुस ११ गते

पाँचथरको फिदिममा चासोक मेला सुरु भएको छ। मौलिक संस्कार र संस्कृति जगेर्ना गर्ने उद्देश्यले प्रत्येक वर्ष उधौली पर्वको सन्दर्भ आयोजना गरिने यो मेला फिदिम–४, गडी क्षेत्रमा सुरु भएको हो।

किराँत संस्कार र संस्कृति जगेर्ना गर्ने उद्देश्यले आयोजना गरिएको मेलामा पाँचथरसहित कोशी प्रदेशमा बाहुल्य रहेका जाति जनजातिका संस्कृति झल्किने क्रियाकलाप र मौलिक खानाका स्टल राखिएका छन्। पुस २० गतेसम्म लाग्ने मेलाको कोशी प्रदेश सभा सदस्य प्रेमराज थाम्सुहाङले उद्घाटन गर्नुभयो। उद्घाटन समारोहमा प्रमुख अतिथिको मन्तव्य राख्दै थाम्सुहाङले सबै जातजातिका संस्कार संस्कृति जगेर्ना गर्न यस्ता मेला र महोत्सवले टेवा पुग्ने बताउनुभयो।

उद्घाटन समारोहमा लिम्बू राई र विभिन्न जातिका संस्कृतिमा आधारित झाँकीसहितका नृत्य प्रस्तुत गरिएको छ। पुस २० सम्म लाग्ने मेलामा विभिन्न जातिका झाँकीको प्रतियोगितात्मक नृत्यसँगै रैथाने उत्पादनको प्रवर्धन गरिने फिदिम–४ का वडाध्यक्ष उपेन्द्र लावतीले बताउनुभयो। मेला फिदिम नगरपालिका–४ को सुम्हाल्लुङ मन्दिर क्षेत्रमा लाग्ने गर्छ। किराँत जातिको मौलिक पर्व चासोक तङ्नाम २०८१ को अवसरमा मेलाको आयोजना गरिएको हो।

मेलाको अवसर पारेर १३ गते शनिबार ७ औँ सुम्हाल्लुङ मिनी म्याराथन प्रतियोगिता आयोजना गर्ने बताइएको छ। पुस ११ गते बृहत् सांस्कृतिक कार्यक्रम र २० गते समापन कार्यक्रम गर्ने कार्यक्रम तयार गरिएको आयोजक सुम्जिरी सुम्हाल्लुङ आम्वेपः प्रतिष्ठानले जनाएको छ।

भेडेटारमा खाद्य महोत्सवको तयारी

हिले समाचारदाता
हिले, पुस ११ गते

पूर्वको पर्यटकीय नगरी भेडेटारमा आगामी पुस १६ गतेदेखि १२ औँ खाद्य महोत्सव हुने भएको छ। मङ्गलबार पत्रकार सम्मेलन गर्दै आयोजकले तीनदिने महोत्सवबारे जानकारी गराएका हुन्। होटेल एसोसिएसन भेडेटारको आयोजना हुन लागेको महोत्सवमा स्थानीय खानाका परिकार, स्थानीय अर्गानिक तरकारी तथा फलफूल, कृषि तथा घरेलु सामग्री बेचबिखनका साथै प्रदर्शनीमा राखिने आयोजकको भनाइ छ। महोत्सवमा करिब ५० हजार आन्तरिक तथा बाह्य पर्यटक भित्राएर करिब दुई करोड रुपियाँ बराबरको आर्थिक कारोबार हुने आयोजकको अनुमान रहेको होटेल एसोसिएसन भेडेटारको अध्यक्ष तुमराज लिम्बूले जानकारी दिनुभयो। अन्य समयमा पर्यटक प्रशस्त आउने भए पनि यो सिजनमा पर्यटकको सङ्ख्या घट्ने भएकाले पर्यटक आकर्षित गर्न बर्सेनि अङ्ग्रेजी नयाँ वर्षलक्षित गरी फेस्टिभल आयोजना गरिँदै आएको लिम्बूको भनाइ छ।

पत्रकार सम्मेलनमा साँगुरीगढी गाउँपालिकाका अध्यक्ष जितेन्द्र रुम्दाली राईले महोत्सवले पर्यटन प्रवर्धनमा महत्त्वपूर्ण योगदान पुऱ्याउने बताउनुभयो। महोत्सवमा विभिन्न पर्यटकीय स्थलको प्याकेज अनुसार अवलोकन गराइने जनाइएको छ। नमस्ते झरना, साँगुरीगढी, पाथीभरा मन्दिर, शङ्खेश्वर महादेव, नाम्जे, आत्माघर, स्काइवाक, थुम्की, बौद्ध विहार, गुम्बा, यहाँका मुख्य आकर्षण हुन्।

आगलागीबाट क्षति

वराहक्षेत्र समाचारदाता
वराहक्षेत्र, पुस ११ गते

वराहक्षेत्र नगरपालिका वडा नं. १०, प्रकाशपुरस्थित सप्तरी टोलमा मङ्गलबार राति विद्युतीय तार सर्ट भई आगलागी हुँदा १० लाख रुपियाँ बराबरको क्षति भएको छ।

स्थानीय नवराज पौडेलको तल पर्खालमाथि काठको टाटी बेरा र टिनको छानो भएको टारे घर जल्दा १० लाख रुपियाँ बराबरको क्षति भएको जिल्ला प्रहरीले कार्यालय सुनसरीले जनाएको छ।

आगलागीबाट नवराज पौडेलको एउटा ग्वाली, घर, छ वटा खसी, तीन वटा बाख्रा, पाँच वटा पाठा, ५० मन धान, २० मन मकै जलेर नष्ट भएको छ। आगलागीमा कोशी कम्पनीको ग्यास सिलिन्डर दुई वटा र ४० हजार नगदसहित तीन बिघाको पराल, लत्ता कपडा, भाँडावर्तन पूर्ण रूपमा जलेर नष्ट भएको जिल्ला प्रहरी कार्यालय सुनसरीका प्रहरी नायब उपरीक्षक रामप्रसाद तिमल्सिनाले जानकारी दिनुभयो।

आगो नियन्त्रणमा लिन स्थानीयवासी, प्रकाशपुर प्रहरी चौकीका प्रहरी नायब निरीक्षक भोलानाथ धमला र इलाका प्रहरी कार्यालय महेन्द्रनगरका प्रहरी निरीक्षक विकास राईसहितको प्रहरी टोली खटिएको थियो। आगलागीबाट छिमेकी प्रकाश कार्कीको १५ कट्ठाको पराल र काठ जल्दा ३० हजार रुपियाँ बराबरको क्षति भएको प्रहरीले जनाएको छ।

आगोलाई नियन्त्रणमा लिन वराहक्षेत्र नगरपालिका, कोशी गाउँपालिका र झुम्का नगरपालिकाको वारुणयन्त्रलाई एक घण्टा लागेको थियो।

Government of Karnali Province
Division Forest Office, Dailekh
Invitation for Bids (NCB)
Date of publication: 27-12-2024 10:00

1. Division Forest Office, Dailekh invites following electronic bid from eligible Nepalese Bidders under National Competitive Bidding.
2. The details of the project is as follows:

S. N.	Contract No.	Description of Work	Similar Nature and Key Activities	Bid Security (Nrs)	Bid Document Fee (Nrs)	Bid /Bid Bond Validity Period	Last Date of Bid Submission
1	DFO/ DKH/W/ NCB/01/ 2081/082	construction of Dullu Saskirtik Sangralayako Chhana Nirman ra Purbadhar Bikash karya	Similar Nature:- Dullu Saskirtik Sangralayako Chhana Nirman ra Purbadhar Bikash **Saal Wood work**	**NRS 1,50,000.00**	**NRS 3,000.00**	**90 days/30 days from last date of bid submission**	**26-01-2025 12:00**

3. Eligible Bidders may obtain further information from PPMO's website **www.bolpatra.gov.np/egp.**

Division Chief

Patan Academy of Health Sciences
Lagankhel, Lalitpur, Nepal
Notice of Intent of Acceptance
Date of Publication: 27 December 2024

For the Provision on sub clauses 27.2 and 27.3 of Public Procurement Act, 2063. This is notifying to all Bidders who submitted their bids for the Procurement of Ration for Hospital Canteen (PAHS/NCB/RA/05/081/082) contracts as per the IFB Notice published on 15 November 2024 that the following mentioned lowest evaluated substantial responsive bidders are intended to award the contract.

S.N.	Name of Successful Bidder	Amount (Exclusive of Taxes)
1	Likhu Trading Pvt.Ltd, Thulo Bharayang, Kathmandu.	NPR.43,69,000.00
2	Paudel Fruit and Vegetable Supplier, Godargaon, Kathmandu.	NPR.40,10,000.00
3	Sangrilla Springs Drink & Breverage, Koteshwor, Kathmandu.	NPR.7,87,500.00
4	Tara Devi Suppliers, Shuklagandaki, Tanahu.	NPR.1,00,34,700.00
5	Valley Food Product, Guheshwori, Kathmandu.	NPR.47,02,670.00

Registrar, PAHS

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्
लुम्बिनी प्रदेश कार्यालय, बुटवल, रुपन्देही
सेवा करारमा लिने सम्बन्धी अत्यन्त जरुरी सूचना
सूचना प्रकाशित मिति : २०८१।०९।१२

उपर्युक्त सम्बन्धमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, लुम्बिनी प्रदेश कार्यालय अन्तर्गतका आङ्गिक शिक्षालयहरूमा अर्को निर्णय नभएसम्म हाललाई २०८२ असार मसान्त सम्मका लागि प्राविधिक तर्फका व्यक्ति सेवा करारमा लिनुपर्ने भएको हुँदा इच्छुक योग्यता पुगेका नेपाली नागरिकहरूले यो सूचना प्रकाशित भएको मितिले १५ दिन (मिति २०८१/०९/२६) भित्र तोकिएको शिक्षालयहरूका लागि आफूले प्राप्त गरेको शैक्षिक योग्यताको प्रमाणपत्र, नेपाली नागरिकताको प्रमाणपत्र, तोकिएको दस्तुर (बैंक भौचर तथा अनलाइन पेमेन्टको रसिद) र अन्य आवश्यक कागजातहरू Scan कपी (https://forms.gle/WbpRAGhyksjPtky87) सहित अनलाइन माध्यमबाट दरखास्त दिनुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। सूचनाको विस्तृत विवरण परिषद् कार्यालयको वेबसाइट www.ctevt.org.np वा www.ctevtp5.org.np मा हेर्न सकिनेछ।

निर्देशक

Janak Education Materials Centre Limited
Sanothimi, Bhaktapur
Publication Date: December 26, 2024
Invitation for Electronic Bids
National Competitive Bidding (NCB)

Janak Education Materials Centre Limited invites electronic bids from eligible bidders for the following works under NCB Single Stage Single Envelope procedures.

IFB No.	Name of Contract	Bid Document Fee	Bid Security amount	Bid Security Validity Period	Last Date and Time of Bid Submission	Bid Opening Date and Time
JEMC/ NCB/ Works/ 13- 2081/082	Procurement of Construction of Bike Parking Shed	NRs. 3,000.00 (Three Thousands)	NRs. 50,000.00 (Fifty Thousands)	120 Days form last date of bid submission	January 26, 2025 on 12:00 PM	January 26, 2025 on 14:00 PM

Eligible Bidders may obtain further information from the PPMo web portal www.bolpatra.gov.np/egp.

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना
प्रकाशित मिति – २०८१।०९।१२

यस निर्देशनालयबाट निम्न मितिमा राष्ट्रिय दैनिक गोरखापत्रमा प्रकाशित सूचना अनुसार पेश भएका बोलपत्रहरू मध्येबाट सुरक्षा सम्बन्धी कार्य गर्न तपसिल बोलपत्र छनोट गर्ने निर्णय भएकाले नेपाल दूरसञ्चार कम्पनी लि.को आर्थिक विनियमावली २०७१ को विनियम ८८ (२) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

सि. नं.	सिलबन्दी बोलपत्र नं.	सारभूत रूपमा प्रभावग्राही सबैभन्दा न्यूनतम मूल्याङ्कित सिलबन्दी बोलपत्र दाता	खरिद कार्यको विवरण	कबोल रकम ने.रु. (मू.अ.कर समेत वार्षिक)
१.	सिलबन्दी बोलपत्र नं. NDCL/ PD-BRT/NCB/01/080-81 for Security Guard in Various Places in PD Biratnagar	M/S Kantipur Security Service Pvt.Ltd., Kathmandu, Nepal	सुरक्षागार्ड आपूर्ति गर्ने सेवा लिने सम्बन्धी	रु. ६,४९,३९,४७१।०८ (अक्षरुपी, छ करोड उनन्चास लाख उनन्चालीस हजार चार सय एकहत्तर पैसा आठ मात्र)

नेपाल टेलिकम
प्रादेशिक निर्देशनालय, विराटनगर

Invitation for Electronic Bids
For The Supply and Delivery of 100 nos. Note Counting Machine
IFB No. : RBBL/GSD/G/NCB/NCM/081/82
Date of publication : Poush 12, 2081 (Dec 27, 2024)

Rastriya Banijya Bank Ltd. invites the electronic bids from eligible bidders for the procurement of The Supply & Delivery of 100 nos. Note Counting Machine, under National competitive bidding procedures specified in Public Procurement Act and Regulations. Eligible Bidders may obtain further information and inspect the bidding documents by visiting PPMO egp system **www.bolpatra.gov.np/egp**.

Bidder must submit their bid electronically only, before Magh 13, 2081 (Jan 26, 2025) 12:00 am, along with the Bid document fee receipt amounting to Nrs. 3,000.00 (Three thousands), deposited in AC No. 9505062601 (Other Income) and scanned pdf of bid security minimum of Nrs. Rs.1,91,000.00. If the bidder intends to deposit cash for the bid security, the bidder shall deposit the amount in AC No. 1000100000001120. (Earnest money NPR-GSD Procurement) with Rbbl Branch office Thapathali.

राष्ट्रिय वाणिज्य बैंक RASTRIYA BANIJYA BANK
नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजत प्राप्त संस्था

Rastriya Banijya Bank Ltd.
Central Office
General Service Department

नेपाल सरकार
गृह मन्त्रालय
नेपाल प्रहरी प्रधान कार्यालय
(मानवश्रोत विकास विभाग, वृत्ति विकास महाशाखा, भर्ना छनौट शाखा)
नक्साल, काठमाडौँ ।
परीक्षा केन्द्र सम्बन्धी सूचना !!!

नेपाल प्रहरी प्रधान कार्यालयबाट **प्रहरी जवान र प्रहरी कार्यालय सहयोगी** पदहरूको मिति २०८१/०८/२१ गते प्रकाशित विज्ञापनमा नयाँ भर्ना सम्बन्धी सूचनाको बुँदा नम्बर ९ को (६) मा परीक्षा सञ्चालन हुने स्थान कर्णाली प्रदेश प्रहरी तालिम केन्द्र, सुर्खेत (हाल नेपालगञ्ज) तोकिएकोमा उक्त पदहरूको छनौट चरण अन्तर्गतका परीक्षा कार्यक्रम कर्णाली प्रदेश प्रहरी तालिम केन्द्र, सुर्खेत, हाल नेपालगञ्जले सुर्खेतको वीरेन्द्रनगरबाट सञ्चालन गर्ने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

मितिः- २०८१/०९/१२ गते ।

नेपाल प्रहरी प्रधान कार्यालय
मानवश्रोत विकास विभाग
वृत्ति विकास महाशाखा, भर्ना छनौट शाखा
नक्साल, काठमाडौँ, ०१-५७१९९२७

गोरखापत्र
gorkhapatraonline.com

अर्थबजार

सुनचाँदी
(प्रतितोला रुपियाँमा)

छापावाल सुन	:	१५०३०० ▲
चाँदी	:	१८०० ▼

सेयर बजार

नेप्से इन्डेक्स	:	२६३०.७९ (+४.१९) ▲
कारोबार रकम	:	५,३२९,२७४,४५४ ▲
कारोबार भएका सेयर	:	२०,९७८,९७९
कारोबार सङ्ख्या	:	६१,८३९
कारोबार भएका कम्पनी	:	३१०

प्रसारण लाइनको तेइस मिटर दायाँबायाँ निर्माण कार्य निषेध

गोरखापत्र समाचारदाता
काठमाडौँ, पुस ११ गते

मिलेनियम च्यालेन्ज एकाउन्ट नेपाल विकास समिति (एमसिए नेपाल) ले निर्माण गर्न लागेको प्रसारण लाइनको २३/२३ मिटर दायाँबायाँ कुनै पनि निर्माण कार्य गर्न गर्न निषेध गरिएको छ।

अर्थ मन्त्रालयले बिहीबार राजपत्रमा सूचना प्रकाशित गर्दै एमसिए नेपालले निर्माण गर्ने प्रसारण लाइन आयोजनाको तोकिएको क्षेत्रभित्र प्रसारण लाइनको मध्यरेखाबाट दायाँबायाँ २३/२३ मिटरभित्र कुनै निर्माण कार्य तथा रुखबिरुवा रोप्न नपाउने उल्लेख गरेको हो।

मन्त्रालयका अनुसार ३१५ किलोमिटर लम्बाइको ४०० केभी विद्युत् प्रसारण लाइन आयोजना अन्तर्गतको नयाँ दमौलीदेखि नयाँ बुटवल हुँदै नेपाल-भारत सीमासम्म नवलपर सीमा पर्ने ३३.५४ किलोमिटर लम्बाइको प्रसारण लाइनको मार्गमा पर्ने ७०.५९६ हेक्टर क्षेत्रफलभित्र त्यस्तो कार्य निषेध गरिएको हो।

मन्त्रालयले राजपत्रमा उक्त क्षेत्रफलभित्र पर्ने पाल्हीनन्दन, रामग्राम, सुनवल र बर्दघाट क्षेत्रका जग्गा र त्यसको कित्ता नम्बर पनि उल्लेख गरेको छ।

स्टार्टअप कर्जाको छनोट प्रक्रिया सुरु

कार्यविधिमा तोकिएको योग्यताबमोजिम प्राप्त परियोजनाको प्रारम्भिक सूची तयार गर्ने काम अघि बढाइएको छ

गोरखापत्र समाचारदाता
काठमाडौँ, पुस ११ गते



नवीनतम ज्ञान, सिप र क्षमता भएका व्यक्तिलाई स्टार्टअप उद्यममा संलग्न गराउने उद्देश्यसहित सरकारले उपलब्ध गराउन लागेको स्टार्टअप कर्जाका लागि प्राप्त आवेदनको छनोट प्रक्रिया सुरु भएको छ।

स्टार्टअप कर्जा उपलब्ध गराउन उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले जारी गरेको कार्यविधि अनुसार छनोटको जिम्मा पाएको औद्योगिक व्यवसाय विकास प्रतिष्ठानले प्रक्रिया अघि बढाएको हो।

मन्त्रालयले बिहीबार प्रेस विज्ञप्ति जारी गर्दै प्रतिष्ठानले गठन गरेको मूल्याङ्कन समितिले कार्यविधिमा तोकिएको योग्यताबमोजिम प्राप्त परियोजनाको प्रारम्भिक सूची तयार गर्ने काम अघि बढाइएको उल्लेख गरेको छ।

सरकारले चालु आर्थिक वर्ष २०८१/८२ को बजेटमार्फत स्टार्टअप उद्यमका लागि एक अर्ब रुपियाँ कर्जा उपलब्ध गराउने घोषणा गरेको थियो। बिनाधितो तीन प्रतिशत ब्याजदरमा अधितकम २५ लाख रुपियाँसम्म पाइने उक्त कर्जाका लागि पाँच हजार १५८ वटा परियोजना प्रस्ताव प्राप्त भएको मन्त्रालयले जनाएको छ।

प्राप्त परियोजनामध्ये प्रतिष्ठानले योग्यता पुगेका परियोजनाको प्रारम्भिक सूची छनोट गर्ने प्रक्रिया थालेको हो। यसरी सूची छनोट गर्दा नवीन एवं सिर्जनशील सोचलाई उद्यम व्यवसायका रूपमा रूपान्तरण गरी तीव्र वृद्धिको सम्भावना भएको वा नभएको विषयमा निर्णय लिनका लागि मूल्याङ्कन समितिबिच छलफल गरेर निष्कर्षमा पुग्ने मापदण्ड बनाइएको छ।

त्यस्तै कर्जा प्रवाह गर्ने प्रयोजनका लागि प्रचलित कानुनबमोजिम उद्योगका रूपमा दर्ता भएको उद्यमलाई स्टार्टअप उद्यम मानिने भएकाले सोबमोजिम उद्योगका रूपमा दर्ता भएका परियोजना प्रस्तावलाई प्रारम्भिक सूचीमा समावेश गर्ने मापदण्ड निर्माण गरिएको छ।

छनोटका अन्य मापदण्डमा कार्यविधि अनुसारको ढाँचामा प्राप्त प्रस्ताव, रीतपूर्वक भरिएको फाराम, एक उद्यमीले एकभन्दा बढी प्रस्ताव गर्न नपाइने भएकाले बढी प्रस्ताव पेस भएमा सबै प्रस्तावलाई प्रारम्भिक सूचीबाट हटाउने, उद्देश्य नखुलेको र विगतको कारोबार उल्लेख नभएमा सूचीमा समावेश नगर्ने, व्यवसायको उद्देश्य अनुरूप हालको व्यावसायिक क्रियाकलाप मेल नखाएमा पनि सूचीमा समावेश नगर्ने जस्ता सर्त तोकिएको छ।

मापदण्ड पूरा गरेका परियोजनालाई प्रतिष्ठानले प्रारम्भिक सूची तयार गरी निश्चित मिति र समय तोकेर व्यावसायिक योजना प्रस्तुतीकरणका लागि बोलाउने मन्त्रालयको विज्ञप्तिमा उल्लेख छ। तोकिएको समयमा प्रस्तुतीकरणका लागि उपस्थित नभएका परियोजना स्वतः सूचीबाट हट्ने पनि मन्त्रालयले स्पष्ट पारेको छ।

प्रस्तुतीकरण गरेका परियोजनाको बैङ्कमार्फत क्रेडिट अप्राइजल गरेर ५० वा सोभन्दा बढी अङ्क प्राप्त गर्ने प्रस्तावलाई प्राप्ताङ्ककका आधारमा प्राथमिकीकरण गरेर कर्जा प्रवाहका लागि प्रतिष्ठानले बैङ्कमा सिफारिस गर्ने छ। प्रारम्भिक सूची प्रतिष्ठानको वेबसाइटमार्फत प्रकाशित हुने मन्त्रालयले जनाएको छ।

सिन्डिकेट अन्त्य गर्न माग

गोरखापत्र समाचारदाता
काठमाडौँ, पुस ११ गते

नेपाल मेडिकल व्यवसायी सङ्घ (नेमो) ले वैदेशिक रोजगारीमा जाने श्रमिकको स्वास्थ्य परीक्षणमा गुणस्तर सुनिश्चित गर्दै यस क्षेत्रमा रहेको सिन्डिकेट अन्त्य गरिनुपर्ने माग गरेको छ। नेमोले बिहीबार राजधानीमा आयोजित पत्रकार सम्मेलनमार्फत वैदेशिक रोजगारीमा जाने श्रमिकको स्वास्थ्य परीक्षणमा विभिन्न बहानामा व्यापक सिन्डिकेट भएकाले यस्तो गतिविधि सरकारबाट बन्द हुनुपर्ने माग गरेको हो।

नेमोका महासचिव कृष्णप्रसाद बजगाईंले सरकारमातहतमा दर्ता भएर सञ्चालन भएका २१२ वटा स्वास्थ्य संस्थालाई खुला प्रतिस्पर्धा तथा लगानी सुनिश्चित गर्नुपर्नेमा उल्टै देशैपिच्छेको सिन्डिकेट खडा गरी शुल्कमा समेत कार्टेलिङ गरेर ३६ वटाले मलेसिया र १९ वटा गाम्का संस्थाको नाममा सिन्डिकेट गर्दै आएको बताउनुभयो।

नेमोका अध्यक्ष तारानाथ अर्यालले २०७५ चैत १८ गते प्रकाशित सूचना अनुसार मलेसिया जाने श्रमिकको स्वास्थ्य परीक्षण गर्न चाहने स्वास्थ्य संस्थाले कानुनले तोकेको मापदण्ड पूरा गरेका १२२ वटा संस्था रहेको भनेर मलेसिया सरकारलाई पत्राचार गरेको पनि हालसम्म ३६ वटा संस्थाकै सिन्डिकेट कायम रहनुले राज्यमाथि प्रश्न गर्नु परेको बताउनुभयो। अध्यक्ष अर्यालले वैदेशिक रोजगारीमा जाने श्रमिकको स्वास्थ्य परीक्षणसम्बन्धी कानुनी व्यवस्था समय अनुसार परिवर्तन गर्नुपर्ने, स्वास्थ्य परीक्षणमा एकरूपता हुनुपर्ने, स्वास्थ्य परीक्षण गर्ने सबै संस्थामा अनिवार्य बायोमेट्रिक प्रणाली रेटिना परीक्षण हुनुपर्ने बताउनुभयो।

मारमा दुग्ध किसान

डिडिसीले उन्नाइस करोडभन्दा बढी तिर्न बाँकी

कोकिला ढकाल
इलाम, पुस ११ गते

आफूहरूले बिक्री गरेको दुधको मूल्य नपाउँदा कोशी प्रदेशका किसान समस्यामा पर्न थालेका छन्। दुग्ध विकास संस्थानले गत वैशाखयता करिब १९ करोड रुपियाँभन्दा बढी रकम किसानलाई भुक्तानी गर्न बाँकी छ।

लामो समयदेखि दैनिक बेचेको दुधको रकम नआउँदा दुध बेचेर घर चलाउने किसान बढी समस्यामा परेको कृषक समूह महासङ्घले जनाएको छ। "आठ महिना १५ दिन बित्न लाग्यो, किसानले उधारोमा दुध दिएको तर डिडिसीले एक रुपियाँ पनि दिएको छैन। किसानले कसरी छाक टार्ने ?" राष्ट्रिय कृषक समूह महासङ्घ इलामका संयोजक राम मगरले भन्नुभयो, "म आफैँ पनि काठमाडौँ गएर कृषिमन्त्रीलाई किसानको समस्या राखेँ, अब चाँडै दुधको रकम भुक्तानी गर्ने प्रतिबद्धता जनाउनुभयो तर अहिलेसम्म सरकार पनि चुपचाप छ, डिडिसी पनि।"

दैनिक उत्पादन हुने दुध अब डिडिसीलाई नै दिने कि अन्य कुनै निजी सहकारी तथा संस्थालाई भन्नेमा किसान नै अलमलमा परेको संयोजक मगरको भनाइ छ। यसअघि गएको कात्तिकमा कोशी प्रदेशका किसानले कृषि तथा पशुपन्छी विकासमन्त्रीलाई प्रमुख जिल्ला अधिकारीमार्फत रकम भुक्तानीको माग गर्दै ज्ञापनपत्र बुझाएका थिए। ज्ञापनपत्रप्रति पनि कृषि तथा पशुपन्छी विकासमन्त्री र मन्त्रालयले नै खासै चासो नदिएको किसानको गुनासो छ।



तस्बिर : कोकिला ढकाल

इलामका गाउँबाट घोडामा दुध ढुवानी गर्दै किसान।

दुग्ध विकास संस्थान (डिडिसी) को तथ्याङ्क अनुसार कोशी प्रदेशमा वार्षिक पाँच लाख ७५ हजार ५०४ मेट्रिक टन दुध उत्पादन हुने गरेको छ। संस्थानले इलामबाट आठ हजार लिटर, झापाबाट पाँच हजार लिटर, धनकुटाबाट छ हजार लिटर, तेह्रथुमबाट दुई हजार लिटर, आसपासका किसानबाट एक हजार लिटर तथा अन्य डेरी, निजी फार्मबाट १५ हजार लिटर दुध लिने गरेको जनाइएको छ।

इलाममा मात्र डिडिसीले चार लाख २८ हजार ६४ लिटर दुधको दुई करोड ८२ लाख ५२ हजार २२४ रुपियाँ किसानको रकम दिन बाँकी रहेको जनाइएको छ।

कृषक समूह महासङ्घ इलामका अनुसार डिडिसीलाई दुध बेच्ने कोशीका १४ हजार ६९८ परिवार प्रत्यक्ष प्रभावित भएका छन्। लामो समयदेखि रकम नपाउँदा किसानलाई दैनिक खर्च चलाउन र छोराछारीलाई विद्यालय पठाउनसमेत मुस्किल पर्न थालेको कृषक समूह महासङ्घ कोशी इन्चार्ज कुसुम दाहालले बताउनुभयो।

"बिहानबेलुकाको खाना खान समस्या छ। बालबालिकालाई कापी, किताब किन्न समस्या छ। समयमा पैसा चलाउन नपाउँदा धेरै परिवारमा तनाव बढेको छ," दाहालले भन्नुभयो, "मन्त्रीपरिषद्को बैठक बसेर डिडिसीलाई दुधको मूल्य निकासा गर्न निर्देशन नै दिइएको थियो तर डिडिसीले अटेर गरेकाले हामीले प्रत्यक्ष भोगिरहेका छौँ।"

पोखरामा चौथो अन्तर्राष्ट्रिय चार्टर उडान

गोरखापत्र समाचारदाता
काठमाडौँ, पुस ११ गते

चिनियाँ वायु सेवा कम्पनी सिचुवान एयरलाइन्सले पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलमा चौथो चार्टर उडान गरेको छ।

बिहीबार बिहान चीनको छेन्दुबाट चालक दलका सदस्यसहित १३९ जना बोकेर पोखरा अवतरण गरेको थियो। पोखराबाट चालक दलसहित १२६ यात्रु बाकेर त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा अवतरण गरेको हो।

नेपाल नागरिक उड्डयन प्राधिकरण पोखराका प्रवक्ता जसोधा सुवेदीले भन्नुभयो, "अङ्ग्रेजी नयाँ वर्ष २०२५ को अवसर पारेर पुस १४ र १५ मा फेवातालमा आयोजना हुने ड्र्यागन बोट रेसमा सहभागी हुने खेलाडी र पत्रकारसहितका चिनियाँ टोली बोकेर सिचुवानले चार्टर उडान गरेको छ। सिचुवानले बिहीबार चीनको छेङ्दुबाट चौथो र छेङ्दु-पोखरा-काठमाडौँ पहिलो पटक उडान गरेको हो।"

नियमित अन्तर्राष्ट्रिय उडान हुन नसकेको यो विमानस्थल सञ्चालनमा आएको यही पुस १७ गते दुई वर्ष पूरा हुँदै छ। पछिल्लो दुई वर्षको अवधिमा हालसम्म चीन, भुटान र भारतबाट ११ वटा मात्रै चार्टर उडान भएको उहाँले जानकारी दिनुभयो।

सिचुवानले पोखराबाट १२६ यात्रुसहित काठमाडौँमा अवतरण गरेसँगै पोखरामा नियमित उडान गर्न कुनै बाधा व्यवधान रहेको नेपाल नागरिक उड्डयन प्राधिकरणले जनाएको छ।

प्राधिकरणका महानिर्देशक प्रदीप अधिकारीले यात्रुसहितको जहाज पोखराबाट काठमाडौँ अवतरण गरेसँगै पोखरा विमानस्थल प्राविधिक रूपमा अब्बल साबित रहेको बताउनुभयो।

विमानस्थल सञ्चालनका लागि सम्पूर्ण रूपमा सेवा सुविधा तयार रहेको उहाँको भनाइ छ।

स्थानीय गोलभेँडा पर्याप्त



तस्बिर : जनार्जन खत्री

सर्लाहीबाट अन्यत्र निकासीका लागि तयार पारिएको गोलभेँडा।

सर्लाही समाचारदाता
सर्लाही, पुस ११ गते

सर्लाहीका किसानले उत्पादन गरेको स्थानीय (लोकल) जातको गोलभेँडा प्रशस्त मात्रामा बजार भित्रिन थालेको छ। यस वर्ष गत असोजको वर्षाले गोलभेँडाको बेर्ना सखाप पारेकाले पुनः बेर्ना तयार पारेर बोट सार्नुपर्दा ढिलो गरी उत्पादन भएको किसानले बताएका छन्।

स्थानीय गोलभेँडा बजारमा पर्याप्त भित्रिन थालेसँगै भारतीय गोलभेँडाको आयात घट्न थालेको छ। तुलनात्मक रूपमा स्वादिलो हुने स्थानीय जातको गोलभेँडाले केही दिनदेखि भारतीय गोलभेँडा तत्काललाई यहाँका बजारबाट विस्थापित नै गरेको छ। चारैतिर स्थानीय जातको गोलभेँडा तयार भएर बजारमा ठुलो परिमाणमा भित्रन थालेसँगै किसानले मूल्य भने कम पाउन थालेका छन्।

यस वर्ष किसानले २५ किलो अट्ने एक क्रेट गोलभेँडा तीन हजार रुपियाँसम्ममा बिक्री गरेका थिए। अहिले प्रशस्त फल्न थालेपछि क्रेटको एक हजार दुई सय रुपियाँदेखि एक हजार पाँच सय रुपियाँसम्ममा बिक्री हुन थालेको छ।

मधेश प्रदेशको प्रमुख तरकारी बजारका रूपमा रहेको लालबन्दी थोक तरकारी बजारमा गोलभेँडा प्रतिकिलो ४५ देखि ५० रुपियाँसम्म बिक्री गर्न पाउँदा किसान खुसी देखिन्छन्। भण्डारण गरेर राख्ने चिस्यान केन्द्रको अभावमा गोलभेँडा खेती गर्ने किसानलाई गोलभेँडा पाक्नासाथ बजारमा जति नै मूल्य भए पनि बेचिहाल्नुपर्ने बाध्यता छ।

अघिल्ला वर्षको तुलनामा यो वर्ष गोलभेँडाले राम्रो मूल्य पाइरहेको लालबन्दी नगरपालिका-११, हिरापुरका किसान सुमनलाल घिसिङले बताउनुभयो। बोट हुर्काउने बेला वर्षाले निराश पारे पनि अहिले राम्रो भाउ पाउँदा खुसी लागेको घिसिङको भनाइ छ। जिल्लामा उत्तरी भेगको लालबन्दी, हिरापुर, पत्थरकोट, जियाजोर, परवानीपुर, घारीबथान, रानीगन्ज, सासापुर, नवलपुर, डाबरी, घुर्कोलीलगायतका भेगमा व्यावसायिक रूपमा गोलभेँडा खेती हुने गरेको छ। यस भेगका किसानले बजारमा प्रशस्त गोलभेँडा बिक्री गर्न ल्याउन थालेसँगै लालबन्दी थोक तरकारी बजारका व्यापारीले अन्यत्र सहरमा पठाउने गोलभेँडाको परिमाण बढाउन थालेका छन्।

लालबन्दी थोक तरकारी बजारका अध्यक्षसमेत रहेका व्यापारी तोरनबहादुर मगरले यहाँबाट दैनिक ६० टन गोलभेँडा निकासी हुन थालेको जानकारी दिनुभयो। किसानले लालबन्दी बजारमा ल्याएर बेच्ने गोलभेँडा व्यापारीले मलङ्गवा, जनकपुर, वीरगन्ज, सिन्धुलीसहित सङ्घीय राजधानी काठमाडौँसम्म पुऱ्याउने गरेका छन्।

पछिल्लो समय गोलभेँडा फल्ने सिजनमा पूर्वपश्चिम राजमार्गस्थित हरिवनको तीनघरे लच्कामा अस्थायी बजार राखेर व्यापारीले त्यस भेगका किसानले फलाएको गोलभेँडा खरिद गर्ने गरेका छन्।

पूर्वाञ्चल विश्वविद्यालय
सेवा आयोगको कार्यालय
गोठगाउँ, मोरङ

प्रशासनिक पदहरूको बढुवा प्रतियोगिता सम्बन्धी सूचना

(प्रथम पटक सूचना प्रकाशित मिति: २०८१/०९/१२)

पूर्वाञ्चल विश्वविद्यालय अन्तर्गतका विभिन्न निकायमा रिक्त निम्नलिखित प्रशासनिक पदहरूमा पू.वि. नियमावली २०५३ (संसोधन सहित)को खण्ड-ख, सेवा सम्बन्धी नियमावली २०५३ को परिच्छेद-४ नियम २० तथा पू.वि. कर्मचारी छनौट तथा पदोन्नति प्रक्रिया एवम् कार्यप्रणाली २०७३ (संसोधन २०७८) बमोजिम बढुवा प्रतियोगिताद्वारा पदपूर्ति गर्नुपर्ने भएकोले सम्बन्धित सेवा/समूहको बढुवाका लागि तोकिएको आवश्यक न्युनतम शैक्षिक योग्यता र आवेदित पदभन्दा एक तहमुनिको पदमा कम्तीमा ५ वर्ष स्थायी सेवा अवधि पूरा गरेका तथा महिला, मधेशी, दलित, आदिवासी जनजाति, अपाङ्ग एवम् पिछडिएका क्षेत्रका उम्मेदवारहरूको हकमा आवेदित पदभन्दा एक तह मुनिको पदमा कम्तीमा ४ वर्ष स्थायी सेवा अवधि पूरा गरेका उम्मेदवारहरूबाट मिति २०८१ माघ १७ गते र सो दिन सार्वजनिक बिदा पर्न गएमा सोको भोलीपल्ट दिउँसो ०२:०० सम्म भित्र (दोब्बर दस्तुर तिरी २०८१ माघ २५ गते दिउँसो ०२:०० बजे सम्म) पू. वि. सेवा आयोगको कार्यालय, गोठगाउँ, मोरङमा आइपुग्ने गरी २/२ प्रति आवेदन फाराम भरी दरखास्त पेश गर्न यो सूचना प्रकाशित गरिएको छ। म्याद नाघी प्राप्त हुन आएका र रीत नपुगेका दरखास्त फाराम उपर कुनै कार्यवाही हुने छैन। आवेदन फारामका साथमा नबिल बैंक लि., विराटनगर पू. वि. सेवा आयोगको कार्यालयको PU SEWA AAYOG OFFICE चल्ती खाता नं. ००७१००१७५१८९०७ मा रकम जम्मा गरेको सक्कल बैंक भउचर र तपसिल बमोजिमका कागजातहरूको २/२ प्रति प्रमाणित प्रतिलिपिहरू अनिवार्य रूपले पेश गर्नु पर्नेछ।

तपसिल

१) शैक्षिक योग्यताको लब्धाङ्क पत्र र प्रमाणपत्र (प्रमाणपत्र नभएको भए अस्थायी प्रमाणपत्र)को प्रमाणित प्रतिलिपिहरू।
२) तालिमको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि।
३) हालसालै खिचिएको पासपोर्ट साइजको फोटो ३ प्रति।
४) हाल कार्यरत पदमा बेतलबी बिदा र अध्ययन बिदा लिएको भए तथा विश्वविद्यालय बाहिर बेतलबी काजमा गएको भए सो को मिति खुल्ने कागजात।
५) आवेदित पद भन्दा एक तहमुनिको पदमा स्थायी, अस्थायी, करार र बेतलबी काज सरूवा आदि सहित प्रष्ट मिति र क्याम्पस/कार्यालयमा कार्यरत रहेको सेवा अवधि खुलेको अनुभव सम्बन्धी प्रमाणित कागजात।
६) हाल कार्यरत रहेको पदको स्थायी नियुक्ति पत्रको प्रमाणित प्रतिलिपि।
७) **(क) विज्ञापन नं., पद र सेवा/समूहको रिक्त दरबन्दी सम्बन्धी विवरण:**

क्र.सं.	विज्ञापन नं.	पद	सेवा/समूह	रिक्त दरबन्दी
१.	००१/०८१।०८२	मुख्य अधिकृत	प्रशासन	३
२.	००२/०८१।०८२	मुख्य अधिकृत	लेखा	२
३.	००३/०८१।०८२	मुख्य अधिकृत	भण्डार	१
४.	००४/०८१।०८२	मुख्य अधिकृत	पुस्तकालय	१
५.	००५/०८१।०८२	मुख्य अधिकृत	कम्प्युटर	१
६.	००६/०८१।०८२	बरिष्ठ अधिकृत	प्रशासन	२
७.	००७/०८१।०८२	बरिष्ठ अधिकृत	लेखा	१
८.	००८/०८१।०८२	बरिष्ठ अधिकृत	कम्प्युटर	१
९.	००९/०८१।०८२	बरिष्ठ अधिकृत	कम्प्युटर हार्डवेयर	१
१०.	०१०/०८१।०८२	बरिष्ठ अधिकृत (प्रा.)	सिभिल/इलेक्ट्रोनिक्स	१
११.	०११/०८१।०८२	बरिष्ठ अधिकृत (प्रा.)	मेडिकल फिजियोथेरापिस्ट	१
१२.	०१२/०८१।०८२	बरिष्ठ अधिकृत (प्रा.)	मेडिकल ल्याब टेक्निसियन	१
१३.	०१३/०८१।०८२	बरिष्ठ अधिकृत (प्रा.)	मेडिकल रेडियोग्राफर	१
१४.	०१४/०८१।०८२	बरिष्ठ अधिकृत (प्रा.)	मेडिकल डेण्टल सर्जन	१
१५.	०१५/०८१।०८२	अधिकृत	प्रशासन	५
१६.	०१६/०८१।०८२	अधिकृत	लेखा	१
१७.	०१७/०८१।०८२	अधिकृत	भण्डार	२
१८.	०१८/०८१।०८२	अधिकृत	कम्प्युटर	३
१९.	०१९/०८१।०८२	अधिकृत (प्रा.)	मेडिकल रेडियोग्राफर	१
२०.	०२०/०८१।०८२	अधिकृत (प्रा.)	सिनियर स्टाफ नर्स	२
२१.	०२१/०८१।०८२	मुख्य सहायक	प्रशासन	९
२२.	०२२/०८१।०८२	मुख्य सहायक	लेखा	१
२३.	०२३/०८१।०८२	मुख्य सहायक	इलेक्ट्रिसियन	१

(ख) **बेतनः** पूर्वाञ्चल विश्वविद्यालयको प्रचलित नियमानुसार हुनेछ।
(ग) **आवेदन दस्तुरः** मूख्य अधिकृत पदका लागि रू. ४,०००।- (चार हजार मात्र), बरिष्ठ अधिकृत पदका लागि रू. ३,५००।- (तीन हजार पाँच सय मात्र), अधिकृत पदका लागि रू. ३,०००।- (तीन हजार मात्र), मुख्य सहायक पदका लागि रू. २,०००।- (दुई हजार मात्र)।
८) आवश्यक न्युनतम् योग्यता लगायत अन्य विस्तृत विवरण पू.वि. सेवा आयोगको वेबसाइट www.pusc.edu.np का साथै कार्यालयको सूचना पाटीमा समेत हेर्न सकिनेछ।

द्रष्टव्यः उल्लेखित विज्ञापनमा भुलवस कुनै त्रुटि हुन गएमा सो सच्याउने अधिकार पूर्वाञ्चल विश्वविद्यालय सेवा आयोगमा सुरक्षित रहनेछ।

कमजोर बजेट कार्यान्वयन

बाह्र प्रतिशतभन्दा कम खर्च

मकवानपुर समाचारदाता
हेटौँडा, पुस ११ गते



बागमती प्रदेश सरकारको चालु आर्थिक वर्ष २०८१/८२ को पहिलो पाँच महिनामा कुल बजेटको १२ प्रतिशतभन्दा कम खर्च भएको छ । वर्तमान सरकार गठन गर्दा बजेट खर्च कार्यान्वयनलाई प्रभावकारी बनाउने प्रतिबद्धता जनाइए पनि पाँच महिनाको बजेट कार्यान्वयनको अवस्था हेर्दा प्रदेश सरकार बजेट कार्यान्वयनमा कमजोर देखिएको हो ।

चालु आवका लागि प्रदेश सरकारले गत असार १ गते ६४ अर्ब ५४ करोड चार लाख ३१ हजार रुपियाँको कार्यक्रम र योजना कार्यान्वयन गर्न बजेट ल्याएकोमा गत मङ्सिर मसान्तसम्ममा कुल बजेटको ११.४२ प्रतिशत अर्थात् सात अर्ब ३७ करोड १९ लाख २५ हजार रुपियाँ खर्च भएको प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयले जनाएको छ ।

उता गत साउनदेखि कात्तिक मसान्तसम्ममा विनियोजित बजेटको चालु र पुँजीगतर्फ गरी आठ प्रतिशतभन्दा कम खर्च भएको थियो । गत कात्तिक मसान्तसम्ममा कुल बजेटको ७.९३ प्रतिशत अर्थात् पाँच अर्ब ११ करोड ६९ लाख नौ हजार रुपियाँ खर्च भएको थियो । चालु आवका लागि विनियोजित बजेटमध्ये चालुतर्फ २६ अर्ब १० करोड १६ लाख ८२ हजार रुपियाँ, पुँजीगततर्फ ३६ अर्ब ९३ करोड ८७ लाख ४९ हजार र वित्तीय व्यवस्थातर्फ एक अर्ब ५० करोड रुपियाँ रहेको छ । विगत आवमा जस्तै चालु आवमा विनियोजित बजेटमा पहिलो पाँच महिनामा चालुको तुलनामा पुँजीगततर्फका बजेट कम खर्च भएको मन्त्रालयद्वारा सार्वजनिक वित्तीय प्रगतिमा उल्लेख छ ।

बागमती प्रदेशमा हरेक जसो आवमा चैतसम्म धिमा गतिमा बजेटमा खर्च हुने र हरेका आवको अन्तिम तीन महिना कुल बजेटको आधाभन्दा बढी बजेट खर्च हुने प्रवृत्तिले निरन्तरता पाउँदै आएको छ ।

मन्त्रालयका सूचना अधिकारी सुरज पौडेलले आवको पहिलो चौमासिकसम्म चालु खर्च बढी हुने र पुँजीगत खर्च कम हुने गरेको भन्दै कात्तिकबाट मात्र कतिपय योजना कार्यान्वयनमा गएकाले अहिले खर्च कम देखिएको जानकारी दिनुभयो । उहाँका अनुसार चालु आवका कतिपय योजनाका स्थान, नामलगायत नमिलेका कारण संशोधन गर्नुपर्ने भएकाले कार्यान्वयनमा ढिलाइ भएसँगै चालु आवको पहिलो पाँच पहिनाको बजेट खर्चसमेत कम देखिएको हो ।

मङ्सिर मसान्तसम्ममा चालुतर्फ विनियोजित बजेटको २०.६६ प्रतिशत अर्थात् पाँच अर्ब ३९ करोड २५ लाख ६८ हजार र पुँजीगततर्फ ५.३६ प्रतिशत अर्थात् एक अर्ब ९७ करोड ९३ लाख ५६ हजार रुपियाँ खर्च भएको मन्त्रालयको तथ्याङ्क रहेको छ ।

योजनाहरूको ठेक्का आह्वान गर्ने क्रम सुरु भएको छ, बहुवर्षीय आयोजनाको मापदण्ड स्वीकृतिमा ढिलाइ भएकाले पनि खर्च कम भएको हो भन्दै सूचना अधिकारी पौडेलले दोस्रो चौमासिकमा बजेट खर्च बढ्ने जिकिर गर्नुभयो । बागमती प्रदेशमा सबैभन्दा बढी बजेट विनियोजन भएको भौतिक पूर्वाधार विकास मन्त्रालयको चालु आवको बजेट खर्चसमेत सन्तोषजनक छैन । उक्त मन्त्रालयको २२ अर्ब ६४ करोड ७२ लाख २९ हजार रुपियाँ चालु आवका लागि विनियोजन भएकोमा पहिलो पाँच महिनाको अवधिमा ६४.६३ प्रतिशत अर्थात् एक अर्ब ५० करोड २१ लाख ५० हजार रुपियाँ मात्र खर्च भएको छ ।

प्रदेश सरकारका मन्त्रालय र कार्यालयहरूलाई विनियोजन गरिएको बजेटमा मङ्सिर मसान्तसम्ममा सबैभन्दा बढी प्रतिशत खर्च गर्नेमा प्रदेश व्यवस्थापिका र मुख्य न्यायाधिवक्ताको कार्यालय रहेका छन् ।

चेम्बर एक्स्पो माघ १७ देखि

गोरखापत्र समाचारदाता
काठमाडौँ, पुस ११ गते

नेपाल चेम्बर अफ कमर्सले आठौँ चरणको ‘चेम्बर एक्स्पो २०२५’ को आयोजना गर्ने भएको छ । आगामी माघ १७ देखि २१ गतेसम्म काठमाडौँमा चेम्बर एक्स्पो हुन लागेको चेम्बरले जनाएको छ ।

स्थानीय उत्पादनको प्रवर्धन एवं बजारीकरण तथा व्यापार अभिवृद्धि गर्ने उद्देश्यले ‘चेम्बर एक्स्पो २०२५’ को आयोजना गरेको जनाइएको छ । उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय अन्तर्गतको व्यापार तथा निकासी प्रवर्धन केन्द्रसँगको सहकार्यमा चेम्बरले एक्स्पो गर्न लागेको हो । व्यापार अभिवृद्धि, स्थानीय वस्तुको बजारीकरणका लागि चेम्बरले प्रत्येक वर्ष एक्स्पो गर्दै आएको छ ।

एक्स्पोमा नेपाल, बङ्गलादेश, भारत, चीन, थाइल्यान्ड, युएई, दक्षिण कोरिया, मलेसिया र पाकिस्तानलगायतका देशमा उत्पादित वस्तुको प्रदर्शनी र व्यवसायीले सहभागिता जनाउने चेम्बरले जारी गरेको विज्ञप्तिमा उल्लेख छ । एक्स्पोमा हस्तकलाका वस्तु, सवारी साधन, घरजग्गा व्यवसायी, खाद्य एवं पेय पदार्थ, पहिरन, पाठ्यपुस्तक, ज्वेलरी, कस्मेटिक वस्तु, निर्माण सामग्री, साना तथा घरेलु उद्योगका उत्पादन, विद्युतीय उपकरण तथा अन्य उपभोग्य सामग्री प्रदर्शनमा रहने छन् । स्वदेशी र विदेशी गरी दुई सयभन्दा बढी स्टल राख्ने तयारी छ ।

शतप्रतिशत हकप्रद सेयर

दोलखा समाचारदाता
दोलखा, पुस ११ गते

दोलखामा सञ्चालित कालिञ्चोक दर्शन लिमिटेडले सेयरधनीलाई शतप्रतिशत हकप्रद सेयर दिने भएको छ । सञ्चालक समितिको बैठकले सेयरधनीलाई शतप्रतिशत हकप्रद सेयर दिने निर्णय गरेको कालिञ्चोक दर्शन लिमिलेडका प्रबन्धक तिलक दुलालले जानकारी दिनुभयो ।

सौराहामा हात्ती महोत्सव



नारायणगढ समाचारदाता
नारायणगढ, पुस ११ गते

चितवन हात्ती महोत्सव सौराहामा सुरु भएको छ । हात्तीका गतिविधिमार्फत पर्यटन प्रवर्धन गर्ने उद्देश्यले महोत्सव आयोजना गरिएको हो । हात्ती महोत्सवको १८ औँ शृङ्खलाको उपप्रधानमन्त्री एवं सहरी विकासमन्त्री प्रकाशमान सिंहले उद्घाटन गर्दै मेला महोत्सवले देशको अर्थतन्त्रमा टेवा पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

“आर्थिक गतिविधिलाई सहयोग गर्न गरिने यस्ता मेला महोत्सव नहोस् भन्ने तत्त्वबाट बच्नु पर्छ । यिनीहरूले गलत सन्देश दिन्छन् । मेला महोत्सवको प्रोत्साहित गर्ने काम सरकारले गर्नु पर्छ । नेपालको आर्थिक विकासमा पर्यटन टेवा दिने भएकाले यस्ता महोत्सवलाई बढ्वा दिनु पर्छ,” उहाँले भन्नुभयो ।

पर्यटकीय गतिविधि जनताका हितमा केन्द्रित हुनुपर्ने धारणा चर्चा गर्दै उहाँले भन्नुभयो, “यस्ता महोत्सवले पर्यटनको विकासमा टेवा पुग्छ नै । यसरी गरिने महोत्सव जनताको चाहना अनुसार आयोजना गर्नु पर्छ ।”

हाम्रा पूर्वजहरूले जङ्गल र जनावर बचाइराखेकै कारण यसले पर्यटनको विकासमा सहयोग गरेको उपप्रधानमन्त्री सिंहले बताउनुभयो ।

“परापूर्वकालदेखि नै जनावर र स्थानीय बासिन्दामा सम्बन्ध सुमधुर रहेकै कारण त जनावर र मानिससँगै रहने वातावरण बनेको छ । यसले पर्यटनलाई पनि सहयोग गरेको छ,” उहाँले भन्नुभयो ।

हात्तीका गतिविधिमार्फत पर्यटनको विकास गर्ने उद्देश्यले सो महोत्सव आयोजना गरिएको हो । महोत्सव उद्घाटनका क्रममा सौराहामा हात्तीसहितको शोभा ज्यालीले सौराहा परिक्रमा गरेको थियो ।

यस्तै महोत्सवको पहिलो दिन हात्तीको फुटबलमा पेनाल्टी सो नमुनाका रूपमा देखाइएको थियो ।

महोत्सवका अवसरमा हात्ती सुन्दरी, हात्ती फुटबल पेनाल्टी, हात्ती वनभोजलगायतका कार्यक्रम राखिएका छन् । महोत्सव पुस १५ सम्म चल्ने छ ।

महोत्सव अवधिमा विभिन्न सांस्कृतिक कार्यक्रम हुने भएको छ ।

नेफाको अध्यक्षमा सङ्ग्रौला

गोरखापत्र समाचारदाता
काठमाडौँ, पुस ११ गते

नेपाल फ्रेट फरवार्ड्स एसोसिएसन (नेफा) ले राजेन्द्र सङ्ग्रौलाको नेतृत्वमा नयाँ कार्यसमिति चयन गरेको छ ।

राजधानीमा सम्पन्न नेफाको २४ औँ वार्षिक साधारण सभाबाट वरिष्ठ उपाध्यक्षमा नरेशकुमार अग्रवाल, उपाध्यक्षमा अशोकमान कपाली, महासचिवमा हरिप्रसाद ढकाल, कोषाध्यक्षमा ईश्वरबहादुर गुरुङ, सचिवमा सुजनकुमार न्यौपाने, सहकोषाध्यक्षमा सञ्जीव अर्याल निर्वाचित हुनुभएको छ ।

त्यसै गरी कार्यकारिणी समिति सदस्यहरूमा सहदेव बन्जारा, मनिषमान श्रेष्ठ, गङ्गाराम पुडासैनी, गङ्गाबहादुर राया, सजीव शाक्य, राजेशचन्द्र प्रधानाङ्ग र प्रनुसा कार्की निर्वाचित हुनुभएको छ ।

नवनिर्वाचित कार्यकारिणी समितिको पहिलो बैठकबाट निर्मल पौडेललाई कार्यकारिणी समिति सदस्यमा मनोनीत गरेको एसोसिएसनले जनाएको छ ।

सामाजिक सुरक्षा कोष

थापाथली, काठमाडौँ

लोक सेवा आयोगबाट लिइने आन्तरिक तथा खुला प्रतियोगितात्मक परीक्षाको विज्ञापन सम्बन्धी सामाजिक सुरक्षा कोषको सूचना

सूचना नं. ०२/०८१/०८२ **प्रकाशन मिति** : २०८१।०९।१२

लोक सेवा आयोगको सहमति अनुसार यस कोषमा रिक्त रहेका निम्न सेवा, समूह, उपसमूह तथा तहका पदहरूमा आन्तरिक तथा खुला प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गर्नुपर्ने भएकाले देहाय बमोजिम योग्यता पुगेका उम्मेदवारबाट दरखास्त आह्वान गरिन्छ । तोकिएको न्यूनतम योग्यता पुगेका उम्मेदवारहरूले कोषको अनलाइन दरखास्त प्रणाली (vacancy.ssf.gov.np) मार्फत फाराम भर्नुपर्नेछ ।

क्र.सं.	विज्ञापन नं.	तह	पद	सेवा, समूह, उपसमूह	पदपूर्तिको किसिम	पद माग सङ्ख्या
१	०४/०८१-८२	१०	निर्देशक	प्रशासन, वित्त	आ.प्र.	१
२	०५/०८१-८२	८	वरिष्ठ सहायक निर्देशक	प्रशासन, वित्त, लगानी	आदिवासी जनजाति	१
३	०६/०८१-८२	८	वरिष्ठ सहायक निर्देशक (लगानी तथा जोखिम विश्लेषक)	प्रशासन, वित्त, विज्ञ	महिला	१
४	०७/०८१-८२	८	वरिष्ठ सहायक निर्देशक	प्रशासन, कानून	महिला (पुनः विज्ञापन)	१
५	०८/०८१-८२	८	वरिष्ठ सहायक निर्देशक	विविध, कम्प्युटर इन्जिनियरिङ	खुला	१
६	०९/०८१-८२	७	सहायक निर्देशक	प्रशासन, वित्त, लगानी	आ.प्र..	१
७	१०/०८१-८२	७	सहायक निर्देशक	प्रशासन, वित्त, लगानी	खुला	१
८	११/०८१-८२	७	सहायक निर्देशक	प्रशासन, वित्त, लगानी	आदिवासी जनजाति (पुनः विज्ञापन)	१
९	१२/०८१-८२	७	सहायक निर्देशक	प्रशासन, वित्त, लगानी	मधेशी	१
१०	१३/०८१-८२	७	सहायक निर्देशक (जोखिम विश्लेषक)	प्रशासन, वित्त, विज्ञ	महिला	१
११	१४/०८१-८२	७	सहायक निर्देशक (सी.ए.)	प्रशासन, वित्त, विज्ञ	खुला	१
१२	१५/०८१-८२	७	सहायक निर्देशक (सी.ए.)	प्रशासन, वित्त, विज्ञ	महिला (पुनः विज्ञापन)	१
१३	१६/०८१-८२	७	सहायक निर्देशक	प्रशासन, कानून	महिला	१
१४	१७/०८१-८२	६	प्रशासकीय अधिकृत	प्रशासन, सामान्य प्रशासन	खुला	१
१५	१८/०८१-८२	६	लेखा अधिकृत	प्रशासन, लेखा	खुला	१
१६	१९/०८१-८२	६	लेखा अधिकृत	प्रशासन, लेखा	दलित	१
१७	२०/०८१-८२	६	कानून अधिकृत	प्रशासन, कानून	महिला (पुनः विज्ञापन)	१
१८	२१/०८१-८२	६	सूचना प्रविधि अधिकृत	विविध, कम्प्युटर इन्जिनियरिङ	खुला	१
१९	२२/०८१-८२	५	वरिष्ठ प्रशासन सहायक	प्रशासन, सामान्य प्रशासन	खुला	२
२०	२३/०८१-८२	५	वरिष्ठ प्रशासन सहायक	प्रशासन, सामान्य प्रशासन	महिला	१
२१	२४/०८१-८२	५	वरिष्ठ प्रशासन सहायक	प्रशासन, सामान्य प्रशासन	आदिवासी जनजाति	१
२२	२५/०८१-८२	५	लेखापाल	प्रशासन, लेखा	खुला	१
२३	२६/०८१-८२	५	लेखापाल	प्रशासन, लेखा	मधेशी (पुनः विज्ञापन)	१
२४	२७/०८१-८२	५	लेखापाल	प्रशासन, लेखा	दलित	१
२५	२८/०८१-८२	४	प्रशासन सहायक	प्रशासन, सामान्य प्रशासन	खुला	२
२६	२९/०८१-८२	४	प्रशासन सहायक	प्रशासन, सामान्य प्रशासन	दलित	१
२७	३०/०८१-८२	४	सहायक कम्प्युटर अपरेटर	विविध, कम्प्युटर इन्जिनियरिङ	आदिवासी जनजाति (पुनः विज्ञापन)	१

विज्ञापन सम्बन्धी विशेष सूचना:

सम्मानित सर्वोच्च अदालतबाट रिट नम्बर ०७८-WO-०६६० समेतका उत्प्रेषणका निवेदनहरूमा मिति २०७९।१०।२४ मा जारी भएको परमादेशको आदेश बमोजिम आवश्यक कानूनी व्यवस्था भए पश्चात् सोही अनुसार पदपूर्ति गरिनेछ ।

(क) **परीक्षाको किसिम** : सम्बन्धित पदको पाठ्यक्रममा तोकिए बमोजिमको लिखित, कम्प्युटर सीप परीक्षण/प्रयोगात्मक/समूह छलफल/मामिला अध्ययन तथा प्रस्तुतीकरण, अन्तर्वार्ता ।
(ख) **परीक्षा केन्द्र**: काठमाडौँ ।
(ग) **दरखास्त दिने अन्तिम मिति** : २०८१।१०।०३ सम्म र दोब्बर दस्तुर २०८१।१०।१० सम्म ।
(घ) **उमेरको हद** :
१. तह ४ र ५ को पदमा १८ वर्ष उमेर पूरा भई ३५ वर्ष ननाघेको ।
२. तह ६ र ७ को पदमा २१ वर्ष उमेर पूरा भई ३५ वर्ष ननाघेको ।
३. तह ८ र सो भन्दा माथिको पदमा ४० वर्ष ननाघेको ।
४. महिला तथा अपाङ्ग उम्मेदवारको हकमा ४० वर्ष उमेर ननाघेको ।
५. कोषको सेवामा कार्यरत स्थायी कर्मचारीको हकमा उमेरको हद लाग्ने छैन ।
(ङ) **परीक्षा दस्तुर**: प्रत्येक विज्ञापनका लागि देहाय अनुसार दरखास्त दस्तुर बुझाउनुपर्नेछ । समावेशी समूह तर्फका थप विज्ञापनमा आवेदन दिने उम्मेदवारको हकमा थप समूह प्रत्येकका लागि तोकिएको थप दस्तुर बुझाउनुपर्नेछ ।

१० तहका लागि रु. १५००	७ र ८ तहका लागि रु. १२००	६ तहका लागि रु. १०००	५ तहका लागि रु. ६००	४ तहका लागि रु.४००
समावेशी प्रत्येक समूहका लागि रु. ५००	समावेशी प्रत्येक समूहका लागि रु. ४००	समावेशी प्रत्येक समूहका लागि रु. ३००	समावेशी प्रत्येक समूहका लागि रु. २००	समावेशी प्रत्येक समूहका लागि रु. १५०

(च) **परीक्षा दस्तुर बुझाउने विधि र समय**: अनलाइन माध्यमबाट दरखास्त पेश गरिसकेपछि उम्मेदवारले ढिलोमा दोब्बर दस्तुर तिरी दरखास्त दिन पाउने अन्तिम मितिको भोलिपल्ट कार्यालय समयभित्र (उक्त दिन सार्वजनिक बिदा पर्न गएमा सोपछि कार्यालय खुलेको पहिलो दिन) Khalti वा eSewa वा Connect IPS मार्फत परीक्षा दस्तुर/दोब्बर दस्तुर अनिवार्य रूपमा सामाजिक सुरक्षा कोषको नाममा प्राइम बैंक लिमिटेडमा रहेको खाता नं. ००१०१००००००५९४९००१९९ मा जम्मा गरिसकेको हुनुपर्नेछ ।
(छ) **परीक्षणकाल** : सामाजिक सुरक्षा कोष (कर्मचारी प्रशासन) विनियमावली, २०७५ को विनियम ३२ को व्यवस्था अनुरूप हुनेछ ।
(ज) **पदमा रही गर्नुपर्ने कामको विवरण** : सेवा, समूह तथा उपसमूह सम्बन्धी ।
(झ) **तलब र अन्य सुविधा**: कोषको प्रचलित नियमानुसार ।
(ञ) **लिखित परीक्षा सञ्चालन**: लोक सेवा आयोगबाट हुनेछ । लिखित परीक्षा कार्यक्रमको मिति आयोगबाट प्राप्त भए पश्चात् प्रकाशन गरिनेछ ।
(ट) **आवश्यक न्यूनतम योग्यता**:
क) **आ.प्र.तर्फ**:
सामाजिक सुरक्षा कोष कर्मचारी प्रशासन विनियमावली २०७५ को विनियम ३८ को उपविनियम (३) बमोजिम योग्यता पूरा भएका ।
ख) **खुला तथा समावेशीतर्फ**:
(१) **वरिष्ठ सहायक निर्देशक, तह ८, प्रशासन, वित्त, लगानी** : मान्यता प्राप्त शिक्षण संस्थाबाट लेखा वा वित्त वा अर्थशास्त्र मूल विषय लिई स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण र कुनै सरकारी सेवा वा प्रचलित कानून बमोजिम दर्ता भएको संस्था वा सङ्गठित संस्था वा अन्तर्राष्ट्रिय सङ्घ, संस्थाको अधिकृत स्तरको पदमा पाँच वर्षको कार्य अनुभव हासिल गरेको ।
(२) **वरिष्ठ सहायक निर्देशक, तह ८, प्रशासन, वित्त, विज्ञ (लगानी तथा जोखिम विश्लेषक)**: मान्यता प्राप्त शिक्षण संस्थाबाट लेखा वा वित्त वा वाणिज्य सहित व्यवस्थापनमा स्नातकोत्तर तह वा अर्थशास्त्रमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण र एफ.आर.ए. (Financial Risk Analyst) वा सी.एफ.ए. (Chartered Financial Analyst) कोर्स उत्तीर्ण गरेको र कुनै सरकारी सेवा वा प्रचलित कानून बमोजिम दर्ता भएको संस्था वा सङ्गठित संस्था वा अन्तर्राष्ट्रिय सङ्घ, संस्थाको अधिकृत स्तरको पदमा पाँच वर्षको कार्य अनुभव हासिल गरेको ।
(३) **वरिष्ठ सहायक निर्देशक, तह ८, प्रशासन, कानून**: मान्यता प्राप्त शिक्षण संस्थाबाट कानूनमा स्नातकोत्तर तह उत्तीर्ण गरेको र कुनै सरकारी सेवा वा प्रचलित कानून बमोजिम दर्ता भएको संस्था वा सङ्गठित संस्था वा अन्तर्राष्ट्रिय सङ्घ, संस्थाको अधिकृत स्तरको पदमा पाँच वर्षको कार्य अनुभव हासिल गरेको ।
(४) **वरिष्ठ सहायक निर्देशक, तह ८, विविध, कम्प्युटर इन्जिनियरिङ**: मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्प्युटर इन्जिनियरिङ, कम्प्युटर विज्ञान वा सूचना प्रविधि विषयमा स्नातकोत्तर तह उत्तीर्ण र कुनै सरकारी सेवा वा प्रचलित कानून बमोजिम दर्ता भएको संस्था वा सङ्गठित संस्था वा अन्तर्राष्ट्रिय सङ्घ, संस्थाको अधिकृत स्तरको पदमा पाँच वर्षको कार्य अनुभव हासिल गरेको ।
(५) **सहायक निर्देशक, तह ७, प्रशासन, वित्त, लगानी**: मान्यता प्राप्त शिक्षण संस्थाबाट लेखा वा वित्त वा अर्थशास्त्र मूल विषय लिई स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण ।
(६) **सहायक निर्देशक, तह ७, प्रशासन, वित्त, विज्ञ (जोखिम विश्लेषक)**: मान्यता प्राप्त संस्थाबाट लेखा वा वित्त विषय सहित व्यवस्थापनमा स्नातक तह वा अर्थशास्त्र विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण गरी एफ.आर.ए. (Financial Risk Analyst) कोर्स उत्तीर्ण ।
(७) **सहायक निर्देशक, तह ७, प्रशासन, वित्त, विज्ञ (सी.ए.)**: मान्यता प्राप्त संस्थाबाट चार्टर्ड एकाउन्टेन्सी उपाधि हासिल गरेको वा ए.सी.सी.ए. (Association of Chartered Certified Accountants) कोर्स उत्तीर्ण गरी नेपाल चार्टर्ड एकाउन्टेन्सी संस्थाको सदस्यता प्राप्त गरेको ।
(८) **सहायक निर्देशक, तह ७, प्रशासन, कानून**: मान्यता प्राप्त शिक्षण संस्थाबाट कानूनमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण र कुनै सरकारी सेवा वा प्रचलित कानून बमोजिम दर्ता भएको संस्था वा सङ्गठित संस्था वा अन्तर्राष्ट्रिय सङ्घ, संस्थाको अधिकृत स्तरको पदमा दुई वर्षको कार्य अनुभव हासिल गरेको ।
(९) **प्रशासकीय अधिकृत, तह ६, प्रशासन, सामान्य प्रशासन**: मान्यता प्राप्त शिक्षण संस्थाबाट कुनै विषयमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण ।
(१०) **लेखा अधिकृत, तह ६, प्रशासन, लेखा**: मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन, वाणिज्य शास्त्र, व्यापार प्रशासन अर्थशास्त्र, गणित, तथ्याङ्क शास्त्र वा जनप्रशासनमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण ।
(११) **कानून अधिकृत, तह ६, प्रशासन, कानून**: मान्यता प्राप्त शिक्षण संस्थाबाट कानून विषयमा स्नातकोत्तर तह उत्तीर्ण ।
(१२) **सूचना प्रविधि अधिकृत, तह ६, विविध, कम्प्युटर इन्जिनियरिङ** : मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्प्युटर इन्जिनियरिङ वा कम्प्युटर विज्ञान वा सूचना प्रविधि विषयमा स्नातकोत्तर तह उत्तीर्ण ।
(१३) **वरिष्ठ प्रशासन सहायक, तह ५, प्रशासन, सामान्य प्रशासन**: मान्यता प्राप्त शिक्षण संस्थाबाट कुनै विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण ।
(१४) **लेखापाल, तह ५, प्रशासन, लेखा**: मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन, वाणिज्य शास्त्रमा वा व्यापार प्रशासनमा स्नातक तह वा अर्थशास्त्र, गणित, तथ्याङ्क शास्त्र वा जनप्रशासन मध्ये कुनै मूल विषय लिई स्नातक तह वा सो सरह उत्तीर्ण ।
(१५) **प्रशासन सहायक, तह ४, प्रशासन, सामान्य प्रशासन**: मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रमाणपत्र तह वा कक्षा १२ (एस.एल.सी.ई.) वा सो सरह उत्तीर्ण ।
(१६) **सहायक कम्प्युटर अपरेटर, तह ४, विविध, कम्प्युटर इन्जिनियरिङ**: मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्प्युटर विषय लिई प्रमाणपत्र तह वा कक्षा १२ (एस.एल.सी.ई.) वा डिप्लोमा वा सो सरह उत्तीर्ण ।

आ.प्र., खुला तथा समावेशी परीक्षाका लागि विशेष सूचना :

(क) कोषले तोकेको अनलाइन फाराममा भर्नुपर्ने सम्पूर्ण विवरण भरी सोको साथ नेपाली नागरिकताको प्रमाण पत्र र दरखास्त दिने पदका लागि तोकिएको न्यूनतम शैक्षिक योग्यताको ट्रान्सक्रिप्ट, चारित्रिक प्रमाण पत्र तथा नेपाल बाहेक अन्य मुलुकबाट हासिल गरेको शैक्षिक योग्यता भएमा सोको साथमा त्रिभुवन विश्वविद्यालयबाट समकक्षता निर्धारण गरेको प्रमाणपत्र र पासपोर्ट साइजको फोटो scan/Attach गरी यो सूचना गोरखापत्रमा प्रथम पटक प्रकाशित भएको मितिले २१ (एक्काइस) दिनभित्र र सो पश्चात् दोब्बर दस्तुर तिरी ७ (सात) दिनभित्र Online दरखास्त फाराम भर्नुहुन सूचित गरिन्छ । दरखास्त समावेश भइसके पश्चात् कोषबाट verify भए पश्चात् मात्र दरखास्त स्वीकृत हुनेछ र त्यसपछि उम्मेदवार स्वयंले प्रवेश पत्र प्रिन्ट गर्नुपर्नेछ । परीक्षामा उपस्थित हुँदा उम्मेदवारले अनिवार्य रूपमा प्रवेश पत्र लिई आउनुपर्नेछ अन्यथा परीक्षामा समावेश गराइने छैन ।
(ख) उम्मेदवारले आफूले पेश गर्ने आवश्यक शैक्षिक प्रमाणपत्र तोकिएको न्यूनतम योग्यताको एक प्रति मात्र upload गरे पुग्नेछ । सेवारत कर्मचारीले आफू सेवारत निकाय संस्थाको विभागीय स्वीकृति पत्र पेश गर्नुपर्नेछ । झुठ्ठा विवरण उल्लेख गरी online फाराम भरेमा सोको जवाफदेही उम्मेदवार स्वयं हुनुपर्नेछ । म्यादभित्र दाखिला नभएको र रीत नपुगी आएका दरखास्त उपर कुनै किसिमको कारबाही हुनेछैन ।
(ग) अस्वीकृत भएका दरखास्त फारामहरूको परीक्षा दस्तुर फिर्ता हुनेछैन ।
(घ) विज्ञापित सबै पदहरूमा अनलाइन प्रणाली मार्फत मात्र दरखास्त बुझाउनुपर्नेछ । कोषको Website: ssf.gov.np को vacancy.ssf.gov.np बाट Online दरखास्त फाराम भर्न सकिनेछ । online दरखास्त फाराम भर्दा कुनै द्विविधा भएमा कोषको टेलिफोन नम्बर ०१-५३१२०६६ र मो. नं. ९८५१३२१०८७ मा सम्पर्क गरी बुझ्न सकिनेछ ।

उम्मेदवारले पेश गर्नुपर्ने थप कागजात तथा अनुभव सम्बन्धमा:

(अ) **समावेशी तर्फका उम्मेदवारहरूले पेश गर्नुपर्ने थप कागजातहरू**: समावेशीतर्फ दरखास्त दिने उम्मेदवारहरूले निम्न बमोजिमका कागजातहरू समेत Upload गर्नुपर्नेछ ।
(क) आदिवासी जनजातिका हकमा नेपाल आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएका जातिको सूचीको आधारमा दरखास्त स्वीकृत हुनेछ । तर नेपाल आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनभित्र सूचीकृत भएको जातिभित्र एकभन्दा बढी थरहरू भएमा सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराई दरखास्त साथ पेश गर्नुपर्नेछ ।
(ख) मधेशीका हकमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट मधेशी भनी प्रमाणित गरेको आधारमा दरखास्त स्वीकृत हुनेछ तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट मधेशी भनी प्रमाणित कागजात दरखास्त पेश गर्नुपर्नेछ ।
(ग) दलितका हकमा राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जातिभित्र एकभन्दा बढी थरहरू भएमा सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराई दरखास्तसाथ पेश गर्नुपर्नेछ ।

(आ) **अनुभव चाहिने उम्मेदवारका लागि**:
(क) देहाय बमोजिमको निकायमा रही अधिकृत स्तरमा काम गरेको अनुभव सम्बन्धमा त्यस्तो पत्रको नियुक्ति पत्र वा करारनामा र सेवा अवधि प्रमाणित गरिएको सम्बन्धित निकायको पत्र
१. निजामती तथा अन्य सरकारी निकाय,
२. नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्वमा सञ्चालित सङ्गठित संस्था,
३. विकास समिति ऐन, २०१३ बमोजिम गठित विकास समिति,
४. ऐनद्वारा स्थापित संस्था वा निकाय ,
५. संयुक्त राष्ट्रसङ्घ, यसका अंग तथा विशिष्टिकृत निकाय,
६. अन्तर सरकारी क्षेत्रीय तथा अन्तर्राष्ट्रिय सङ्गठनहरू,
७. विश्वविद्यालयको आंगिक क्याम्पस,
८. सामुदायिक विद्यालय,
(ख) खण्ड (क) मा उल्लेख भए बाहेकको अन्य निकायको अनुभवको सम्बन्धमा नियुक्ति पत्र वा करारनामा र सेवा प्रमाणित गरिएको सम्बन्धित निकायको पत्रको अतिरिक्त त्यस्तो निकायमा अधिकृत स्तरका कर्मचारी भर्नाको प्रक्रिया, योग्यता, सङ्गठन, संरचना लगायत कर्मचारीको सेवा शर्त समेतका विषय समावेश गरिएको नियम वा विनियम वा निर्देशिका वा कार्यविधि समेत आवश्यक पर्ने र त्यस्तो नियम वा विनियम वा निर्देशिका वा कार्यविधि भएको व्यवस्था बमोजिम अधिकृत स्तरमा भर्ना भएको यकिन हुने अनुभवलाई मात्र मान्यता दिइनेछ ।
(ग) सरकारी कर्मचारीले अन्य सङ्गठित संस्थामा काम गरेको अनुभव सम्बन्धमा पूर्व स्वीकृतिको पत्र तथा सो अवधिको बिदा स्वीकृतिको पत्र भएमा मात्र त्यस्तो अनुभवलाई मान्यता दिइनेछ ।
(घ) एउटै अवधिमा दुई वा सोभन्दा बढी निकायमा काम गरेको भएमा पूरा समय काम गरेको कुनै एकको अनुभव मात्र गणना गरिनेछ ।
(ङ) नियुक्ति पत्र वा करारनामामा नै (Part Time) रूपमा काम गर्ने उल्लेख भएकोमा सो अनुभव मान्यता दिइनेछैन ।
(च) एक वर्षभन्दा कम अवधिको अस्थायी वा करार सेवाको अनुभवलाई गणना गरिनेछैन ।
(छ) सहायक स्तरमा पदाधिकार रही अधिकृत स्तरमा कायम मुकायम वा निमित्त भई सेवा गरेको अनुभवलाई मान्यता दिइनेछैन ।
(ज) नियुक्ति पत्र वा करारनामामा उल्लिखित पदनामबाट अधिकृत स्तर नखुलेकोमा सम्बन्धित निकायले सो पद अधिकृत स्तरको भनी प्रमाणित गरेको पत्र पेश गर्नुपर्नेछ ।
(झ) माथि उल्लिखित प्रमाण खुल्ने कागजातहरू दरखास्त दिने समयभित्र नै उम्मेदवारसँग रहेको नभएमा जुनसुकै समयमा दरखास्त रद्द गर्न सकिनेछ ।

द्रष्टव्य:
(क) अनुभवको अवधि आवश्यक पर्ने विज्ञापनहरूको हकमा सम्बन्धित पदका लागि तोकिएको दरखास्त दिन पाउने अन्तिम मिति सम्ममा न्यूनतम सेवा अवधि पूरा भएको हुनुपर्नेछ । दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, अनुभव अवधि र अन्य योग्यताको प्रयोजनका लागि गणना गरिनेछैन ।
(ख) सहयोगी लेखक माग गर्ने उम्मेदवारले लिखित परीक्षा सुरु हुनुभन्दा कम्तीमा ७ (सात) दिन अगावै कार्यालयमा सम्पर्क राख्नुपर्नेछ । अन्यथा सहयोगी लेखक उपलब्ध गराउन बाध्य हुनेछैन ।
(ग) उम्मेदवारले प्रवेश पत्रमा आफू उम्मेदवार हुने किसिम/समूहको विवरण निर्धारित ढाँचामा अनिवार्य रूपले खुलाउनुपर्नेछ अन्यथा परीक्षामा समावेश गराइनेछैन ।
(घ) लोक सेवा आयोगबाट परीक्षामा अनियमितता गरेको सम्बन्धमा यसअघि निश्चित अवधिसम्म आयोगबाट सञ्चालित कुनै पनि परीक्षामा सहभागी हुन नपाउने गरी कारबाही भएको भए सो अवधि व्यतीत भइसकेको हुनुपर्नेछ ।
(ङ) लिखित परीक्षामा परीक्षार्थीले अनिवार्य रूपमा कालो मसीको मात्र प्रयोग गर्नुपर्छ अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।
(च) पाठ्यक्रम कोषको वेबसाइट www.ssf.gov.np बाट प्राप्त हेर्न सकिनेछ ।

पदपूर्ति समिति
सामाजिक सुरक्षा कोष

खेल सङ्क्षेप

राखेप बोर्डमा आठ सदस्य नियुक्त

काठमाडौँ (गोरखापत्र), पुस ११ गते। सरकारले राष्ट्रिय खेलकुद परिषद् (राखेप) मा आठ जना बोर्ड सदस्य नियुक्त गरेको छ। खेलकुदमन्त्री तेजुलाल चौधरीको प्रस्तावमा मन्त्रीपरिषद्को बैठकले बिहीबार राखेपमा खाली रहेको आठ जना बोर्ड सदस्य नियुक्त गरेको हो। राखेपको कार्यकारी बोर्ड सदस्यमा शान्तिकुमारी चौधरी (झापा), आनन्दकुमार झा (सप्तरी), सुवर्ण श्रेष्ठ (ललितपुर), कमलबहादुर भट्टराई (सर्लाही), हिमालकुमार श्रेष्ठ (गुल्मी), नन्दा बस्याल (सुर्खेत), जगतसिंह धामी (दार्चुला) र भानबहादुर चन्द (कञ्चनपुर) हुनुहुन्छ। नन्दा र सुवर्ण श्रेष्ठ यसअघि पनि सदस्यमा हुनुहुन्थ्यो। राखेप उपाध्यक्षको नियुक्त अर्को हप्ता हुने बताइएको छ।

एनआरटी सेमिफाइनलमा

फिदिम (गोरखापत्र), पुस ११ गते। न्युरोड टिम (एनआरटी) ले बिहीबार सहलेस क्लब सिराहालाई टाइब्रेकरमा ५–४ ले हराएर एघारौँ फाल्गुनन्द गोल्डकप फुटबल प्रतियोगिताको सेमिफाइनलमा स्थान बनाएको छ। निर्धारित ९० मिनेटको खेल गोलरहित बनेको थियो। पेनाल्टी सुट आउटमा एनआरटीका कृतिष हुराउ, अभिषेक लिम्बू, सरोज तामाङ, अञ्जान विष्ट र विदेशी खेलाडी क्यालर्सले गोल गर्नुभयो। सहलेसका कुलदीप कार्की, विवेक राई, दोर्जे तामाङ र फागुराम थारूको पेनाल्टी प्रहार पनि सफल भयो तर सहलेसका विदेशी खेलाडी हेनरी गोल गर्नबाट चुक्दा उक्त एनआरटी विजयी भयो।

रोजेन सम्मानित

काठमाडौँ (गोरखापत्र), पुस ११ गते। जैसीदेवल युथ क्लबले अन्तर्राष्ट्रिय तेक्वान्दो प्रतियोगितामा पदक जित्ने रोजेन प्रजापतिलाई नगद पुरस्कारसहित सम्मानित गरेको छ। जैसीदेवल तेक्वान्दो डोजाङका रोजेनले गत डिसेम्बर ६ देखि ९ तारिखसम्म भियतनाममा भएको भियतनाम एसियन ओपन पुलिस तेक्वान्दो च्याम्पियनसिपमा जुनियरतर्फ व्यक्तिगत पुम्से विधामा स्वर्ण पदक जित्नुभएको थियो। काठमाडौँ महानगरपलिकाका प्रवक्ता नवीन मानन्धर र क्लबका अध्यक्ष राजेश प्रजापतिले रोजेनलाई १० हजार रुपियाँसहित सम्मान गर्नुभयो। सोही कार्यक्रममा त्रिभुवन आर्मी क्लबका प्रशिक्षक सञ्जीव ओझालाई पनि सम्मान गरिएको थियो। भियतनाम जानुअघि रोजेनले हङकङमा आयोजित विश्व तेक्वान्दो पुम्से च्याम्पियनसिपमा पनि सहभागिता जनाउनुभएको थियो।

मलेसियालाई तीन स्वर्ण



गोरखापत्र समाचारदाता
काठमाडौँ, पुस ११ गते

योनेक्स सनराइज नेपाल इन्टरनेसनल च्यालेन्ज २०२४ मा मलेसियाले पुरुष डबल्स, महिला डबल्स र मिक्स डबल्स उपाधि हात पारेको छ।

मलेसियाका लाउ यी सेङ र ली यी बो को जोडी भारतका च्यानित जोशी र मायाङ्क रानाको जोडीलाई २१–१४, २१–२३, २१–१७ ले पराजित गर्दै पुरुष डबल्समा च्याम्पियन बन्यो। महिला डबल्सको फाइनलमा किसोना सेल्भादुरे र याप रुचेनले थाइल्यान्डका कोडचापोर्न चाइचाना र पन्नवी पोलियमको जोडीलाई २१–१३, २१–१४ ले हराउनुभयो।

मिक्स डबल्समा लाउ यी सेङ र याप रु चेनको जोडीले थाइल्यान्डका नोन्ताकोर्न थोङ अन र कोङ्चापोर्न चाइचानाको जोडीलाई २१–१८, २१–११ ले हराएर उपाधि जित्यो। नेपाल ब्याडमिन्टन सङ्घको आयोजनामा भएको च्यालेन्जको पुरुष एकलमा भारतका मेरादबा लुवाङ मैसनाम भारतकै बिएम राहुल भारद्वाजको जोडीलाई २१–१७, २१–१६ ले पराजित च्याम्पियन बन्नुभयो।

महिला एकलमा थाइल्यान्डकी ललिनरात चाइवान च्याम्पियन बन्नुभयो। उहाँले फाइनलमा भारतकी इरा शर्मालाई २२–२०, २१–१२ ले हराएर उपाधि जित्नुभयो। प्रत्येक विधाका विजयी खेलाडीले १२ सय डलर, ७२० डलर र तीन सय डलर प्राप्त गरे।

भूकम्प स्मृति कभर्ड हलको उद्घाटन

गोरखापत्र समाचारदाता
काठमाडौँ, पुस ११ गते

नेपाल ओलम्पिक कमिटी (एनओसी) का अध्यक्ष जीवनराम श्रेष्ठले बिहीबार डल्लु अवास क्षेत्रमा निर्माण भएको भूकम्प स्मृति बहुउद्देश्यीय कभर्ड हलको उद्घाटन गर्नुभएको छ। एनओसी र डल्लु आवास स्थानीय सहयोग समितिको संयुक्त आयोजनामा भएको कार्यक्रममा अध्यक्ष श्रेष्ठले कभर्ड हलको निर्माणले स्थानीय खेलको विकासमा महत्त्वपूर्ण योगदान पुग्याउने बताउनुभयो।

यो बहुउद्देश्यीय कभर्ड हलले स्थानीय खेलाडी उत्पादनमा पनि सहयोग गर्ने छ, जुन नेपाली खेलकुदका लागि ठुलो उपलब्धि हो। कभर्ड हलका कारण यो क्षेत्रमा खेलकुद विकासमा मद्दत पुग्ने छ। खेल स्थलकै उपलब्ध भएपछि मात्रै खेलाडी उत्पादनका लागि मद्दत पुग्ने हो, उहाँले भन्नुभयो। अन्तर्राष्ट्रिय ओलम्पिक कमिटी (आइओसी) ले यो कभर्ड हल निर्माणका लागि आर्थिक सहयोग गरेको थियो। यसको निर्माणका लागि कुल चार करोड ५० लाख रुपियाँ खर्च भएको छ। कभर्ड हलको शिलान्यास २०७९ को असोजमा भएको थियो। यसमा भलिबल, ब्याडमिन्टन, टेबलटेनिसलगायत इन्डोर खेलको आयोजना गर्न सकिने छ।

एनओसीको निर्वाचन रोक्न आदेश

गोरखापत्र समाचारदाता
काठमाडौँ, पुस ११ गते

सर्वोच्च अदालतले नेपाल ओलम्पिक कमिटी (एनओसी) को निर्वाचन रोक्न अन्तरिम आदेश दिएको छ। कमलबहादुर चित्रकारले दायर गरेको रिटमाथि बिहीबार न्यायाधीश सारङ्गा सुवेदीको एकल इजलासले अन्तरिम आदेश जारी गरेको हो।

उच्च अदालत पाटनको आदेश अवज्ञा गर्दै जीवनराम श्रेष्ठ नेतृत्वको एनओसीले विधान संशोधन गर्दै पुस १३ गते शनिबार निर्वाचनको मिति घोषणा गरेको थियो। एनओसीको अध्यक्ष र उपाध्यक्षबाहेक अन्य पदमा पदाधिकारी र सदस्य निर्विरोध निर्वाचित भइसकेका छन्। यद्यपि सर्वोच्चको आदेशपछि एनओसीको निर्वाचन अन्योलमा छ।

अध्यक्ष पदका लागि सोमबार अनलाइनमार्फत वर्तमान अध्यक्ष जीवनराम श्रेष्ठसहित महासचिव नीलेन्द्रराज श्रेष्ठ र ह्यान्डबलमा अध्यक्ष तेज गुरुङले उम्मेदवारी दिनुभएको थियो। सात उपाध्यक्षका लागि वर्तमान उपाध्यक्ष ज्योति राणासहित नौ जनाको उम्मेदवारी परेको छ। उपाध्यक्षमा उम्मेदवारी दिनेमा पौडीका अशोकरत्न वज्राचार्य, टेबलटेनिसका चतुरानन्द वैद्य, तेक्वान्दोका प्रकाशशमशेर राणा, हक्कीका अनिल शर्मा, कबड्डीकी तुलसा थापा, जुडोका दीपकहर्ष वज्राचार्य, सुटिङका पुष्पदास श्रेष्ठ र साइक्लिङका गोपाल सुन्दरलाल कक्षपति हुनुहुन्छ।

यसै गरी महासचिवमा नेपाल च्याम्पिङ एन्ड क्यानोइङ सङ्घका अध्यक्ष राजीव श्रेष्ठ निर्विरोध निर्वाचित हुनुभएको छ। सहमहासचिवमा ब्याडमिन्टन सङ्घका अध्यक्ष रामजीबहादुर श्रेष्ठ, कोषाध्यक्षमा गल्फका टासी घले, तीन सचिवमा आर्चरीका रमेश शिवाकोटी, बास्केटबलका भीमसिंह गुरुङ र भारोत्तोलनका रामकृष्ण श्रेष्ठ निर्विरोध चुनिनुभएको थियो। सदस्यहरूमा जिम्न्यास्टिककी गीता राणा, फुटबलका मनिष जोशी, उसुका लाक्पा शेर्पा, भलिबलका जितेन्द्रबहादुर चन्द र बक्सिङका राम अवाले निर्विरोध चयन हुनुभएको थियो। ओलम्पिक कमिटीमा नेपालका २७ वटा राष्ट्रिय खेल सङ्घलाई मताधिकार रहेको छ।

चेसमा पाँच क्लबको संयुक्त अग्रता



गोरखापत्र समाचारदाता
काठमाडौँ, पुस ११ गते

राष्ट्रिय क्लब टिम चेस च्याम्पियनसिपको दोस्रो दिन दोस्रो चरणको सकिँदा दुई पटकको विजेता थापाथली चेस पार्क, ललितपुर महानगरपालिका टिम, आयोजक ललितपुर स्पोर्ट्स क्लब, दोलखा जिल्ला बुद्धिचाल सङ्घ र ललितपुरको महालक्ष्मी नगरपालिका चार अङ्कसहित अग्रस्थानमा रहेका छन्।

नेपाल बुद्धिचाल महासङ्घको क्यालेन्डरमा उल्लिखित राष्ट्रिय टिम च्याम्पियनसिप अन्तर्गत दोस्रो चरणमा थापाथली चेस पार्कका चारै जना खेलाडीले जित प्राप्त गरे। पहिलो बोर्डमा एफएम रिजेन्द्र राजभण्डारीले भक्तपुरका विक्रम चोकामीलाई, सुशील चौधरीले विनय थापालाई, आशिषले राजेश कक्षपतिलाई र सिन्दिराले सयन कोजुलाई हराउनुभयो। यसै गरी ललितपुर महानगरपालिकाको टिमले कोशी प्रदेश बुद्धिचाल सङ्घलाई हराउन सफल भए। सो राउन्डमा एफएम रूपेश जैसवालले मुहान नरसिंह श्रेष्ठलाई, सिएम मिलन लामाले राजेन्द्र राईलाई, एफएम क्षितिज भण्डारीले सुसन आचार्य र अभिषेक शाहले कृतिरासालाई पराजित गर्नुभयो।

आयोजक क्लबले गोदावरी नगरपालिकालाई २.५–१.५ ले पराजित गऱ्यो। गत विजेता दोलखा जिल्ला बुद्धिचाल सङ्घले इन्जिनियरिङ कलेजमाथि ३.५–०.५ को अन्तरले विजय गऱ्यो।

ललितपुरको महालक्ष्मी नगरपालिका टिमले काठमाडौँ चेस क्लबलाई कठिन खेलमा ३–१ अङ्कको स्कोरमा हरायो।

कला/साहित्य

नातिनीको पर्खाइमा 'हजुरबा'

गोरखापत्र समाचारदाता
काठमाडौँ, पुस ११ गते

चिठी घुमाउने एक घुमफिर हुलाकीले एक्लोपनले ग्रसित एक वृद्ध मानिसलाई भेट्छ। जसले द्वन्द्वको समयमा लामो समयदेखि हराएकी आफ्नी नातिनीको खबर पाउनका लागि रेडियो सुनेर दिन बिताउने गरेको हुन्छ। हुलाकीको दया भावले वृद्ध मानिसको प्रतिरक्षालाई नरम पार्न थालेपछि उनीहरूको जीवनलाई अप्रत्याशित तरिकाले जोड्दै युद्धका कथा सतहमा आउन थाल्छन्।

हजुरबा नातिनी आउने पर्खाइमा छन्। उनीसँग बोल्ने साथीसम्म कोही छैन। उनको साथी भन्नु नै रेडियो हो। रेडियोले के समाचार भन्छ भनेर कान थापेर उनी सुनिरहन्छन्। नातिनीको सम्झनामा हजुरबासँग उनको स्विटर छ। जब हजुरबाको घरमा अचानक हुलाकी हरि आइपुग्छन्। त्यसपछि हजुरबाले पाउँछन् नातिनीको चिठी तर नातिनीले पठाएको भनेर हरिले ल्याउने चिठीमा हजुरबाले शङ्का गर्न थाल्छन्। कतै हरि पनि आफ्नै जस्तो कसैको पर्खाइमा समय बिताइरहेको त छैन, ? हजुरबाले सोध्छन्। हरि होइन भनेर जित्न खोज्छन्। नाटक 'हरि हजुरबा' हजुरबुवा र हुलाकी हरिको वरपर घुमेको कथा हो। विगत जसरी जिउँदो हुन्छ, त्यसै गरी यसको छाया पनि हुन्छ र सम्बन्धको यात्राका रूपमा सुरु हुने कुराले डरलाग्दो मोड लिन्छ। साझा त्रासदीको छायामा हुलाकी र बुढा मानिसले पत्ता लगाउँछन् कि तिनीहरूको भाग्य एक अर्कासँग जोडिएको छ। नपठाइएको र अनुत्तरित प्रश्नको बिचमा नाटकले हानि, स्मरण शक्ति र समाधान नभएको स्थायी वजनको अन्वेषण गर्दछ। जब तिनीहरूको जडान गहिरो हुँदै जान्छ, घटाउने अथक वजन र बन्दका लागि मानव इच्छा प्रकट गर्दै मुखौटा लगाएको कोरसको गीतात्मक उपस्थिति र युद्धमा हराएको जीवनको प्रतिध्वनिको माध्यमबाट सत्य र भ्रमबिचको रेखा धमिलो हुन्छ। कथाले पछाडि छोडेकाहरू, अनुपस्थिति र बन्दका लागि चाहनेको मार्मिक प्रतिविम्ब प्रकट गर्दछ।



द्वन्द्वमा हराएकाको सम्झना र पर्खाइ नाटकको मुख्य कथा हो। नाटकमा मुख्य भूमिकामा विजय बराल, नाजिर हुसैन हुनुहुन्छ भने नाटकको कथा नाजिरले नै लेख्नुभएको हो भने निर्देशन पनि उहाँकै रहेको छ। पुस ४ गतेबाट मञ्चन भएको नाटक पुस २८ गतेसम्म मञ्चन हुने छ। नाटकमा विजय र नाजिरसँगै रियुल्साङ, सविना थापा, रोहित शाह, सुजना पाण्डे, मनिष पाण्डे र रिसु राउतको अभिनय रहेको छ। नाटकको निर्मातामा अभिनेताद्वय दयाहाङ राई र बुद्धि तामाङ हुनुहुन्छ।

'कुन देवको सृष्टि हौ' सार्वजनिक

गोरखापत्र समाचारदाता
काठमाडौँ, पुस ११ गते

गीतकार तथा मोडल भुवन लोहनीले आफ्नो नयाँ गीत 'कुन देवको सृष्टि हौ' को भिडियो सार्वजनिक गर्नुभएको छ। भिडियोलाई कृपा फाउन्डेसनको अफिसियल च्यानलबाट बुधबार सार्वजनिक गरिएको हो। गीतमा गायक सविन सुवेदी र गायिका समीक्षा अधिकारीको स्वर रहेको छ। वसन्त सापकोटाको सङ्गीत रहेको गीतलाई डोरेमी स्टुडियोमा भानुभक्त ढकालले रेकर्डिङ गर्नुभएको छ। प्रेम भावमा आधारित गीतमा मोडल लोहनी र उषा उप्रेतीको अभिनय रहेको छ। मौसम हिमालीको निर्देशनमा बनेको गीतको नृत्य निर्देशन पनि मौसमकै रहेको छ। नवराज उप्रेतीले खिच्नुभएको गीतको सम्पादन तथा रङ्ग संयोजन मनोज कार्कीले गर्नुभएको छ।



'दुःखी आत्मा' को वितरण अधिकार बिक्री

गोरखापत्र समाचारदाता
काठमाडौँ, पुस ११ गते

दीपेन्द्र लामा निर्देशित चलचित्र 'दुःखी आत्मा' को जापानमा वितरण अधिकार बिक्री भएको छ। जापान प्रदर्शनका लागि युएनए इन्टरटेनमेन्टले राइट्स खरिद गरेको हो। दीपेन्द्रको लेखन तथा निर्देशन रहेको चलचित्रमा दयाहाङ राई, आँचल शर्मा अनुपविक्रम शाही, बुद्धि तामाङ, रेअर राई, लोकेन्द्र लेखक, आशान्त शर्मालगायत कलाकारको अभिनय छ।

नेपालका साथै जापानमा पनि फागुन २ गते चलचित्र प्रदर्शनमा आउने निर्माण पक्षले जनाएको छ। क्लक वर्क क्रियसनको ब्यानरमा बनेको चलचित्रको निर्माता हिमाल कडरिया हुनुहुन्छ। सुदीप ढकाल कार्यकारी निर्माता रहनुभएको चलचित्रलाई आलोक शुक्लाले खिच्नुभएको हो भने निमेष श्रेष्ठले सम्पादन गर्नुभएको छ।

हलमा 'देववाणी'



गोरखापत्र समाचारदाता
काठमाडौँ, पुस ११ गते

बाबुसाहेब बलामी निर्देशित द्वन्द्वप्रधान चलचित्र 'देववाणी' प्रदर्शनमा आएको छ। चलचित्रमा कुञ्जन भारद्वाज, अञ्जु लेप्चा, सुनील थापा, ह्यारी जोस, रवीन्द्र झालगायतको अभिनय रहेको छ। भारतीय अभिनेता ह्यारी जोस पनि चलचित्रमा विशेष भूमिकामा देखिनुभएको छ।

मीना खड्का र हिराबहादुर लेप्चा निर्माता रहनुभएको चलचित्र अनुजा इन्टरटेनमेन्ट र मौसम फिल्म्स प्रोडक्सन हाउसले निर्माणमा सहकार्य गरेको छ। चलचित्रको कथा नीराजन मेहता मन्जिलको रहेको छ भने श्री श्रेष्ठको द्वन्द्व, हरिबहादुर घलेको छायाङ्कन, रामजी लामिछाने र तेन्जु योञ्जनको नृत्य निर्देशन रहेको छ। चलचित्रमा मनोहर सुनामको सङ्गीत र बन्दे प्रसादको सम्पादन रहने छ।

गोरखापत्रकर्मी पुरस्कृत

उर्लाबारी समाचारदाता
उर्लाबारी, पुस ११ गते



सञ्चार क्लब नेपाल उर्लाबारीले २१ औँ साधारण सभाको अवसर पारेर चार जना पत्रकारलाई पुरस्कार प्रदान गरेको छ। क्लबले दाताराम–पद्मावती पत्रकारिता पुरस्कारबाट गोरखापत्र दैनिकका उर्लाबारी समाचारदाता हरिप्रसाद कोइराला, लीला–गोमा पत्रकारिता पुरस्कारबाट उर्लाबारी न्युजका घनश्याम भण्डारी, दुर्गाराज पोमु स्मृति पत्रकारिता पुरस्कारबाट पूर्वी कमान्ड डटकमका सरोज बस्नेत र सञ्चार क्लब पत्रकारिता सम्मान पुरस्कारबाट अलकापुरी साप्ताहिकका सम्पादक दुर्गाप्रसाद खतिवडालाई पुरस्कृत गरेको हो। पुरस्कारको राशि जनही १०/१० हजार रुपियाँ नगद रहेको छ।

क्लबले यस वर्षदेखि सञ्चार क्लब पत्रकारिता सम्मान पुरस्कार र दुर्गाराज पोमु स्मृति पत्रकारिता पुरस्कार प्रदान गर्न थालेको हो। क्लबले यसै वर्ष सञ्चार क्लब पत्रकारिता पुरस्कार वितरण गर्ने निर्णय गरेको थियो। यस्तै अरनिको अस्पतालका सञ्चालक लोलिम पोमुले आफ्ना बुवाको स्मृतिमा यसै वर्ष दुर्गाराज पोमु स्मृति पत्रकारिता पुरस्कारको अक्षयकोष गठन गरी क्लबलाई हस्तान्तरण गर्नुभएको थियो। मिक्लाजुङ गाउँपालिकाको कुडनेटारमा भएको साधारण सभामा मिक्लाजुङ गाउँपालिकाका अध्यक्ष बबिकुमार राईले चारै जना पत्रकारलाई पुरस्कार प्रदान गर्नुभयो। अध्यक्ष राईले पत्रकारिता क्षेत्रमा नयाँ पुस्ताको आकर्षण नभएको बताउँदै लेखन क्षमता बढाउन र प्रविधिलाई पछ्याउन सक्ने जनशक्ति उत्पादनमा जोड दिन आग्रह गर्नुभयो।

क्लबका अध्यक्ष कुमार खड्काको अध्यक्षतामा भएको कार्यक्रममा मिक्लाजुङ गाउँपालिका–२ का वडाध्यक्ष बलबहादुर श्रेष्ठ, पत्रकार अक्षयकोषका निर्माता जयधर्म आचार्य र लोलिम पोमु, उर्लाबारी रेडक्रसका सभापति भानुभक्त शर्मा, उर्लाबारी उद्योग वाणिज्य सङ्घका अध्यक्ष तारामान सेरेङ र उद्योगी सचिन शाक्यले बोल्नुभएको थियो।

भुटानी समुदायको प्रेमकथा 'सानुमाया'

गोरखापत्र समाचारदाता
काठमाडौँ, पुस ११ गते

भिजुअल आर्ट्स स्टुडियो र टौवा स्टुडियोको सहकार्यमा निर्माण भएको 'सानुमाया' म्युजिक भिडियो सार्वजनिक भएको छ। भिडियोले भुटानी नेपाली समुदायको सांस्कृतिक पृष्ठभूमिमा आधारित प्रेमकथामार्फत पहिचान, सङ्घर्ष र प्रेमका गहिरा भावनालाई प्रस्तुत गरेको छ। भिडियोमा पहिचानको अभाव, प्रेम र करियरबिचको द्वन्द्व र सामाजिक सङ्घर्षलाई भावनात्मक रूपमा प्रस्तुत गर्ने प्रयास गरिएको छ।

लेखक तथा निर्देशक विवेक रसाइलीद्वारा निर्देशित भिडियोमा मिरुना मगर, दीपक रसाइली र प्रेम सुब्बाको अभिनय रहेको छ। मिरुनाको पात्रले आफ्नो प्रेम र करिअरबिचको सङ्घर्षलाई झल्काउँछ, जसले समाजमा पहिचान नभएको अवस्थाबाट उत्पन्न हुने द्विविधा र कठिनाइलाई चित्रण गर्छ। मिरुनाले भुटानी नेपाली समुदायकी महिलाको भूमिका निर्वाह गर्नुभएको छ। उहाँको पात्रले पहिचानको अभावले ल्याउने सामाजिक दबाब र व्यक्तिगत द्वन्द्वलाई जीवन्त रूपमा पर्दामा उतारेको छ। विजय बस्याल कार्यकारी निर्माता रहेको भिडियोमा रेजोन थापा मुख्य सहायक निर्देशक र उज्ज्वल जोशी छायाकार हुनुहुन्छ।

नेपाल राष्ट्र बैङ्क

केन्द्रीय कार्यालय, विदेशी विनिमय व्यवस्थापन विभाग

नेपाल राष्ट्र बैङ्कले तोकेको विनिमय दर

२०८१ साल पुस १२ गते (डिसेम्बर २७, २०२४) शुक्रबारको विनिमय दर

मुद्रा	एकाइ	खरिद दर	बिक्री दर
भारतीय रुपियाँ	१०० को	रु १६०।००	रु १६०।९५

खुला बजार विनिमय दर (नेपाल राष्ट्र बैङ्कको प्रयोजनका लागि)

मुद्रा	एकाइ	खरिद दर	बिक्री दर
अमेरिकी डलर	१ को रु.	१३६।९३	१३६।७३
युरो	१ को रु.	१४१।५८	१४२।२९
पाउन्ड स्टर्लिङ	१ को रु.	१७०।५८	१७१।३४
स्विस फ्रैङ्क	१ को रु.	१५१।२७	१५१।९४
अस्ट्रेलियन डलर	१ को रु.	८४।८५	८५।२२
क्यानेडियन डलर	१ को रु.	९४।६४	९५।०६
सिङ्गापुर डलर	१ को रु.	१००।२३	१००।६७
जापानी येन	१० को रु.	८।६४	८।६८
चिनियाँ युआन	१ को रु.	१८।६५	१८।७३
साउदी अरब रियाल	१ को रु.	३६।२५	३६।४१
कतारी रियाल	१ को रु.	३७।३५	३७।५२
थाई भाट	१ को रु.	३।९८	४।००
संयुक्त अरब इमिरेट दिराम	१ को रु.	३७।०६	३७।२३
मलेसियन रिङ्गिट	१ को रु.	३०।४६	३०।६०
दक्षिण कोरियन वन	१०० को रु.	९।२९	९।३३
स्विडिस क्रोनर	१ को रु.	१२।३१	१२।३६
डेनिस क्रोनर	१ को रु.	१८।९८	१९।०६
हङ्कङ डलर	१ को रु.	१७।५३	१७।६०
कुवेती दिनार	१ को रु.	४४१।६८	४४३।६३
बहराइन दिनार	१ को रु.	३६०।७५	३६२।३४
ओमानी रियाल	१ को रु.	३५३।५७	३५५।१२

नोट: यो विनिमय दरलाई बैङ्कले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ।
* वाणिज्य बैङ्कहरूले तोकने विनिमय दर भने फरक हुन सक्नेछ।
* अद्यावधिक विनिमय दर बैङ्कको वेवसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ।

गोरखापत्र संस्थानका लागि कार्यकारी अध्यक्ष **विष्णुप्रसाद सुवेदी** तथा महाप्रबन्धक **लालबहादुर ऐरी**द्वारा गोरखापत्रको छापाखाना, धर्मपथ, काठमाडौँमा मुद्रित तथा प्रकाशित। पो.ब.नं. २३, काठमाडौँ, नेपाल। द.नं. ०२। गो.हु.का.द.नं. २९/०५३/५४। निमित्त प्रधान सम्पादक **शिवकुमार भट्टराई**
सम्पादकीय : फोन नं. ०१–५३२२९२१, रिपोर्टिङ : ०१–५३४४४२९, डेस्क : ०१–५३५६०८४, **E-mail : gcreportin@gmail.com,** विज्ञापन शाखा : फोन नं. ०१–५३२७४९३, ०१–५३२६५२९, **E-mail : mgorkhapatra@gmail.com,** ग्राहक सेवा शाखा : ०१–५३२०६३८, टोल फ्री नं. १६६०–०१–९४४४४

हाम्रो गौरव, राष्ट्रको पत्रिका

वि.सं. १९५८ देखि
निरन्तर प्रकाशित,
बहुभाषी राष्ट्रिय दैनिक

गोरखापत्र

gorkhapatraonline.com

सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः । सर्वे भद्राणि पश्यन्तु मा कश्चिद दुःखभाग्जनः ।



विराटनगर संस्करण | विचार | कृषि अनुदानको व्यवस्थापन | स्टार्टअप कर्जाको छनोट प्रक्रिया सुरु १६

वर्ष १२४ | अङ्क २२८ | २०८१ साल पुस १२ गते शुक्रबार | पौष कृष्ण द्वादशी | नेपाल संवत् ११४५ थिंलागा १२ | 2024 December 27 Friday | पृष्ठ : १२+४+२ | मूल्य : दस रुपियाँ

जलवायु परिवर्तनको असर

'न्यूनीकरण गर्न एकजुट होऔं'



तस्बिर : कविन अधिकारी

प्रधानमन्त्री केपी शर्मा ओली (बिचमा) २९ औं विश्व जलवायु सम्मेलन र अन्तर्राष्ट्रिय न्यायालयमा नेपालको सहभागिताको समीक्षा कार्यक्रममा अन्य अतिथिका साथमा ।

> हामीले ग्लोबल वार्मिङका लागि कुनै योगदान गरेका छैनौं तर त्यसको मार खेप्न बाध्य छौं । नबिराएको काममा सजाय भोग्नु परिरहेको छ । नेपाल प्रभावित हुनु हाम्रो मात्र होइन, यो वैश्विक मुद्दा हो ।

गोरखापत्र समाचारदाता
काठमाडौँ, पुस ११ गते

प्रधानमन्त्री केपी शर्मा ओलीले साझा प्रतिबद्धतासहित राष्ट्रिय, अन्तर्राष्ट्रिय क्षेत्रका सबै संस्था र व्यक्तिसमेत एकजुट भएर जलवायु परिवर्तनले निम्त्याएका समस्याको समाधानमा जुट्नुपर्ने बताउनुभएको छ ।

वन तथा वातावरण मन्त्रालयद्वारा बिहीबार काठमाडौँमा आयोजित २९ औं विश्व जलवायु सम्मेलन र अन्तर्राष्ट्रिय न्यायालयमा नेपालको सहभागिताको समीक्षा कार्यक्रमलाई सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले साझा प्रतिबद्धतासहित जलवायु परिवर्तनको असरलाई कम गर्न एकजुट भएर लाग्नुपर्ने बताउनुभएको हो ।

उहाँले भन्नुभयो, "हामीले ग्लोबल वार्मिङका लागि कुनै त्यस्तो योगदान गरेका छैनौं तर त्यसको मार खेप्न बाध्य भएका छौं । नबिराएको काममा सजाय भोग्नु परेको छ । नेपाल प्रभावित हुनु हाम्रो मात्रै होइन, यो वैश्विक मुद्दा हो ।"

जलवायु परिवर्तनको असर कम गर्न हिमालबाट समुद्रतर्फ समस्या समाधानको दृष्टिकोण लागु गर्नुपर्नेमा उहाँले जोड दिनुभयो । प्रधानमन्त्री ओलीले थप्नुभयो, "हिमालय जलवायुको मुद्दा हाम्रो र हिमालको मात्रै होइन, हिमालसँग विश्वको तापमान प्रणाली (वार्मिङ सिस्टम) जोडिएको छ । हावालाई चिसो पार्ने क्षमता हिमालसँग छ । यस क्षमताको ह्रास हुनु जलवायु चुनौती हो । त्यस कारण हामीले हिमालदेखि समुद्रसम्म रक्षाको अवधारणामा जानु पर्छ ।"

विश्वमा चिसोपनाको योगदानमा नेपालका हिमालको योगदान उच्च रहेको औंल्याउँदै उच्च हिमाली भेगमा परेको असरले ध्रुवीय हिमखण्डमा समेत असर पार्ने भन्दै विश्वको ध्यानाकर्षण गराउनुभयो ।

नेपाललाई जलवायु क्षतिपूर्ति दिइनु पर्छ भन्ने कुरा आफूले संयुक्त राष्ट्रसङ्घको ७९ औं महासभामा पनि राखेको स्मरण गराउँदै प्रधानमन्त्री ओलीले यस धर्तीको वातावरण रक्षाका लागि नेपालले हिमालको १७ प्रतिशत भूभाग संरक्षित गरेको जनाउनुभयो । कोप-२९ को समीक्षासहित अहिलेदेखि नै कोप-३० को तयारी थाल्न पनि प्रधानमन्त्री ओलीले आग्रह गर्नुभयो । उहाँले त्यहाँ पुग्दा तर्कसहित निर्णय गराउन सक्ने क्षमता विकास गर्न निर्देशन दिनुभयो ।

उहाँले जमिन सुक्खा हुँदै जाँदा कृषि क्षेत्रलाई प्रतिकूल असर पार्ने भएकाले वनजङ्गलमा डढेलो लाग्न नदिन जागरण फैलाउन पनि वन मन्त्रालय र सञ्चार मन्त्रालयलाई निर्देशन दिनुभयो ।

जलवायु न्यायका निम्ति सशक्त बनौं

सोही कार्यक्रममा बोल्दै परराष्ट्रमन्त्री डा. आरजु राणाले नेपालले जलवायु न्याय, जलवायु वित्त र क्षतिपूर्तिको आवाजलाई विश्वस्तरमा नै अझ सशक्त रूपमा उठाउनुपर्ने बताउनुभयो । नगन्य

» बाँकी पृष्ठ २ मा

सम्प्रभुतामा प्रश्न उठ्ने गरी सम्झौता भएको छैन



सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङ

> सम्पत्ति शुद्धीकरण निवारण ऐनबमोजिम मानव तस्करी, हुन्डी, भर्चुअल मुद्रा प्रयोग, अनुचित लेनदेन, खेलमा मिलोमतो तथा अनियमितता र अनुमतिपत्र नलिई क्यासिनो सञ्चालनलाई सम्बद्ध कसुर तोक्नेसमेत निर्णय

गोरखापत्र समाचारदाता
काठमाडौँ, पुस ११ गते

सरकारको प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले लिपुलेकको सम्बन्धमा भारत र चीनबिच हालै भएको सहमति नेपालको सम्प्रभुता र नक्सामाथि प्रभाव पार्ने किसिमको नभएको बताउनुभएको छ ।

मन्त्रालयमा बिहीबार पुस ९ गतेको मन्त्रीपरिषद् बैठकका निर्णय सार्वजनिक गर्ने क्रममा उहाँले यस्तो बताउनुभएको हो । नेपालको नक्सामा अङ्कित लिपुलेकबारे हालै भारत र चीनबिच भएको सहमतिको सम्बन्धमा सरकारको धारणा के छ भन्ने सञ्चारकर्मीको जिज्ञासामा मन्त्री गुरुङले दुई मुलुकबिच भएको सहमति पहिलेदेखि नै उनीहरूको प्राविधिक कुरा हो भन्नुभयो । उहाँले भन्नुभयो, "यो सहमतिबारे मन्त्रीपरिषद् बैठकमा लामो छलफल भई निष्कर्ष के निस्केको छ कि नेपालले चिन्ता लिनुपर्ने ढङ्गले, हाम्रो सम्प्रभुतामाथि प्रश्न उठ्ने ढङ्गले दुई मुलुकबिच सम्झौता भएको होइन । त्यही भएर नेपालले चिन्ता नलिनुपर्ने छलफलबाट निष्कर्ष निकालेको हो ।"

सिफारिस समिति गठन गर्ने निर्णय

सरकारले नेपाल बिमा प्राधिकरणका अध्यक्ष नियुक्त गर्ने प्रयोजनका लागि नाम सिफारिस गर्न सिफारिस समिति गठन गर्ने निर्णय गरेको छ । राष्ट्रिय योजना आयोगका सम्बन्धित क्षेत्र हेर्ने सदस्यको संयोजकत्वमा सिफारिस समिति गठन गर्ने निर्णय गरेको हो । समितिको सदस्यमा अर्थ मन्त्रालयका सचिव र ज्योतिचन्द्र ओझा रहनुभएको जनाइएको छ । मन्त्री गुरुङले मन्त्रीपरिषद्को बैठकका निर्णय सार्वजनिक गर्दै सो जानकारी गराउनुभयो ।

त्यसै गरी मन्त्रीपरिषद् बैठकले सहकारीसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेश जारी गर्न राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष सिफारिस गर्ने निर्णय गरेको छ । नेपाल इन्जिनियरिङ सेवा समूहीकरणतर्फको राजपत्राङ्कित विशिष्ट श्रेणीको रिक्त पदमा सहसचिव मधुप्रसाद भेटुवाललाई बढुवा गरी जल तथा ऊर्जा आयोगको सचिवालयको सचिव पदमा पदस्थापन गर्ने निर्णय बैठकले गरेको हो ।

सम्पत्ति शुद्धीकरण निवारण ऐनबमोजिम मानव तस्करी, हुन्डी, भर्चुअल मुद्रा प्रयोग, अनुचित लेनदेन, खेलमा मिलोमतो तथा अनियमितता र अनुमतिपत्र नलिई क्यासिनो सञ्चालनलाई सम्बद्ध कसुर तोक्नेसमेत निर्णय गरिएको मन्त्री गुरुङले जानकारी दिनुभयो । बैठकले पूर्वविशिष्ट पदाधिकारीको सुविधासम्बन्धी व्यवस्था गर्न बनेको विधेयक तर्जुमा गर्न सैद्धान्तिक सहमति दिने निर्णय गरेको छ ।

सवारी तथा यातायात व्यवस्था (१० औं संशोधन) नियमावली, २०८१ स्वीकृत गर्ने, रेल सञ्चालन तथा मर्मतसम्भारका लागि तालिम प्राप्त जनशक्ति, मर्मतसम्भारको कार्य र सोका लागि आवश्यक उपकरण एवं मालसमान खरिद गर्न सार्वजनिक खरिद ऐन, २०६४ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम 'सरकार तथा सरकार' (जिटुजी) विधिबाट खरिद गर्न सैद्धान्तिक सहमति प्रदान गर्ने निर्णय गरेको हो ।

प्रवक्ता गुरुङका अनुसार बैठकले भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय वा अन्तर्गतका निकायको स्वीकृत दरबन्दीबाटै जनशक्ति व्यवस्थापन गर्ने गरी पर्साको पोखरिया, जुम्लाको सिँजा तथा नराकोट र कपिलवस्तुको बोडगाउँमा मालपोत तथा नापी कार्यालय स्थापना गरी सेवा सञ्चालन गर्ने निर्णय गरेको छ ।

बैठकले नवलपरासी (बर्दघाट सुस्तापूर्व) स्थित नेपाल सरकारको नाममा दर्ता स्रेस्ता कायम रहेको कावासोती नगरपालिका-३ को किता नं. १ र किता नं. २ को सरकारी जग्गामा रहेका विभिन्न प्रजातिका ६४२ वटा रुख/पोल हटाउन स्वीकृति दिने निर्णय गरेको हो ।

शिक्षक सेवा आयोगको एक जना महिलासहित दुई जना सदस्यको नियुक्तिका लागि सिफारिस गर्न लोक सेवा आयोगको अध्यक्षको अध्यक्षतामा त्रिभुवन विश्वविद्यालयका उपकुलपति र मन्त्रालयका सचिव सदस्य रहेको सिफारिस समिति गठन गर्ने निर्णय बैठकले गरेको मन्त्री गुरुङले जानकारी दिनुभयो ।

भारतका पूर्वप्रधानमन्त्री डा. सिंहको निधन



गोरखापत्र समाचारदाता
काठमाडौँ, पुस ११ गते

भारतका पूर्वप्रधानमन्त्री डा. मनमोहन सिंहको ९२ वर्षको उमेरमा निधन भएको छ । बिहीबार साँझ बेहोस भएपछि दिल्लीस्थित एम्स अस्पतालमा भर्ना हुनुभएका डा. सिंहको स्थानीय समय अनुसार राति ९ बजेर ५१ मिनेटमा निधन भएको अस्पतालले मेडिकल बुलेटिन जारी गरी सिंहको निधन भएको पुष्टि गरेको छ ।

सन् १९३२ सेप्टेम्बर २६ मा पन्जाब प्रान्तको एक गाउँमा जन्मनुभएका डा. सिंह कांग्रेस आईबाट सन् २००४ देखि २०१४ सम्म दुई कार्यकालका लागि लगातार भारतको प्रधानमन्त्री बन्नुभएको थियो । उहाँ भारतको अर्थ सुधारक वित्तमन्त्रीका रूपमा समेत चिनिनुहुन्थ्यो ।

पशुपति जलहरीका विषयमा फैसलाको पूर्णपाठ

अनियमितता पुष्टि भएन

अशोक अधिकारी
काठमाडौँ, पुस ११ गते

विशेष अदालतले पशुपतिनाथ मन्दिरको गर्भगृहमा सुनको जलहरी राख्ने कार्यमा बदनियत राखेर सुन हिनामिना गरेको भन्ने कुनै पनि वस्तु, तथ्य र प्रमाणबाट पुष्टि नहुने फैसला गरेको छ ।

विशेष अदालतका अध्यक्ष एवं न्यायाधीश टेकनारायण कुँवर र न्यायाधीश मुरारीबाबु श्रेष्ठको इजलासले वैशाख १८ गते गरेको फैसलाको पूर्णपाठमा सुनको जलहरी निर्माण गर्दा कुनै किसिमको भ्रष्टाचार नभएको ठहर गरेको हो ।

विशेषको फैसलामा समान भूमिकामा रहेका समान जिम्मेवारी लिएका सोहीस्तरका व्यक्तिमाथि कसैउपर मुद्दा चलाउने र कसैउपर नचलाउने निर्णय गरी असमान ढङ्गले आरोपित गरिए त्यो व्यक्ति छानेर गरिएको (चयनात्मक) अभियोजन हुने प्रस्ट पारिएको छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले २०८० असोज १४ गते दायर गरेको रिटमा फैसला गर्दै विशेष अदालतले नेपाली सेनासहित सुरक्षा निकायको घेराभित्र निर्माण गरिएको जलहरीमा कुनै किसिमको अनियमितता हुने अवस्था नदेखिएको प्रस्ट पारेको छ ।



> जलहरी निर्माण गर्दा सुनका ससाना टुक्रा कण जलहरीबाट अलग हुने भएकाले वजन गर्दा केही कमी आउनु स्वाभाविक हुने हुँदा शुद्ध सुन १४९१.७१८ ग्राम फरक परेको भन्ने वादीको दाबीसँग सहमत हुन सकिएन ।

पशुपति क्षेत्र विकास कोषका सदस्यसचिव डा. मिलनकुमार थापासहित तत्कालीन सदस्यसचिव डा. प्रदीप ढकाल, बिसेट नाइके अरुणकुमार श्रेष्ठलाई विपक्षी बनाई मुद्दा दायर भएको थियो । सदस्यसचिव

» बाँकी पृष्ठ २ मा

अर्को वर्षदेखि परीक्षा र रजिस्ट्रेसन शुल्क नलाग्ने

सूर्यप्रसाद पाण्डे
काठमाडौँ, पुस ११ गते

कक्षा ९, १० र ११ मा अध्ययन गर्ने विद्यार्थीले अर्को वर्षदेखि परीक्षा र रजिस्ट्रेसन फारामबापत शुल्क तिर्न नपर्ने भएको छ । राष्ट्रिय परीक्षा बोर्डले गरेको यो निर्णय कार्यान्वयन भएमा हरेक वर्ष सामुदायिक विद्यालयमा अध्ययन गर्ने करिब पाँच लाख विद्यार्थीले परीक्षा फाराम र रजिस्ट्रेसन फारामका लागि शुल्क तिर्नुपर्दैन ।

माघि तहका विद्यार्थीलाई राहत

यी शीर्षकमा शुल्क नलिने निर्णय गरेर बोर्डले कार्यान्वयनका लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयलाई सिफारिस गरेको छ । सरकारी राजस्वसँग सम्बन्धित विषय भएका कारण शुल्क नलिने बोर्डको निर्णयसहितको सिफारिसलाई शिक्षा मन्त्रालयले कार्यान्वयनका लागि अर्थ मन्त्रालयमा पठाउनुपर्ने छ ।

अर्थ मन्त्रालयले आर्थिक वर्षको सुरुवात हुनुअघि संसद्मा प्रस्तुत गर्ने विनियोजन विधेयकबाट यो विषय हटाएपछि मात्रै यो निर्णय पूर्ण कार्यान्वयनमा जाने छ । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले भने विद्यालय तहमा यसै वर्षदेखि परीक्षा र रजिस्ट्रेसन फारामबापत विद्यार्थीबाट लिने शुल्क मिनाहा गर्ने योजना बनाएको थियो ।

तर, चालु आवको विनियोजन विधेयकमा विद्यार्थीबाट लिइने शुल्क र त्यसबाट सङ्कलन हुने राजस्वसम्बन्धी विषय समावेश भएका कारण तत्काललाई शुल्क नलिई परीक्षा फाराम र रजिस्ट्रेसन फाराम भराउने मन्त्रालयको योजना पूरा हुन नसकेको हो । अर्थ मन्त्रालयसँग यस विषयमा छलफल गर्दा शुल्क मिनाहा गर्न नसकिने भएपछि मन्त्रालयले अर्को वर्षदेखि मात्रै शुल्क नलिने गरी निर्णय गर्न राष्ट्रिय परीक्षा बोर्डलाई निर्देशन दिएको थियो ।

बोर्डको अहिलेको निर्णय अनुसार सामुदायिक विद्यालयमा अर्को वर्षदेखि कक्षा ९, १० र ११ मा अध्ययन गर्ने विद्यार्थीले रजिस्ट्रेसन र परीक्षा शुल्कबापत सरकारलाई पैसा तिर्नु पर्दैन । राष्ट्रिय परीक्षा बोर्डका परीक्षा नियन्त्रक (कक्षा १०) नन्दलाल पौडेलका अनुसार हरेक वर्ष कक्षा ९ मा पाँच लाख हाराहारी विद्यार्थीले रजिस्ट्रेसन फाराम भर्ने गर्छन् ।

» बाँकी पृष्ठ २ मा

दराजमै थन्क्याइए 'इनोभेटिभ आइडिया'

नगेन्द्र सापकोटा
काठमाडौँ, पुस ११ गते

सरकारले सार्वजनिक प्रशासनमा नागरिकले अनुभूति गर्ने गरी परिवर्तन ल्याउन निजामती कर्मचारीसँग भएका नवप्रवर्तनशील अवधारणा (इनोभेटिभ आइडिया) लाई कार्यान्वयन गर्ने गरी चार वर्षमा १६ वटा उत्कृष्ट इनोभेटिभ आइडिया सङ्कलन गऱ्यो तर ती आइडिया अहिले दराजमा थन्किएका छन् ।

२०७८ सालदेखि कर्मचारीको अन्तर्निहित प्रतिभालाई प्रस्फुटन गराई नीति तर्जुमा, विकास निर्माण, सुशासन प्रवर्धन र सार्वजनिक सेवा प्रवाहका क्षेत्रमा कार्यान्वयन गर्न इनोभेटिभ आइडिया सङ्कलन गरे पनि ती अवधारणालाई सरकारले हालसम्म कार्यान्वयन गर्न सकेको छैन ।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले विगत चार वर्षदेखि तिनै तहका कर्मचारीमा भएका नयाँ आइडियालाई प्रतिस्पर्धा गराई प्रत्येक वर्ष उत्कृष्ट चार वटा नवप्रवर्तक (आइडियटर) लाई पुरस्कृत गर्दै आएको छ ।

सरकारको नीति तर्जुमा र व्यवहारमा नयाँपन दिनका लागि मन्त्रालयले प्रतिभा डबली सञ्चालन कार्यविधि तयार गरी हरेक वर्ष चार जना कर्मचारीको



आइडिया सङ्कलन गर्दै आए पनि सो आइडिया कार्यान्वयनमा आइनसकेको सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले नै स्वीकार गरेको छ ।

मन्त्रालयका उपसचिव दीपक ढकालले मन्त्रालयले कर्मचारीसँग भएका इनोभेटिभ आइडियालाई सङ्कलन गरे पनि मन्त्रालयको रेकर्डमा नभएको बताउनुभयो ।

कर्मचारीद्वारा प्रतिस्पर्धामार्फत सङ्कलित आइडिया विभिन्न मन्त्रालय र कार्यालयसँग सम्बन्धित भएकाले सम्बन्धित निकायलाई कार्यान्वयनका लागि आग्रह गरे पनि कार्यान्वयन भएको जानकारी मन्त्रालयमा नआएको उहाँले स्पष्ट पार्नुभयो ।

ढकालले भन्नुभयो, "यस वर्षदेखि नयाँ आइडिया सङ्कलन मात्र नगरी पहिला सङ्कलन भएकै इनोभेटिभ आइडियालाई सरकारले व्यवहारमा कार्यान्वयन गर्ने गरी कार्यक्रममा केही परिमार्जन गर्ने तयारीमा मन्त्रालय लागिरहेको छ ।"

> प्रतिभा डबलीमार्फत सङ्कलन गरेको इनोभेटिभ आइडिया सरकारले बजेटमा समावेश गरी आवश्यक स्रोतसाधन र जनशक्तिको समेत व्यवस्था गरी कार्यान्वयन गर्नुपर्ने सुझाव

जग्गाको भौगोलिक सूचना प्रणाली प्रयोग गरी वैज्ञानिक मूल्याङ्कन प्रणाली कायम गर्ने, स्थानीय तहको योजना तर्जुमा प्रक्रियालाई नमुनाका रूपमा प्रयोग गर्ने, सूचना प्रविधिमा आधारित एकीकृत नागरिक बडापत्रसम्बन्धी सोचलाई कार्यान्वयन गर्ने, एकीकृत सरकारी संरचना र सेवा प्रवाह, कार्यालय भवन निर्माण, उत्पादनमा आधारित कृषि उत्पादन प्रणाली, सवारीसाधनको जाम कम गर्नका लागि भेहिकल ट्र्याकिङ विधि, निर्माण कार्यमा बोलपत्रदाताको आर्थिक प्रस्ताव मूल्याङ्कनलगायतका इनोभेटिभ आइडिया सङ्कलन भएको मन्त्रालयले जनाएको छ ।

» बाँकी पृष्ठ २ मा

हाम्रो गौरव, राष्ट्रको पत्रिका

वि.सं. १९५८ देखि
निरन्तर प्रकाशित,
बहुभाषी राष्ट्रिय दैनिक

गोरखापत्र

gorkhapatraonline.com

सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः । सर्वे भद्राणि पश्यन्तु मा कश्चिद दुःखभाग्जनः ।



कोहलपुर संस्करण | विचार | कृषि अनुदानको व्यवस्थापन | स्टार्टअप कर्जाको छनोट प्रक्रिया सुरु १६

वर्ष १२४ | अङ्क २२८ | २०८१ साल पुस १२ गते शुक्रबार | पौष कृष्ण द्वादशी | नेपाल संवत् ११४५ थिंलागा १२ | 2024 December 27 Friday | पृष्ठ : १२+४+२ | मूल्य : दस रुपियाँ

जलवायु परिवर्तनको असर

'न्यूनीकरण गर्न एकजुट होऔं'



तस्बिर : कविन अधिकारी

प्रधानमन्त्री केपी शर्मा ओली (बिचमा) २९ औं विश्व जलवायु सम्मेलन र अन्तर्राष्ट्रिय न्यायालयमा नेपालको सहभागिताको समीक्षा कार्यक्रममा अन्य अतिथिका साथमा ।

> हामीले ग्लोबल वार्मिङका लागि कुनै योगदान गरेका छैनौं तर त्यसको मार खेप्न बाध्य छौं । नबिराएको काममा सजाय भोग्नु परिरहेको छ । नेपाल प्रभावित हुनु हाम्रो मात्र होइन, यो वैश्विक मुद्दा हो ।

गोरखापत्र समाचारदाता
काठमाडौँ, पुस ११ गते

प्रधानमन्त्री केपी शर्मा ओलीले साझा प्रतिबद्धतासहित राष्ट्रिय, अन्तर्राष्ट्रिय क्षेत्रका सबै संस्था र व्यक्तिसमेत एकजुट भएर जलवायु परिवर्तनले निम्त्याएका समस्याको समाधानमा जुट्नुपर्ने बताउनुभएको छ ।

वन तथा वातावरण मन्त्रालयद्वारा बिहीबार काठमाडौँमा आयोजित २९ औं विश्व जलवायु सम्मेलन र अन्तर्राष्ट्रिय न्यायालयमा नेपालको सहभागिताको समीक्षा कार्यक्रमलाई सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले साझा प्रतिबद्धतासहित जलवायु परिवर्तनको असरलाई कम गर्न एकजुट भएर लाग्नुपर्ने बताउनुभएको हो ।

उहाँले भन्नुभयो, "हामीले ग्लोबल वार्मिङका लागि कुनै त्यस्तो योगदान गरेका छैनौं तर त्यसको मार खेप्न बाध्य भएका छौं । नबिराएको काममा सजाय भोग्नु परेको छ । नेपाल प्रभावित हुनु हाम्रो मात्रै होइन, यो वैश्विक मुद्दा हो ।"

जलवायु परिवर्तनको असर कम गर्न हिमालबाट समुद्रतर्फ समस्या समाधानको दृष्टिकोण लागु गर्नुपर्नेमा उहाँले जोड दिनुभयो । प्रधानमन्त्री ओलीले थप्नुभयो, "हिमालय जलवायुको मुद्दा हाम्रो र हिमालको मात्रै होइन, हिमालसँग विश्वको तापमान प्रणाली (वार्मिङ सिस्टम) जोडिएको छ । हावालाई चिसो पार्ने क्षमता हिमालसँग छ । यस क्षमताको ह्रास हुनु जलवायु चुनौती हो । त्यस कारण हामीले हिमालदेखि समुद्रसम्म रक्षाको अवधारणामा जानु पर्छ ।"

विश्वमा चिसोपनाको योगदानमा नेपालका हिमालको योगदान उच्च रहेको औंल्याउँदै उच्च हिमाली भेगमा परेको असरले ध्रुवीय हिमखण्डमा समेत असर पार्ने भन्दै विश्वको ध्यानाकर्षण गराउनुभयो ।

नेपाललाई जलवायु क्षतिपूर्ति दिइनु पर्छ भन्ने कुरा आफूले संयुक्त राष्ट्रसङ्घको ७९ औं महासभामा पनि राखेको स्मरण गराउँदै प्रधानमन्त्री ओलीले यस धर्तीको वातावरण रक्षाका लागि नेपालले हिमालको १७ प्रतिशत भूभाग संरक्षित गरेको जनाउनुभयो । कोप-२९ को समीक्षासहित अहिलेदेखि नै कोप-३० को तयारी थाल्न पनि प्रधानमन्त्री ओलीले आग्रह गर्नुभयो । उहाँले त्यहाँ पुग्दा तर्कसहित निर्णय गराउन सक्ने क्षमता विकास गर्न निर्देशन दिनुभयो ।

उहाँले जमिन सुक्खा हुँदै जाँदा कृषि क्षेत्रलाई प्रतिकूल असर पार्ने भएकाले वनजङ्गलमा डढेलो लाग्न नदिन जागरण फैलाउन पनि वन मन्त्रालय र सञ्चार मन्त्रालयलाई निर्देशन दिनुभयो ।

जलवायु न्यायका निम्ति सशक्त बनौं

सोही कार्यक्रममा बोल्दै परराष्ट्रमन्त्री डा. आरजु राणाले नेपालले जलवायु न्याय, जलवायु वित्त र क्षतिपूर्तिको आवाजलाई विश्वस्तरमा नै अझ सशक्त रूपमा उठाउनुपर्ने बताउनुभयो । नगन्य

» बाँकी पृष्ठ २ मा

सम्प्रभुतामा प्रश्न उठ्ने गरी सम्झौता भएको छैन



सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङ

> सम्पत्ति शुद्धीकरण निवारण ऐनबमोजिम मानव तस्करी, हुन्डी, भर्चुअल मुद्रा प्रयोग, अनुचित लेनदेन, खेलमा मिलोमतो तथा अनियमितता र अनुमतिपत्र नलिई क्यासिनो सञ्चालनलाई सम्बद्ध कसुर तोक्नेसमेत निर्णय

गोरखापत्र समाचारदाता
काठमाडौँ, पुस ११ गते

सरकारको प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले लिपुलेकको सम्बन्धमा भारत र चीनबिच हालै भएको सहमति नेपालको सम्प्रभुता र नक्सामाथि प्रभाव पार्ने किसिमको नभएको बताउनुभएको छ ।

मन्त्रालयमा बिहीबार पुस ९ गतेको मन्त्रीपरिषद् बैठकका निर्णय सार्वजनिक गर्ने क्रममा उहाँले यस्तो बताउनुभएको हो । नेपालको नक्सामा अङ्कित लिपुलेकबारे हालै भारत र चीनबिच भएको सहमतिको सम्बन्धमा सरकारको धारणा के छ भन्ने सञ्चारकर्मीको जिज्ञासामा मन्त्री गुरुङले दुई मुलुकबिच भएको सहमति पहिलेदेखि नै उनीहरूको प्राविधिक कुरा हो भन्नुभयो । उहाँले भन्नुभयो, "यो सहमतिबारे मन्त्रीपरिषद् बैठकमा लामो छलफल भई निष्कर्ष के निस्केको छ कि नेपालले चिन्ता लिनुपर्ने ढङ्गले, हाम्रो सम्प्रभुतामाथि प्रश्न उठ्ने ढङ्गले दुई मुलुकबिच सम्झौता भएको होइन । त्यही भएर नेपालले चिन्ता नलिनुपर्ने छलफलबाट निष्कर्ष निकालेको हो ।"

सिफारिस समिति गठन गर्ने निर्णय

सरकारले नेपाल बिमा प्राधिकरणका अध्यक्ष नियुक्त गर्ने प्रयोजनका लागि नाम सिफारिस गर्न सिफारिस समिति गठन गर्ने निर्णय गरेको छ । राष्ट्रिय योजना आयोगका सम्बन्धित क्षेत्र हेर्ने सदस्यको संयोजकत्वमा सिफारिस समिति गठन गर्ने निर्णय गरेको हो । समितिको सदस्यमा अर्थ मन्त्रालयका सचिव र ज्योतिचन्द्र ओझा रहनुभएको जनाइएको छ । मन्त्री गुरुङले मन्त्रीपरिषद्को बैठकका निर्णय सार्वजनिक गर्दै सो जानकारी गराउनुभयो ।

त्यसै गरी मन्त्रीपरिषद् बैठकले सहकारीसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेश जारी गर्न राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष सिफारिस गर्ने निर्णय गरेको छ । नेपाल इन्जिनियरिङ सेवा समूहीकरणतर्फको राजपत्राङ्कित विशिष्ट श्रेणीको रिक्त पदमा सहसचिव मधुप्रसाद भेटुवाललाई बढुवा गरी जल तथा ऊर्जा आयोगको सचिवालयको सचिव पदमा पदस्थापन गर्ने निर्णय बैठकले गरेको हो ।

सम्पत्ति शुद्धीकरण निवारण ऐनबमोजिम मानव तस्करी, हुन्डी, भर्चुअल मुद्रा प्रयोग, अनुचित लेनदेन, खेलमा मिलोमतो तथा अनियमितता र अनुमतिपत्र नलिई क्यासिनो सञ्चालनलाई सम्बद्ध कसुर तोक्नेसमेत निर्णय गरिएको मन्त्री गुरुङले जानकारी दिनुभयो । बैठकले पूर्वविशिष्ट पदाधिकारीको सुविधासम्बन्धी व्यवस्था गर्न बनेको विधेयक तर्जुमा गर्न सैद्धान्तिक सहमति दिने निर्णय गरेको छ ।

सवारी तथा यातायात व्यवस्था (१० औं संशोधन) नियमावली, २०८१ स्वीकृत गर्ने, रेल सञ्चालन तथा मर्मतसम्भारका लागि तालिम प्राप्त जनशक्ति, मर्मतसम्भारको कार्य र सोका लागि आवश्यक उपकरण एवं मालसमान खरिद गर्न सार्वजनिक खरिद ऐन, २०६४ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम 'सरकार तथा सरकार' (जिटुजी) विधिबाट खरिद गर्न सैद्धान्तिक सहमति प्रदान गर्ने निर्णय गरेको हो ।

प्रवक्ता गुरुङका अनुसार बैठकले भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय वा अन्तर्गतका निकायको स्वीकृत दरबन्दीबाटै जनशक्ति व्यवस्थापन गर्ने गरी पर्साको पोखरिया, जुम्लाको सिँजा तथा नराकोट र कपिलवस्तुको बोडगाउँमा मालपोत तथा नापी कार्यालय स्थापना गरी सेवा सञ्चालन गर्ने निर्णय गरेको छ ।

बैठकले नवलपरासी (बर्दघाट सुस्तापूर्व) स्थित नेपाल सरकारको नाममा दर्ता स्रेस्ता कायम रहेको कावासोती नगरपालिका-३ को किता नं. १ र किता नं. २ को सरकारी जग्गामा रहेका विभिन्न प्रजातिका ६४२ वटा रुख/पोल हटाउन स्वीकृति दिने निर्णय गरेको हो ।

शिक्षक सेवा आयोगको एक जना महिलासहित दुई जना सदस्यको नियुक्तिका लागि सिफारिस गर्न लोक सेवा आयोगको अध्यक्षको अध्यक्षतामा त्रिभुवन विश्वविद्यालयका उपकुलपति र मन्त्रालयका सचिव सदस्य रहेको सिफारिस समिति गठन गर्ने निर्णय बैठकले गरेको मन्त्री गुरुङले जानकारी दिनुभयो ।

भारतका पूर्वप्रधानमन्त्री डा. सिंहको निधन



गोरखापत्र समाचारदाता
काठमाडौँ, पुस ११ गते

भारतका पूर्वप्रधानमन्त्री डा. मनमोहन सिंहको ९२ वर्षको उमेरमा निधन भएको छ । बिहीबार साँझ बेहोस भएपछि दिल्लीस्थित एम्स अस्पतालमा भर्ना हुनुभएका डा. सिंहको स्थानीय समय अनुसार राति ९ बजेर ५१ मिनेटमा निधन भएको अस्पतालले मेडिकल बुलेटिन जारी गरी सिंहको निधन भएको पुष्टि गरेको छ ।

सन् १९३२ सेप्टेम्बर २६ मा पन्जाब प्रान्तको एक गाउँमा जन्मनुभएका डा. सिंह कांग्रेस आईबाट सन् २००४ देखि २०१४ सम्म दुई कार्यकालका लागि लगातार भारतको प्रधानमन्त्री बन्नुभएको थियो । उहाँ भारतको अर्थ सुधारक वित्तमन्त्रीका रूपमा समेत चिनिनुहुन्थ्यो ।

पशुपति जलहरीका विषयमा फैसलाको पूर्णपाठ

अनियमितता पुष्टि भएन

अशोक अधिकारी
काठमाडौँ, पुस ११ गते

विशेष अदालतले पशुपतिनाथ मन्दिरको गर्भगृहमा सुनको जलहरी राख्ने कार्यमा बदनियत राखेर सुन हिनामिना गरेको भन्ने कुनै पनि वस्तु, तथ्य र प्रमाणबाट पुष्टि नहुने फैसला गरेको छ ।

विशेष अदालतका अध्यक्ष एवं न्यायाधीश टेकनारायण कुँवर र न्यायाधीश मुरारीबाबु श्रेष्ठको इजलासले वैशाख १८ गते गरेको फैसलाको पूर्णपाठमा सुनको जलहरी निर्माण गर्दा कुनै किसिमको भ्रष्टाचार नभएको ठहर गरेको हो ।

विशेषको फैसलामा समान भूमिकामा रहेका समान जिम्मेवारी लिएका सोहीस्तरका व्यक्तिमाथि कसैउपर मुद्दा चलाउने र कसैउपर नचलाउने निर्णय गरी असमान ढङ्गले आरोपित गरिए त्यो व्यक्ति छानेर गरिएको (चयनात्मक) अभियोजन हुने प्रस्ट पारिएको छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले २०८० असोज १४ गते दायर गरेको रिटमा फैसला गर्दै विशेष अदालतले नेपाली सेनासहित सुरक्षा निकायको घेराभित्र निर्माण गरिएको जलहरीमा कुनै किसिमको अनियमितता हुने अवस्था नदेखिएको प्रस्ट पारेको छ ।



> जलहरी निर्माण गर्दा सुनका ससाना टुक्रा कण जलहरीबाट अलग हुने भएकाले वजन गर्दा केही कमी आउनु स्वाभाविक हुने हुँदा शुद्ध सुन १४९१.७१८ ग्राम फरक परेको भन्ने वादीको दाबीसँग सहमत हुन सकिएन ।

पशुपति क्षेत्र विकास कोषका सदस्यसचिव डा. मिलनकुमार थापासहित तत्कालीन सदस्यसचिव डा. प्रदीप ढकाल, बिसेट नाइके अरुणकुमार श्रेष्ठलाई विपक्षी बनाई मुद्दा दायर भएको थियो । सदस्यसचिव

» बाँकी पृष्ठ २ मा

अर्को वर्षदेखि परीक्षा र रजिस्ट्रेसन शुल्क नलाग्ने

सूर्यप्रसाद पाण्डे
काठमाडौँ, पुस ११ गते

कक्षा ९, १० र ११ मा अध्ययन गर्ने विद्यार्थीले अर्को वर्षदेखि परीक्षा र रजिस्ट्रेसन फारामबापत शुल्क तिर्न नपर्ने भएको छ । राष्ट्रिय परीक्षा बोर्डले गरेको यो निर्णय कार्यान्वयन भएमा हरेक वर्ष सामुदायिक विद्यालयमा अध्ययन गर्ने करिब पाँच लाख विद्यार्थीले परीक्षा फाराम र रजिस्ट्रेसन फारामका लागि शुल्क तिर्नुपर्दैन ।

माघि तहका विद्यार्थीलाई राहत

यी शीर्षकमा शुल्क नलिने निर्णय गरेर बोर्डले कार्यान्वयनका लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयलाई सिफारिस गरेको छ । सरकारी राजस्वसँग सम्बन्धित विषय भएका कारण शुल्क नलिने बोर्डको निर्णयसहितको सिफारिसलाई शिक्षा मन्त्रालयले कार्यान्वयनका लागि अर्थ मन्त्रालयमा पठाउनुपर्ने छ ।

अर्थ मन्त्रालयले आर्थिक वर्षको सुरुवात हुनुअघि संसद्मा प्रस्तुत गर्ने विनियोजन विधेयकबाट यो विषय हटाएपछि मात्रै यो निर्णय पूर्ण कार्यान्वयनमा जाने छ । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले भने विद्यालय तहमा यसै वर्षदेखि परीक्षा र रजिस्ट्रेसन फारामबापत विद्यार्थीबाट लिने शुल्क मिनाहा गर्ने योजना बनाएको थियो ।

तर, चालु आवको विनियोजन विधेयकमा विद्यार्थीबाट लिइने शुल्क र त्यसबाट सङ्कलन हुने राजस्वसम्बन्धी विषय समावेश भएका कारण तत्काललाई शुल्क नलिई परीक्षा फाराम र रजिस्ट्रेसन फाराम भराउने मन्त्रालयको योजना पूरा हुन नसकेको हो । अर्थ मन्त्रालयसँग यस विषयमा छलफल गर्दा शुल्क मिनाहा गर्न नसकिने भएपछि मन्त्रालयले अर्को वर्षदेखि मात्रै शुल्क नलिने गरी निर्णय गर्न राष्ट्रिय परीक्षा बोर्डलाई निर्देशन दिएको थियो ।

बोर्डको अहिलेको निर्णय अनुसार सामुदायिक विद्यालयमा अर्को वर्षदेखि कक्षा ९, १० र ११ मा अध्ययन गर्ने विद्यार्थीले रजिस्ट्रेसन र परीक्षा शुल्कबापत सरकारलाई पैसा तिर्नु पर्दैन । राष्ट्रिय परीक्षा बोर्डका परीक्षा नियन्त्रक (कक्षा १०) नन्दलाल पौडेलका अनुसार हरेक वर्ष कक्षा ९ मा पाँच लाख हाराहारी विद्यार्थीले रजिस्ट्रेसन फाराम भर्ने गर्छन् ।

» बाँकी पृष्ठ २ मा

दराजमै थन्क्याइए 'इनोभेटिभ आइडिया'

नगेन्द्र सापकोटा
काठमाडौँ, पुस ११ गते

सरकारले सार्वजनिक प्रशासनमा नागरिकले अनुभूति गर्ने गरी परिवर्तन ल्याउन निजामती कर्मचारीसँग भएका नवप्रवर्तनशील अवधारणा (इनोभेटिभ आइडिया) लाई कार्यान्वयन गर्ने गरी चार वर्षमा १६ वटा उत्कृष्ट इनोभेटिभ आइडिया सङ्कलन गऱ्यो तर ती आइडिया अहिले दराजमा थन्किएका छन् ।

२०७८ सालदेखि कर्मचारीको अन्तर्निहित प्रतिभालाई प्रस्फुटन गराई नीति तर्जुमा, विकास निर्माण, सुशासन प्रवर्धन र सार्वजनिक सेवा प्रवाहका क्षेत्रमा कार्यान्वयन गर्न इनोभेटिभ आइडिया सङ्कलन गरे पनि ती अवधारणालाई सरकारले हालसम्म कार्यान्वयन गर्न सकेको छैन ।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले विगत चार वर्षदेखि तिनै तहका कर्मचारीमा भएका नयाँ आइडियालाई प्रतिस्पर्धा गराई प्रत्येक वर्ष उत्कृष्ट चार वटा नवप्रवर्तक (आइडियटर) लाई पुरस्कृत गर्दै आएको छ ।

सरकारको नीति तर्जुमा र व्यवहारमा नयाँपन दिनका लागि मन्त्रालयले प्रतिभा डबली सञ्चालन कार्यविधि तयार गरी हरेक वर्ष चार जना कर्मचारीको



आइडिया सङ्कलन गर्दै आए पनि सो आइडिया कार्यान्वयनमा आइनसकेको सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले नै स्वीकार गरेको छ ।

मन्त्रालयका उपसचिव दीपक ढकालले मन्त्रालयले कर्मचारीसँग भएका इनोभेटिभ आइडियालाई सङ्कलन गरे पनि मन्त्रालयको रेकर्डमा नभएको बताउनुभयो ।

कर्मचारीद्वारा प्रतिस्पर्धामार्फत सङ्कलित आइडिया विभिन्न मन्त्रालय र कार्यालयसँग सम्बन्धित भएकाले सम्बन्धित निकायलाई कार्यान्वयनका लागि आग्रह गरे पनि कार्यान्वयन भएको जानकारी मन्त्रालयमा नआएको उहाँले स्पष्ट पार्नुभयो ।

ढकालले भन्नुभयो, "यस वर्षदेखि नयाँ आइडिया सङ्कलन मात्र नगरी पहिला सङ्कलन

> प्रतिभा डबलीमार्फत सङ्कलन गरेको इनोभेटिभ आइडिया सरकारले बजेटमा समावेश गरी आवश्यक स्रोतसाधन र जनशक्तिको समेत व्यवस्था गरी कार्यान्वयन गर्नुपर्ने सुझाव

भएकै इनोभेटिभ आइडियालाई सरकारले व्यवहारमा कार्यान्वयन गर्ने गरी कार्यक्रममा केही परिमार्जन गर्ने तयारीमा मन्त्रालय लागिरहेको छ ।"

जग्गाको भौगोलिक सूचना प्रणाली प्रयोग गरी वैज्ञानिक मूल्याङ्कन प्रणाली कायम गर्ने, स्थानीय तहको योजना तर्जुमा प्रक्रियालाई नमुनाका रूपमा प्रयोग गर्ने, सूचना प्रविधिमा आधारित एकीकृत नागरिक बडापत्रसम्बन्धी सोचलाई कार्यान्वयन गर्ने, एकीकृत सरकारी संरचना र सेवा प्रवाह, कार्यालय भवन निर्माण, उत्पादनमा आधारित कृषि उत्पादन प्रणाली, सवारीसाधनको जाम कम गर्नका लागि भेहिकल ट्र्याकिङ विधि, निर्माण कार्यमा बोलपत्रदाताको आर्थिक प्रस्ताव मूल्याङ्कनलगायतका इनोभेटिभ आइडिया सङ्कलन भएको मन्त्रालयले जनाएको छ ।

» बाँकी पृष्ठ २ मा